*"हरित, संगमस्थल हाम्रो शहर: सुन्दर, समृद्ध कोहलपुर नगर"*

# प्रथम आवधिक विकास योजना

## (आ.व.२०७७/०७८ – २०८१/०८२)




**कोहलपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**प्रदेश नं. ५, बाँके, कोहलपुर**

**२०७७**

# कोहलपुर नगरपालिका

## आवधिक योजनाको सारंस

| | |
|---|---|
| सोच | आवासीय, व्यावसायिक, भौगोलिक संगमको सरोवरः हरित, सुन्दर, समृद्ध कोहलपुर नगर |
| लक्ष्य | नेपालको एक योजनाबद्ध र सुव्यवस्थित आवासीय, व्यावसायिक, शैक्षिक र भौगोलिक संगमस्थल शहरको रुपमा स्थापित हुने |
| उदेश्यहरु | १. नगरको आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्नु<br>२. स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु<br>३. बसोबास, व्यावसाय, बजार, शहरी सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउनु<br>४. हरियाली, जैविक विविधता, जमीन र जलश्रोतको समोचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद उत्थानशिलता सुनिश्चित गर्नु<br>५. नगरपालिकाको सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु |
| समष्टिगत रणनीति | कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने<br>उद्योग, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा अन्य व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने<br>जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा सरसफाई, खानेपानी सुविधा, सामाजिक सुरक्षा पहुँच र उपयोग सुनिश्चित गर्ने<br>यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने<br>शहरी योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने<br>अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने |
| क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य ….. | **विषय क्षेत्रः आर्थिक विकास**<br>**सोच**<br>⌘ *क्रियाशिल स्थानीय अर्थतन्त्रको निर्माण*<br>**लक्ष्य**<br>⌘ *नगरको आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्ने*<br>**उद्देश्यहरु**<br>*कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरण विकास गर्नु*<br>*खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु,*<br>*पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरण विकास गर्नु,*<br>*स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पूर्वाधार, सेवा सुविधा विकास तथा प्रवर्धन र पर्यटकीय आवागमनमा बृद्धि गर्नु,*<br>*उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि गर्नु,*<br>*श्रम तथा रोजगारमूलक आयोजना र कार्यक्रम विकास, विस्तर र प्रवर्धन गर्नु,*<br>*वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि गर्नु ।* |

| | |
|---|---|
| क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य | **विषय क्षेत्र: सामाजिक विकास**<br>सोच<br>⌘ *स्वस्थ्य, शिक्षित, समावेशी, सुसँस्कृत र सभ्य समाजको सिर्जना*<br>लक्ष्य<br>⌘ *स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्ने*<br>उद्देश्यहरु<br>• *नगरलाई गुणस्तरीय र जीवनपयोगी विद्यालय, प्राविधिक एवं उच्च शिक्षाको केन्द्रको रुपमा विकास गर्नु*<br>• *सबै प्रकारको स्वास्थ्य सेवा तथा पोषण सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु*<br>• *स्वच्छ खानेपानीको सुविधा, स्वच्छता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु*<br>• *विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका तथा पछाडि परेका वर्गको सक्षमता र संलग्नता र आत्मविश्वासमा अभिबृद्धी गर्नु*<br>• *युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता, कार्यकुशलता र क्रियाशिलतमा अभिबृद्धि गर्नु*<br>• *स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्नु ।*<br>**विषय क्षेत्र: पूवार्धार विकास**<br>सोच<br>⌘ *योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री पूर्वाधारयुक्त व्यवस्थित शहरको निर्माण*<br>लक्ष्य<br>⌘ *बसोबास, व्यावसाय, बजार, शहरी सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने*<br>उद्देश्यहरु<br>• *वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि गर्नु,*<br>• *सुदृढ यातायात, बजार तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्नु,*<br>• *विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु र*<br>• *सूचना तथा संचार प्रविधिको उपलब्धता, गुणस्तर र उपयोगमा अभिबृद्धि गर्नु ।*<br>**विषय क्षेत्र: वातावरण तथा विपद व्यवस्थापन**<br>सोच<br>⌘ *प्राकृतिक स्रोतले सुसम्पन्न र वातावरणीय रुपले सन्तुलित, हरियाली, स्वच्छ वातावरणले युक्त रमणीय नगरको स्थापना*<br>लक्ष्य<br>⌘ *हरियाली, जैविक विविधता, जमीन र जलश्रोतको समोचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद उत्थानशिलता सुनिश्चित गर्ने*<br>उद्देश्यहरु<br>• *वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोग वृद्दी गर्नु,*<br>• *जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु,*<br>• *पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु,* |

- *विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता बृद्धि गर्नु,*

**विषय क्षेत्रः सुशासन तथा संस्थागत विकास**

**सोच**

⌘ सक्षम, जनमुखी, पारदर्शी र जवाफदेही नगर सरकारको स्थापना

**लक्ष्य**

⌘ नगरपालिकाको सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु

**उद्देश्यहरु**

- *शहरी शासन तथा विकास नीति, कार्य संचालन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,*
- *संगठन क्षमता, मानव संशाधन, सेवा व्यवस्थापन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,*
- *आन्तरिक र वाह्य श्रोत परिचालनमा बृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु,*
- *शहरी योजना तथा विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु ।*

**आवश्यक श्रोत अनुमान**

| विषय क्षेत्र | अनुमानित रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | १२०२००० | १८.८७ |
| सामाजिक विकास | १०४८८०० | १६.४६ |
| पूर्वाधार विकास | ३४८७५०० | ५४.७४ |
| वातावरण र विपद व्यवस्थापन | ४०४७०० | ६.३५ |
| सुशासन तथा संस्थागत विकास | २२८००० | ३.५८ |
| कूल जम्मा | ६३७१००० | १००.०० |

# विषयसूची

आवधिक योजनाको सारंस ..... २
विषयसूची ..... ५
परिच्छेद एक ..... ९
परिचय ..... ९
१.१ पृष्ठभूमि ..... ९
१.२ आवधिक विकास योजनाको उद्देश्य ..... १०
१.३ आवधिक विकास योजना तर्जुमाका आधारहरू ..... ११
१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया ..... ११
१.५ सीमा ..... १४
परिच्छेद दुई ..... १६
नगरपालिकाको भौतिक, आर्थिक तथा सामाजिक स्थितिको संक्षिप्त समीक्षा ..... १६
२.१ भौगोलिक, राजनीतिक र प्राकृतिक अवस्था ..... १६
२.१.१ भौगोलिक अवस्था ..... १६
२.१.२ राजनीतिक तथा प्रशासनिक अवस्था ..... १६
२.१.३ प्राकृतिक, साँस्कृतिक, पर्यटकीय स्थलहरू ..... १६
२.२ जनसांख्यिक अवस्था ..... १७
२.२ आर्थिक विकास ..... १७
२.२.१ कृषि तथा खाद्य सुरक्षा ..... १७
२.२.२ उद्योग व्यापार र व्यवसाय ..... १८
२.२.३ आम्दानी तथा रोजगार ..... १८
२.३ सामाजिक विकास स्थिति ..... १८
२.३.१ जनस्वास्थ्य तथा पोषण ..... १८
२.३.२ शैक्षिक अवस्था ..... १८
२.३.३ खानेपानी तथा सरसफाई ..... १९
२.३.४ महिला, बालबालिका, ज्येष्ठ नागरिक र लक्षित वर्ग ..... १९
२.३.५ युवा तथा खेलकुद ..... १९
२.४ शहरी विकास तथा पूर्वाधार ..... २०
२.४.१ सडक तथा यातयात ..... २०
२.४.२ आवास, वस्ती विकास तथा भवन तथा सार्वजनिक पूर्वाधार ..... २०
२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ..... २०
२.४.४ सूचना, संचार तथा प्रविधि ..... २१
२.५ वन, वातावरण तथा विपद व्यवस्थापन ..... २१
२.५.१ वन तथा जैविक विविधता ..... २१
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..... २१
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ..... २१
२.५.४ कोभिड १९ तथा विपद व्यवस्थापन ..... २२
२.६ सुशासन तथा संस्थागत व्यवस्था ..... २२
२.६.१ संगठनात्मक विकास ..... २२
२.६.२ श्रोत परिचालन ..... २३

२.६.३ स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था ........ २३
२.६.४ योजना व्यवस्थापन ........ २३
परिच्छेद तीन ........ २४
नगर विकासको दीर्घकालिन सोच तथा अवधारणा ........ २४
३.१ नगर विकासको प्रमुख संभावना तथा अवसरहरू ........ २४
३.२ नगर विकासका प्रमुख समस्या तथा चुनौतिहरू ........ २४
३.३ नगर विकासको दीघकालिन सोच तथा निर्देशक सिद्धान्त ........ २५
३.४ लक्ष्य तथा उद्धेश्य ........ २७
३.५ प्राथमिकता तथा रणनीति ........ २८
३.६ नतिजा तालिका ........ २८
परिच्छेद ४ ........ ३९
आर्थिक विकास योजना ........ ३९
४.१ पृष्ठभूमि ........ ३९
४.१.१ कृषि विकास ........ ३९
४.१.२ सिंचाई ........ ४०
४.१.३ पशु विकास ........ ४१
४.१.४ पर्यटन तथा संस्कृति ........ ४२
४.१.५ उद्योग, व्यापार तथा व्यवसाय ........ ४२
४.१.६ श्रम तथा रोजगार ........ ४३
४.१.७ सहकारी तथा वित्तीय सेवा ........ ४३
४.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ ४४
४.२.१ सोच ........ ४४
४.२.२ लक्ष्य ........ ४४
४.२.३ उद्देश्य ........ ४४
४.२.४ रणनीति तथा कार्यनीति ........ ४४
४.२.५ कार्यक्रम तथा योजना (कार्यान्वियन योजना) ........ ५५
परिच्छेद ५ ........ ५९
सामाजिक विकास योजना ........ ५९
५.१ पृष्ठभूमि ........ ५९
५.१.१ शिक्षा तथा सीप विकास ........ ५९
५.१.२ स्वास्थ्य तथा पोषण ........ ६०
५.१.३ खानेपानी तथा सरसफाई ........ ६१
५.१.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण ........ ६२
५.१.५ युवा तथा खेलकुद ........ ६३
५.१.६ कला,संस्कृति, भाषा तथा साहित्य ........ ६३
५.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ ६४
५.२.१ सोच ........ ६४
५.२.२ लक्ष्य ........ ६४
५.२.३ उद्देश्य ........ ६४
५.२.४ रणनीति तथा कार्यनीति ........ ६५

५.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना) ........ ७१
परिच्छेद ६........ ७७
भौतिक विकास योजना........ ७७
६.१ पष्ठभूमि ........ ७७
६.१.१ आवास, भवन, वस्ती तथा शहरी विकास........ ७७
६.१.२ सडक, पुल तथा यातायात ........ ७८
६.१.३ विद्युत तथा वैकल्पिक उर्जा ........ ७९
६.१.४ सूचना, संचार र प्रविधि........ ८०
६.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ ८१
६.२.१ सोच ........ ८१
६.२.२ लक्ष्य........ ८१
६.२.३ उद्देश्य ........ ८१
६.२.४ रणनीति तथा कार्यनीति........ ८१
६.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना) ........ ८४
परिच्छेद ७........ ८७
वन, वातावरण तथा विपद व्यवस्थापन योजना........ ८७
७.१ पृष्ठभूमि ........ ८७
७.१.१ वन तथा जैविक विविधता ........ ८८
७.१.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन ........ ८९
७.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन........ ८९
७.१.४ कोभिड १९ तथा विपद व्यवस्थापन........ ९१
७.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम........ ९२
७.२.१ सोच........ ९२
७.२.२ लक्ष्य ........ ९२
७.२.३ उद्देश्य........ ९२
७.२.४ रणनीति तथा कार्यनीति........ ९३
७.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना) ........ ९५
परिच्छेद ८ ........ ९९
संस्थागत विकास तथा सुशासन योजना........ ९९
८.१ पृष्ठभूमि........ ९९
८.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम........ १०२
८.२.१ सोच........ १०२
८.२.१ लक्ष्य........ १०२
८.२.३ उद्देश्य........ १०२
८.२.४ विषयगत रणनीति तथा कार्यनीति........ १०२
८.२.५ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वियन योजना योजना)........ १०६
परिच्छेद ९........ ११२
कार्यान्वियन व्यवस्था........ ११२
९.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना........ ११२
९.२ स्रोत अनुमान तथा प्रक्षेपण ........ ११३

९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ ११४
९.४ श्रोत परिचालन रणनीति ........ ११६
९.५ आवधिक विकास योजना कार्यान्वयन ........ ११६
अनुसूचीहरू ........ ११८
अनुसूची १: राष्ट्रिय जनगणना २०६८ र पारिवारिक सवेक्षण २०७३ घरधुरी र आगामी ५ बर्षको प्रक्षेपित घरपरिवार ........ ११८
अनुसूची २: आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण विवरण ........ ११९
अनुसूची ३: सामजिक विकास क्षेत्रको स्थिति विश्लेषण विवरण ........ १२४
अनसूची ४: पूर्वाधार विकास क्षेत्रको स्थिति विश्लेषण विवरण ........ १२९
अनुसूची ५: वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको स्थिति विश्लेषण विवरण ........ १३२
अनुसूची ६: संस्थागत विकास तथा सुशासन क्षेत्रको स्थिति विश्लेषण विवरण ........ १३६
अनुसूची ७: वडागत वस्ती र डुवान तथा कटानको जोखिम रहेका वस्ती विवरण ........ १३९
अनुसूची ८: प्रति एकाई लागत अनुमान ........ १४०
अनुसूची ९: सन्दर्भ सामग्रीहरू ........ १४३

परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान जारी भएसँगै नेपाल एकल शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा रुपान्तरण भएको छ। संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, बार्षिक बजेट बनाउने, सोको कार्यान्वयन र नतिजा मापन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १) । यसैगरी संविधानले प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा ३) । सङ्घीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा लिइएको हुन्छ। तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको बढी नै अपेक्षा हुने गर्दछ। नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सक्षम, सबल र नागरिकप्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ । यसका लागि स्थानीय सरकारका रुपमा गाउँपालिका तथा नगरपालिकाले स्थानीय धरातलिय परिवेश, विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी स्थानीय नीति, योजना तथा बजेट तर्जुमा गर्नु आवश्यक रहेको छ।

यसका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ लगायत आर्थिक संकेत, वर्गीकरण र व्याख्या जस्ता नीतिगत तथा कानूनी व्यवस्था समेत गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको छ।

यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत ऐनले स्पष्ट गरेको छ। यसका अतिरिक्त ऐनले योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ। सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तरमा दीगो सुधार, रोजगारीका अवसरमा वृद्धी समेत आर्थिक सामाजिक पुनर्लाभ, जनसहभागिता प्रवर्धन, समावेशी, दीगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ।

नेपालको संविधान र प्रचलित कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमा आवश्यक रहेको छ। स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकार क्षेत्रलाई मनन् गरी संविधान एवं कानून बमोजिम स्थानीय सरकारको रुपमा स्थापित यस कोहलपुर नगरपालिकाले पहिलो प्रयासको रुपमा प्रथम आवधिक विकास योजना (२०७७/०७८-२०८१/८२) तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको छ।

यस आवधिक विकास योजनामा नगरपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने निर्देशक सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र प्रस्तुत गरिएको छ । यस योजनाले निर्धारित अवधिका लागि आफुले चाहेको विकास गन्तव्यतर्फ नगरपालिकालाई डोहोऱ्याउने अपेक्षा गरिएको छ ।

नगरपालिकाको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्र गुरुयोजना, आवधिक तथा बार्षिक योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरुको प्रभाव लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्शा सहित वस्तुस्थिति विवरण (स्थिति पत्र) लाई योजनाको आधार दस्तावेजको रुपमा लिइएको छ । नगर विकासको स्थिति पत्रको आधारमा विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम नगर सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालय तथा विषयगत क्षेत्रका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, नागरिक समाज, लक्षित वर्ग तथा सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यस आवधिक विकास योजना तर्जुमा प्रक्रिया तथा नतिजामा दीगो विकासका लक्ष्यलाई स्थानीय परिवेश अनुसार एकीकृत गर्नुका साथै कोभिड १९ को अवस्था र सो पछिको सामाजिक आर्थिक पुनर्लाभका विषयहरुलाई समेत समावेश गर्ने प्रयास गरिएको छ ।

यस प्रथम आवधिक विकास योजना तर्जुमा प्रक्रियामा जनसंख्या, आर्थिक बृद्धिदर, सेवा तथा सुविधाको माग समेत विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी नगरपालिकाको समष्टिगत विकासको लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ । यस योजनाले नगरपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार तय गरेको छ । यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र सोको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गर्ने समेत प्रतिवद्धता गरिएको छ ।

## १.२ आवधिक विकास योजनाको उद्देश्य

नगरपालिकाको नेतृत्व र विकासको दीर्घकालिन सोच तथा निर्देशक सिद्धान्त अनुसार सरकारी, गैर सरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई नगरको एकीकृत, व्यवस्थित र योजनाबद्ध विकास प्रक्रिया तथा नतिजालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य (लक्ष्य) रहेको छ । यस योजनाको विशिष्ट उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

- नगरपालिकाको एकीकृत, योजनाबद्ध तथा नतिजामूलक विकासका लागि सरकारी, गैर सरकारी, साझेदार तथा सरोकारवालालाई एकथलोमा ल्याई विकास प्रक्रिया र उपलब्धीमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- नगरपालिकाको विकासको संभावना, अवसर, समस्या तथा चूनौति र स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासीको चाहानाअनुसार लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित नगर विकासको प्रारुप तयार गर्ने ।
- नगरपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सोको कार्यान्वयनको लागि कार्यनीति तयार गर्ने ।
- स्थानीय तहको विकास प्रयासहरुको प्रक्रिया र नतिजाको अनुगमन तथा प्रभाव लेखाजोखा खाका तयार गर्ने ।

## १.३ आवधिक विकास योजना तर्जुमाका आधारहरू

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको अधिकार क्षेत्र, नेपाल सरकार एवं प्रदेश सरकारको नीति तथा कानून र स्थानीय नीति तथा कानून बमोजिम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनु पर्दछ । सोही बमोजिम देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई कोहलपुर नगरपालिकाको यस प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ :

- नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड तथा अनुसुची ८ र ९) अनुसार स्थानीय तहको अधिकार विषय क्षेत्रहरु
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून र मापदण्ड (भू-उपयोग र शहरी विकास नीति, कृषि विकास रणनीति, पर्यटन नीति, वन तथा वातावरण नीति तथा ऐन, राष्ट्रिय शिक्षा नीति, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय स्वास्थ्य क्षेत्र नीति, वहुक्षेत्रीय पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदी)
- नेपाल सरकारको दीर्घकालिन सोच तथा पन्धौ राष्ट्रिय योजना, नेपाल सरकार तथा प्रदेश सरकारको मध्यमकालिन खर्च संरचना, बार्षिक बजेट तथा कार्यक्रम (आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८)
- दीगो विकास लक्ष्य (सन् २०७२-२०८७) तथा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु
- नेपाल सरकार र प्रदेश नं. ५ सरकारले अवलम्बन गरेका आर्थिक नीति, सम्बन्धित कानून र घोषणाहरु
- प्रदेश नं. ५ सरकारको प्रथम आवधिक योजना दस्तावेज र स्थिति पत्र
- कोहलपुर नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट (आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८)
- कोहलपुर नगरपालिकाको स्थिति पत्र (प्रोफाइल) २०७४ तथा शैक्षिक झलक २०७६
- नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान, स्थानीय आय (कर, शुल्क र दस्तुर, जनसहभागिता आदी) समेत स्रोत परिचालन विवरण
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदी)

## १.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया

कोहलपुर नगरपालिकाको यस प्रथम आवधिक विकास योजना सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम देहायअनुसार तर्जुमा गरिएको छ :

### *१.४.१ योजना तयारी तथा अभिमुखिकरण*

नगर कार्यपालिकाको आयोजनामा नगर कार्यपालिकाका तथा विषयगत समितिका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवाला बीच आवधिक विकास योजना बारेमा साझा धारणा, बुझाई, योजना तर्जुमा प्रक्रिया, कार्ययोजना तयार गर्न २०७७ साल साउन १० गते एक दिवसीय योजना तयारी कार्याशाला तथा अभिमुखीकरण गोष्ठी आयोजना गरियो । नगर कार्यपालिकाका प्रमुख श्री लुट वहादुर राउतको अध्यक्षतामा संचालन भएको

कार्यशालामा उपप्रमुख, वडा अध्यक्ष समेत कार्यपालिकाका सदस्यहरु, विषयगत समितिका पदाधिकारी, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, कार्यपालिका कार्यालयका कर्मचारी तथा विषयगत शाखाका प्रमुख, वडा सचिव तथा स्थानीय संघ/संस्थाका प्रतिनिधि समेत ६५ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यशालामा आवधिक नगर विकास योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती, छलफल र कार्ययोजना तयार गरिएको थियो ।



*आवधिक योजना तर्जुमा र कार्यान्वयन बारेमा मन्तव्य राख्नु हुँदै नगरपालिकाका प्रमुख लुट वहादुर राउत*

### १.४.२ स्थिति विश्लेषण विवरण र आधार सूचना तयारी

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन, स्थानीय तह सम्बन्धी जानकारी पुस्तिका, कृषि गणना र नगरपालिकाबाट २०७४ सालमा गरिएको घरधुरी सर्वेक्षणलाई प्रमुख आधार मानी नगर स्थिति पत्र (२०७४) विवरण तयार भएको थियो । उक्त स्थिति पत्रमा कार्यापालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्थानीय संघ, संस्था र विषयगत क्षेत्र समूहबाट प्राप्त सूचना, शैक्षिक झलक, २०७६ तथा अन्य द्धितिय स्रोतबाट उपलब्ध सूचना र यस आवधिक योजना तर्जुमा प्रक्रियामा सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतको समावेश गरी आधाररेखा सूचनाको रुपमा तयार गरियो । जसलाई योजनाको आधार दस्तावेजको रुपमा लिइएको छ ।

### १.४.३ दीर्घकालिन सोच निर्धारण तथा स्थिति विश्लेषण कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजनामा २०७७ साल साउन ११ र १२ गते दीर्घकालिन सोच निर्धारण तथा स्थिति विश्लेषण कार्यशाला सम्पन्न गरियो । उक्त कार्यशाला गोष्ठीमा नगर विकासको दीर्घकालिन सोच (Vision), ध्येय (Mission) योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objectives), प्राथमिकता तथा रणनीति (Priorities & Strategies), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौती र अवलम्बन गर्नु पर्ने क्षेत्रगत रणनीति (Sectoral Strategies) तर्जुमा गरियो । गोष्ठीमा कार्यपालिकाका पदाधिकारी, विषयगत योजना समितिका पदाधिकारी, कार्यालय तथा विषयगत शाखाका प्रमुख/कर्मचारी, राजनीतिक दल र अन्य सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



*आवधिक योजनाको दीर्घकालिन सोचको मस्यौदा सार्वजनिक गर्दै नगरपालिकाका प्रमुख श्री लुट वहादुर राउत*

### १.४.४ योजना तर्जुमा कार्यशाला गोष्ठी

कार्यपालिकाको नेतृत्व तथा विषयगत योजना तर्जुमा समितिहरुको संयोजनमा २०७७ साल .... र ... गते आवधिक नगर विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो । गोष्ठीबाट दीर्घकालिन सोच, स्थिति विश्लेषण विवरण, आधाररेखा सूचनाको आधारमा योजनाको नतिजा, कार्यान्वयन योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य र सो हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो । यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा योजनाको अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण समेत अन्य विभिन्न स्रोतबाट आगामी ५ बर्षमा उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरियो ।



योजना तर्जुमा कार्यशालामा मन्तव्य प्रस्तुत गर्दै नगरपालिकाका उपप्रमुख सुश्री सन्जु चौधरी

मस्तिष्क मन्थन, समूह कार्य, वृहत समूह प्रस्तुती र छलफल आदी जस्ता सहभागितामूलक विधिहरुको प्रयोग गरी कार्यशाला संचालन गरिएको थियो । उक्त कार्यशालामा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, राजनीतकि दलका प्रमुख तथा प्रतिनिधि र कार्यलयका कर्मचारी, विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला गरी ...... जनाको सहभागिता रहेको थियो ।

### १.४.५ योजना दस्तावेज तयारी

स्थिति पत्रमा प्रस्तुत र अन्य स्रोतबाट आधार सूचना, स्थिति विश्लेषणबाट प्राप्त विवरण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त सूचना, विवरण तथा निष्कर्षलाई तर्कबद्ध रुपमा लिपिबद्ध गरी आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । आवधिक योजनालाई नजितामूलक योजना तर्जुमाको खाकामा प्रस्तुत गरिएकोछ ।




योजना दस्तावेजलाई ९ परिच्छेदमा लिपिबद्ध गरिएको छ । जसमा परिचय, नगरको भौतिक, आर्थिक तथा सामाजिक अवस्थाको संक्षिप्त विवरण, नगर विकासको अवधारणा तथा प्रारुप, विषयगत क्षेत्र योजना, कार्यान्वयन व्यवस्था रहेका छन् । यस नगरपालिकाको प्रथम आवधिक विकास योजना दस्तावेज तयार गर्दा सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, अन्य नगरपालिका, साविक जिल्ला तथा नगरपालिकाका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाव लिई योजना तर्जुमा प्राविधिक टोलीद्वारा नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका विषय

एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक नगर विकास योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### *१.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला*

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तथा नतिजामूलक योजनाको ढाँचामा तयार योजनाको मस्यौदा दस्तावेजलाई २०७७ साल असोज ...... मस्यौदा प्रस्तुती सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । कार्यशालामा नगर कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, कार्यालय तथा विषयगत शाखाका कर्मचारी, राजनीतिक दल र सरोकारवाला बीचमा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूहमा छलफल र परामर्श गरी आवधिक नगर विकास योजनालाई पूर्णता प्रदान गर्न आवश्यक सुझाव प्राप्त गरियो । यस कार्यशालामा सहभागितामूलक प्रक्रियाबाट नगरपालिकाको दिर्घकालिन सोच (Vision), विकासका निर्देशक सिद्धान्तको रुपमा योजनाको ध्येय (Mission), योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies) लाई अन्तिम स्वरुप प्रदान गरिएको छ ।



*आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति र स्रोतको प्रक्षेपण बारे सहजीकरण गर्दै योजना विज्ञ प्रेमप्रसाद दवाडी*

यस कार्यशालामा आन्तरिक श्रोत राजस्व बाँडफाँड, रोयल्टी र अन्तरसरकारी वित्तीय हस्तान्तरण र क्षेत्रको लगानीको अनुमान र प्रक्षेपण समेत गरियो । वित्तीय लगानी विश्लेषणमा नीजि क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ । साथै कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाँका समेत प्रस्तुत तथा छलफल गरिएको थियो । यस कार्याशाला गोष्ठीमा कार्यापालिकाका पदाधिकारी, विषय गत योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ तथा अगुवा, समाजसेवी बुद्धीजिवि, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधि समेत .... जनाको उपस्थिति रहेको थियो ।

### *१.४.७ योजना अन्तिम दस्तावेज तयारी*

यस मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशालाको निष्कर्ष, कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी कोहलपुर नगरपालिकाको प्रथम आवधिक नगर विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

## १.५ सीमा

नगरपालिकाको स्थिति पत्र र अन्य स्रोतबाट उपलब्ध सूचना तथा विवरणलाई आवधिक विकास योजनामा आधार सूचनाको रुपमा उपयोग गरिएको छ । यसका साथै नगरपालिकाबाट संचालित घरधुरी सर्वेक्षण, आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा गरिएको विषयगत, विषय/वडागत छलफल तथा संस्थागत सूचनालाई योजनाको प्रमुख आधारको रुपमा लिइएको छ । योजना तर्जुमा प्रक्रियामा बिषयगत क्षेत्र तथ्याङ्क तथा उपलब्ध आधार सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशाला प्रक्रियामा सहभागितामूलक

छलफलबाट सहमति भएको सूचनालाई प्रयोग गरिएको छ । यसका साथै नेपाल सरकार र प्रदेश सरकारको प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ । प्रदेश नं. ५ सरकारले पहिलो प्रादेशिक आवधिक योजना तथा नेपाल सरकारको पन्धौ योजना भरखर मात्र तर्जुमा भएको हुँदा साझा अधिकारका विषय क्षेत्रका आयोजना, कार्यक्रम तथा लक्ष्यलाई समेत यस आवधिक योजनामा समेट्न प्रयास भएता पनि पूर्णतामा नभएको हुन सक्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ/संस्था र निजी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ । तर यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा अझै आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट संचालन हुने कार्यक्रम, आयोजना र लगानीलाई पूर्ण रुपमा समायोजन गर्न सकिएको छैन र योजनाको अद्यावधिक तथा मध्यावधी मूल्याङ्कनको क्रममा यसलाई पूर्णता प्रदान गरिनेछ । नेपाल सरकार र प्रदेश नं. ५ सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा सोही अनुसार श्रोत साधनको अनुमान तथा प्रक्षेपण संभाव्य श्रोत आँकलन गरिएको छ । नेपाल सरकार वा प्रदेश सरकार वा अन्य स्थानीय सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संचालन तथा व्यवस्थापन हुने आयोजना तथा कार्यक्रमलाई समावेश गर्ने प्रयास गरिएको भएका पूर्णता प्राप्त गर्न सकेको छैन ।

# परिच्छेद दुई

# नगरपालिकाको भौतिक, आर्थिक तथा सामाजिक स्थितिको संक्षिप्त समीक्षा

## २.१ भौगोलिक, राजनीतिक र प्राकृतिक अवस्था

### २.१.१ भौगोलिक अवस्था

यस नगरपालिका सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको रणनीतिक महत्वको संगमस्थलमा प्रदेश नं. ५ अन्तर्गत बाँके जिल्लामा पर्दछ । जुन आवासीय, व्यापारिक, शैक्षिक र सेवा सुविधाको केन्द्रको रुपमा विकसित बन्दै गईरहेको छ । यस नगरपालिका नेपालको जैविक विविधताको महत्वपूर्ण स्थल बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रसँग जोडिएको र बर्दिया राष्ट्रिय निकुञ्जसँग करिब सटेकोको छ । यस नगरपालिकाको दक्षिणमा पश्चिम नेपालको व्यापारिक नाका तथा केन्द्र नेपालगञ्जसम्म उत्तरमा कर्णाली प्रदेशको सल्यान जिल्लाको चुरे पहाड श्रृंखलासम्म जोडिएको छ । कूल १८४.२६ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगरपालिका करिब उत्तर पूर्व हुँदै दक्षिण फैलिएको छ । विक्रम संबत २०७१ वैशाख २५ गते साविक कोहलपुर र रझेना गाउँ विकास समितिहरु समायोजन भई स्थापना भएको यस कोहलपुर नगरपालिका नेपालको संविधान जारी भए पश्चात राज्य पुनःसंरचना प्रक्रियामा साविक सम्शेरगञ्ज गाउँ विकास समिति समायोजन भएर गठन भएको हो । नेपालको रणनीतिक स्थानमा अवस्थित यस नगरपालिकाले विशिष्ट खालको भौगोलिक, व्यापारिक, साँस्कृतिक र राजनीतिक विशेषता वोकेको छ ।

### २.१.२ राजनीतिक तथा प्रशासनिक अवस्था

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. ५ अन्तर्गत बाँके जिल्लाको उत्तरी भागमा अवस्थित यस नगरपालिकामा जम्मा १५ वटा वडाहरु रहेका छन् । यो नगरपालिका सङ्घीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ ख मा पर्दछ । बाँके जिल्लाको सदरमुकाम तथा व्यापारिक केन्द्र नेपालगञ्जबाट १० कि.मि. उत्तरतर्फ प्रदेश नं. ५ को अस्थायी राजधानी बुटवलबाट २८० कि.मि. पश्चिममा पर्दछ । यस नगरपालिकाको करिब बीच भएर पूर्व-पश्चिम राष्ट्रिय राजमार्ग र उत्तर-दक्षिण भएर कर्णाली प्रदेशको स्थायी राजधानी सुर्खेत जोड्ने रत्न राजमार्ग गएको छ ।

### २.१.३ प्राकृतिक, साँस्कृतिक, पर्यटकीय स्थलहरू

यस नगरको अधिकांश भूभाग समथर रहेको छ भने चुरे पहाड श्रृंखलासँग जोडिएको क्षेत्रको भूभाग केही भिरालो रहेकोछ । यस नगरपालिका क्षेत्रको करिब ६० किलोमिटर क्षेत्रमा डुडुवाखोला, किरणनाला, सानो डुडुवानाला, इटानाला, रोहिणीखोला, रानीघाट लगायतका खोलाहरु बग्ने गर्दछन र भूतैया ताल, जोरत्ते टप्पर जोरत्ते सिमसार क्षेत्र यस नगरपालिकामा रहेका महत्वपूर्ण ताल तथा सिमसार क्षेत्रहरु हुन् ।

गिद्धेनीचौर, मध्यवर्ती क्षेत्र, भ्यूटावर, बन्दा, हात्तीसार, नमूना पिक्निक पार्क जस्ता पर्यटकीय महत्वका ६० भन्दा बढी स्थलहरु रहेका छन् । जसको उचित संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गरी नगरपालिकामा पर्यटन व्यवसायको विकास र विस्तार गर्न सकिने देखिन्छ । कर्णाली प्रदेश तथा प्रदेश नं. ७ को प्रवेशद्धारको रुपमा अवस्थित यस नगर क्षेत्रमा थारु संस्कृति प्रवर्धन तथा होमस्टेको संभावना रहेको छ । यस नगरपालिका क्षेत्रमा कालिका मन्दिर, शीव मन्दिर, मनकामना मन्दिर, शिवालय, राधाकृष्ण मन्दिर, वैष्णोदेवी मन्दिर, जगन्नाथ किरण भवानी, रामजानकी मन्दिर, रानीघाट मन्दिर लगायतका मठमन्दिरहरु रहेका छन् भने विलियर्स चर्च, वेथेल चर्च, गेश्चमी चर्च, जहाँमिया मस्जिद, जहाँमिया काँदरी, वौद्ध स्तुपा लगायतका धार्मिकस्थलहरु रहेका छन् । यहाँका धार्मिक, सास्कृतिक, पर्यटकीय र मनोरमस्थलमा दैनिक ४५० जना भन्दा बढी पर्यटक तथा धर्मालम्बीहरुले भ्रमण गर्ने गर्दछन् ।

## २.२ जनसांख्यिक अवस्था

२०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकामा १५,४८३ घरपरिवार ७०,६४७ जनसंख्या रहेको तथ्याङ्कले देखाएको छ। २०७३ सालमा नगरपालिकाबाट गरिएको घरधुरी सर्वेक्षणमा उक्त घरधुरी तथा जनसंख्या बढेर क्रमशः १७,६८९ र ८७,३०० पुगेको देखिन्छ। २०६८ देखि २०७३ सम्मको ५ बर्ष अबधिको जनसंख्या विश्लेषण गर्दा जनसंख्या बृद्धिदर ३.५३ प्रतिशत रहेको छ। स्थानगत रुपमा जनसंख्याको विश्लेषण गर्दा वडा नं. ११ मा सबैभन्दा बढी (१२,४१९) र वडा नं. ७ मा सबभन्दा कम (२,६४३) रहेको छ। जनसंख्याको वृद्धी दर विश्लेषण गर्दा वडा नं. ३ मा सबभन्दा बढी ८.३९ प्रतिशत र वडा नं. १४ मा सबैभन्दा कम ०.१९ प्रतिशत रहेको छ। नगरपालिकाको आगामी ५ बर्षको जनसंख्याको प्रक्षेपणलाई देहाअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नम्बर | राष्ट्रिय जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०७३ अनुसारको जनसंख्या र ५ बर्षको प्रक्षेपण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०६८ | २०७३ | वृद्धिदर | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
| १ | २९०७ | ३८९९ | ४.८९ | ४०९० | ४२९० | ४४९९ | ४७१९ | ४९५० | ५१९२ | ५४४६ | ५७१२ |
| २ | ८८६३ | ११७४६ | ४.६९ | १२२९७ | १२८७४ | १३४७७ | १४१०९ | १४७७१ | १५४६४ | १६१८९ | १६९४९ |
| ३ | ४०९० | ६७६६ | ८.३९ | ७३३४ | ७९४९ | ८६१६ | ९३३९ | १०१२२ | १०९७२ | ११८९२ | १२८९० |
| ४ | २५३५ | ३१६० | ३.६७ | ३२७६ | ३३९६ | ३५२१ | ३६५० | ३७८४ | ३९२३ | ४०६७ | ४२१६ |
| ५ | ४७९५ | ५३९० | १.९५ | ५४९५ | ५६०२ | ५७१२ | ५८२३ | ५९३६ | ६०५२ | ६१७० | ६२९१ |
| ६ | २९६८ | ३१५२ | १.०० | ३१८४ | ३२१५ | ३२४८ | ३२८० | ३३१३ | ३३४६ | ३३७९ | ३४१३ |
| ७ | २४३४ | २६४३ | १.३७ | २६७९ | २७१६ | २७५३ | २७९१ | २८२९ | २८६८ | २९०७ | २९४७ |
| ८ | ३२७९ | ४४२३ | ४.९९ | ४६४४ | ४८७५ | ५११९ | ५३७४ | ५६४२ | ५९२४ | ६२१९ | ६५३० |
| ९ | २७४७ | ३५१६ | ४.११ | ३६६१ | ३८११ | ३९६८ | ४१३१ | ४३०० | ४४७७ | ४६६१ | ४८५३ |
| १० | ६१४० | ७३७७ | ३.०६ | ७६०३ | ७८३५ | ८०७५ | ८३२२ | ८५७७ | ८८३९ | ९११० | ९३८९ |
| ११ | १०५२७ | १२४१९ | २.७५ | १२७६१ | १३१११ | १३४७२ | १३८४२ | १४२२३ | १४६१४ | १५०१६ | १५४२९ |
| १२ | ६९०४ | ७५५२ | १.५ | ७६६५ | ७७८० | ७८९७ | ८०१५ | ८१३६ | ८२५८ | ८३८२ | ८५०७ |
| १३ | ३९८८ | ६४७७ | ८.०८ | ७००० | ७५६६ | ८१७७ | ८८३८ | ९५५२ | १०३२४ | १११५८ | १२०६० |
| १४ | ३९८७ | ४०३२ | ०.१९ | ४०४० | ४०४७ | ४०५५ | ४०६३ | ४०७० | ४०७८ | ४०८६ | ४०९४ |
| १५ | ४४८३ | ४७४८ | ०.९६ | ४७९४ | ४८४० | ४८८६ | ४९३३ | ४९८० | ५०२८ | ५०७६ | ५१२५ |
| जम्मा | ७०६४७ | ८७३०० | ३.५३ | ९०३८२ | ९३५७२ | ९६८७५ | १००२९५ | १०३८३५ | १०७५०१ | १११२९६ | ११५२२४ |

*स्रोत: जनगणना २०६८ र पारिवारिक सर्वेक्षण २०७३*

राष्ट्रिय जनगणना २०६८ र नगरपालिको घरधुरी सर्वेक्षण २०७३ अनुसारको घरपरिवार संख्या र आगामी ५ बर्षको घरपरिवारको प्रक्षेपण विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## २.२ आर्थिक विकास

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

नगरपालिकाको शहरोन्मुख क्षेत्रमा व्यापार र व्यावसायको विकास र विस्तारमा फड्को मार्दै गरेको भएता पनि यस नगरपालिकाको मुख्य पेशा अझ पनि कृषि नै रहेको छ। नगरपालिकाको मूल क्षेत्र मध्ये ४८ प्रतिशत क्षेत्र कृषिभूमिले ओगटेको छ। यस नगरपालिकामा आफ्नो उत्पादनले ९ देखी १२ महिना खान पुग्ने परिवार १९ प्रतिशत रहेका छन्। व्यापारिक तथा औद्योगिक केन्द्रको रुपमा विकसित हुँद गरेको नगरपालिका भएता पनि अझसम्म पनि नगरबासीको प्रमुख पेशा कृषि नै रहेको छ र आम्दानीको प्रमुख श्रोत पनि कृषिमा आधारित देखिन्छ। यस नगरपालिकामा उन्नत कृषि प्रविधि, सामाग्री र साधनको प्रयोग गर्ने घरपरिवार ६६.५ प्रतिशत रहेका छन् यसबाट यस नगरपालिकामा आधुनिक तथा व्यवसायिाक कृषिको प्रयोग बढ्दै गएको देखिन्छ।

### २.२.२ उद्योग व्यापार र व्यवसाय

नगरपालिका क्षेत्र विशेष गरी मुख्य शहरी क्षेत्रमा ३४ वटा विभिन्न वर्गका बैंक शाखा र ३ वटा विमा कम्पनीको शाखाद्वारा वित्तीय सेवा उपलब्ध भैरहेको छ। यस नगरपालिका क्षेत्रमा कूल ४०६७ वटा साना, मझौला र ठूला उद्योग, व्यापार तथा व्यवसाय संचालनमा रहेको नगरपालिकामा उपलब्ध तथ्याङ्कबाट देखिन्छ। यसबाट प्रति ४ परिवारमा एक उद्योग व्यापार तथा व्यवसाय संचालनमा रहेको देखिन्छ। नगर क्षेत्रमा  ४८ धार्मिक, ४ वटा पर्यटकीय स्थल, २ वटा जैविक विविधता र संरक्षण क्षेत्र रहेको छन्। स्थानीय उत्पादनको सहज खरिद विक्री व्यवस्थापनको लागि यस नगरपालिकाको कोहलपुर –१४, हवल्दारपुर, वडा नं. ११ को कोहलपुर बजार र दश विगाहा क्षेत्रमा हाट बजार संचालन हुने गरेको छ।

### २.२.३ आम्दानी तथा रोजगार

यस नगरपालिका बसोबास गर्ने १५ बर्ष भन्दा माथिको कूल जनसंख्या मध्ये ३० प्रतिशत नोकरी तथा जागिर, १३.२ प्रतिशत उद्योग व्यापार र १३ प्रतिशत कृषि र पशुपालनमा संलग्न रहेको देखिन्छ। यसैगरी करिब ३६ प्रतिशत जनसंख्या ज्याला मजदुरी गर्ने ७.५ प्रतिशत (३,७०६ जना) वैदेशिक रोजगारीमा संलग्न रहेको नगरपालिकाबाट तयार स्थिति पत्रबाट देखिन्छ। यस नगरपालिकामा बार्षिक २ लाख भन्दा बढी आम्दानी हुने परिवार ४६ प्रतिशत रहेका छन् भने ४० हजार भन्दा कम बार्षिक आम्दानी हुने घरपरिवार मात्र ३ प्रतिशत रहेका छन्।

## २.३ सामाजिक विकास स्थिति

### २.३.१ जनस्वास्थ्य तथा पोषण

योजनाबद्ध शहरी विकासमा फड्को मार्दै गरेको यस कोहलपुर नगरपालिकामा ३ वटा स्वास्थ्य चौकी, १ आयुर्वेद औषधालय, १ (नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल), २ वटा नीजि अस्पताल र १ वटा पोलिक्लिनिक समेत ८ वटा स्वास्थ्य संस्थाबाट निशुल्क तथा सशुल्क स्वास्थ्य सेवा उपलब्ध भैरहेको छ। उपरोक्त स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा, सूचना र संचार लगायत जटिल शल्यचिकित्सा जस्ता सघन उपचार सेवा उपलब्ध रहेका छन्। उपरोक्त सार्वजनिक नीजि अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ चिकित्सक समेत ३०१ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन्। जसमध्ये विशेषज्ञ चिकित्सक र चिकित्सकको अनुपात ३६ प्रतिशत रहेको छ। नगरपालिका क्षेत्रमा सेवा प्रदान गर्ने ८ वटा सरकारी तथा सार्जजनिक स्वास्थ्य संस्था/अस्तपालहरुमा कूल ५८२ शैया (वेड) रहेको छ। उक्त स्वास्थ्य संस्थाहरुका २६ वटा भवन रहेका छन्  र नगर क्षेत्रमा ४ वडा एम्बुलेन्स संचालनमा रहेका छन्। यस नगरपालिकाको कूल घरपरिवार मध्ये ९९.६ प्रतिशत परिवार विरामी हुँदा उपचारको लागि अस्पताल वा स्वास्थ्य संस्थामा जाने गरेको देखिन्छ। निमोनिय, झाडापखाला जस्ता सर्ने रोग र मुटु रोग, उच्च रक्तचाप जस्ता नसर्ने रोगबाट गत एक बर्षमा १०४ जनाको मृत्यु भएको देखिन्छ। दीर्घरोगबाट एक बर्षमा मृत्यु हुनेको संख्या ४७ जना रहेका छन्।  यस नगरपालिकामा खोप कभरेजको अवस्था हेर्दा विसिजि, ९९.५, पेण्टाभ्यालेण्ट ९९.५, पोलियो ९९.० र दादुरा १०० प्रतिशत रहेको छ। परिवार नियोजनका साधनको प्रयोग दर ६६ प्रतिशत रहेको छ।

### २.३.२ शैक्षिक अवस्था

शहरोन्मुख यस नगरमा बालविकास केन्द्र, प्ले ग्रुप, आधारभुत तथा माध्यमिक विद्यालय, क्याम्पस, नर्सिंग कलेज समेत सरकारी/सामुदायिक तथा नीजि/संस्थागत गरी १७२ वटा शैक्षिक संस्थाहरु रहेका छन्। यस नगरपालिका क्षेत्र भित्र व्यवस्थापन, शिक्षा, मानविकी गरी ३ वटा स्नातक तहको र २ वटा स्नातकोत्तर तहको अध्यापन हुने कलेज रहेका र उक्त कलेजमा ११०० विद्यार्थीहरु अध्ययन रहेका छन्। साथै एक एमबिबिएस तथा पोष्ट ग्राजुएट तहको अध्यापन गर्ने मेडिकल कलेज तथा शिक्षण अस्पतालमा २०० जना विद्यार्थी अध्ययनरत रहेका छन्। उपरोक्त कलेजमा जम्मा १८४२ जना विद्यार्थी रहेका छन्। नगरपालिकामा २ वटा विद्यालयमा प्राविधिक

धार संचालन रहेको र २ वटा प्राविधिक तथा व्यवसायिक तालिक केन्द्र संचालनमा रहेका छन् । उक्त प्राविधिक विद्यालयमा विभिन्न स्थानका ४२५ विद्यार्थीहरु अध्ययनरत रहेको देखिन्छ । २०७३ सालको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको औषत साक्षरता दर ९० प्रतिशत रहेको छ भने महिला साक्षरता दर ८७.३ प्रतिशत रहेको देखिन्छ । साथै स्नातकोत्तर वा सो भन्दा माथिको शैक्षिक स्तर भएको जनसंख्या ६१८० जना रहेको देखिन्छ ।

यसै गरी नगरपालिकामा ३७ वटा पूर्व प्राथमिक तहको अध्यापन गर्ने बालविकास केन्द्र संचालनमा रहेका छन् र उक्त केन्द्रहरुमा ३ देखी ५ बर्ष उमेर समूहका ८,३७९ बालबालिका अध्ययनरत छन् । नगर क्षेत्रमा ८० वटा सामुदायिक र नीजि आधारभूत तहको विद्यालय संचालन रहेका छन् र उक्त विद्यालयमा ३३,८६८ जना विद्यार्थी अध्ययनरत छन् । नगर क्षेत्रमा ३९ वटा माद्यामिक तहका सार्वजनिक र सामुदायिक विद्यालयहरु संचालनमा रहेका र उक्त विद्यालहरुमा ५२,८७० विद्यार्थीहरु अध्ययनरत देखिन्छन् । दृष्टिविहिनहरुका लागि १ वटा स्रोत कक्षा संचालनमा रहेका र उक्त कक्षामा हाल १९ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यस नगरपालिकामा पिसिएल र विएसी तहको १ वटा नर्सिङ कलेज संचालन रहेको र उक्त कलेजमा १२७ जना विद्यार्थी अध्ययन रहेको देखिन्छ । शैक्षिक संस्थाकै रुपमा १ वटा सामुदायिक पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्र रहेको छ भने १ वटा अपाङ्गता भएका शिशु दिवा स्याहार केन्द्र संचालनमा रहेका छन् । यस नगरपालिका भित्रका विभिन्न तहका विद्यालयहरु जम्मा २७८ शिक्षक, ८१ वटा बाल कक्षा शिक्षक, कर्मचारी ११ र विद्यालय सहयोगी २८ जना कार्यरत रहेका छन् ।

### २.३.३ खानेपानी तथा सरसफाई

यस नगरपालिकामा पाइप प्रणालीबाट वितरित खानेपानी सुविधा मुख्य शहरी क्षेत्रमा मात्र उपलब्ध रहेको हुँदा उक्त प्रणालीको खानेपानीको सुविधा उपलब्ध घरपरिवार १२.४ प्रतिशत मात्र रहेका छन् । शहरोन्मुख तथा ग्रामीण परिवेशमा ट्युवेलको प्रयोग गर्ने घरपरिवार ८७ प्रतिशत रहेको छ । करिब १ प्रतिशत घरपरिवारले अझै पनि इनार, जरुवा र अन्य श्रोतको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ । नगरपालिका क्षेत्रमा बसोबास गर्ने कुल १७६८९ घरपरिवार मध्ये सेफ्टिट्याङ्कमा जडान भएको शौचालय भएका घरपरिवार ७ प्रतिशत, वायोग्यास प्लाण्टमा जडान शौचालन भएका १.४ प्रतिशत र साधरण पक्की शौचालय भएका ६१ प्रतिशत र कच्ची शौचालय भएका घरपरिवार ३० प्रतिशत गरी ९८.३ प्रतिशत घरपरिवारसँग मात्र चर्पी उपलब्ध रहेको छ । यस नगरपालिका क्षेत्र भित्र जोखिमयुक्त अवस्थामा हात धुने अभ्यास गर्ने घरपरिवार ९९.४ प्रतिशत रहेको छ ।

### २.३.४ महिला, बालबालिका, ज्येष्ठ नागरिक र लक्षित वर्ग

स्वास्थ्य, शिक्षा तथा साक्षरता, खानेपानी तथा सरसफाई, श्रोत तथा वातावरण संरक्षण, जेसी, सामाजिक परिचालन, संस्थागत तथा नेतृत्व विकास, मानव अधिकार, सुशासन र सहकारी विकास लगायतका विषयमा सचेतनामूलक तालिम प्राप्त गर्ने कूल ६७,०८३ जना मध्ये महिलाको अनुपात ४४ प्रतिशत रहेको छ । यस नगरपालिकामा घर व्यवहार वा कारोबारमा महिला र पुरुष दुवैको सहभागिता हुने घरपरिवारको अनुपात ५७ प्रतिशत रहेको छ भने सार्वजनिक काममा महिला तथा पुरुष दुवैको सहभागिता हुने परिवारको अनुपात ६१ प्रतिशत रहेको छ ।

### २.३.५ युवा तथा खेलकुद

यस नगरपालिका क्षेत्र भित्र १० वटा युवा क्लबहरु क्रियाशिल रहेका छनु, जसमा ७७७ जना युवाहरु आबद्ध रहेका छन् । यसै गरी नगर क्षेत्रमा २८ वटा बालक्लबहरु गठन भई क्रियाशिल रहेका छन् । उक्त क्लबहरुमा ५२७ जना बालबालिका आवद्ध रहेका छन् र सो मध्ये बालिकाका अनुपात ५८ प्रतिशत रहेको छ । नगर क्षेत्र

भित्र वडा नं. ११ मा क्रिकेट खेलमैदान र वडा नम्बर १३ रानीघाटमा खेलमैदान रहेको छ । यसै गरी नगर क्षेत्रको विभिन्न ७ स्थानमा खेलकुद, मनोरञ्जन स्थलहरु रहेका छन् ।

## २.४ शहरी विकास तथा पूर्वाधार

### २.४.१ सडक तथा यातयात

स्थिति पत्रको विवरण अनुसार यस नगरपालिकामा पक्की सडक ४३.५ कि.मि., ग्राभेल सडक ६३.७ र कच्ची सडक १४० कि.मि. समेत कूल २४७ कि.मि. सडक रहेको देखिन्छ । उक्त सडक लम्बाई मध्ये राष्ट्रिय राजमार्ग १८.५ कि.मि. रहेको र बाँकी सडक लम्बाई रणनीतिक तथा नगर सडक रहेको छ । नगर सडक मध्ये २१.७ कि.मि. सडक मात्र पक्की रहेको देखिन्छ । नगरपालिकाले नगरस्तरीय सडकको क, ख र ग गरी तीन वर्गमा वर्गीकरण गरेको छ । जस अनुसार सेट व्याक वाहेक सडकको क्षेत्राधिकार (चौडाई) १२, ८ र ६ मिटर कायम गरिएको छ । यस नगरपालिका क्षेत्र भित्र राष्ट्रिय लोकमार्गमा समेत गरी मझौला साना स्पानका ८ वटा सडक पुल, २ वटा झोलुङ्गे पुल र ५० भन्दा बढी स्थानमा कल्भर्ट रहेको देखिन्छ । लामोदुरीको बसपार्क एक स्थानमा छोटो दुरी बसपार्क १ स्थानमा गरी दुईवटा बसपार्क रहेका छन् । नगर क्षेत्र भित्र पैदल मार्ग ८.६ कि.मि. रहेको स्थिति पत्रबाट देखिन्छ ।

### २.४.२ आवास, वस्ती विकास तथा भवन तथा सार्वजनिक पूर्वाधार

यस नगरपालिकामा सडक क्षेत्राधिकार र राष्ट्रिय भवन संहिताको आधारमा नगरपालिकाको भवन संहिता २०७२ जारी भई सो अनुसार घर नक्शापास भैरहेको छ । नगर क्षेत्रको व्यवस्थित र योजनाबद्ध विकासको लागि नगरपालिका र नगर विकास समितिबाट सडक, नाली, पेटी, विद्युतीकरण, जग्गा एकीकरण र विकास निर्माण सम्बन्धी कार्य संचालन भईरहेका छन् । वडा नं. ११ को खानेपानी ट्याङकी र वडा १४ को हवल्दारपुरमा शित भण्डार समेत तरकारी फलफूल बजार संचालनमा रहेको छ ।

....... सालमा नगर क्षेत्रको योजनावद्ध विकासका लागि नगर विकास समितिको पहलमा नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, आद्यौगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको विचमा ग्रिन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्र निर्धारण खाका तयार गरिएको छ । तर यसको आधारमा भूउपयोग योजना र सो को आधारमा वस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्न ढिला भईसकेको अवस्था छ । नगरपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापनको लागि वडा नं. ९ को झण्डवामा ल्याण्डफिल साइटको डिपिआर तयार भई निर्माणको लागि निर्माण कार्य शुरु भएको छ ।

यस नगरपालिकाको १५ वटा वडा कार्यालयहरु मध्ये वडा नम्बर २, ५, १०, ११ र १४ का वडा कार्यालयहरु आफ्नै भवनमा संचालनमा रहेका छन् भने बाँकी वडा कार्यालयहरु भाडाको घरमा संचालनमा रहेका छन् । यस नगरपालिकामा बसोबास गर्ने कूल १७,६८९ घरपरिवार मध्ये ६३ प्रतिशत पक्की, २५ प्रतिशत अर्धकच्ची र बाँकी १२ प्रतिशत घर कच्ची बसोबास गरेको देखिन्छ । कूल घरपरिवारमा मध्ये ९४ प्रतिशतको परिवार आफ्नै घर भएको बाँकी ६ प्रतिशत भाडामा बसोबास गरेको स्थिति पत्रमा उल्लिखित तथ्याङ्कले देखाएको छ ।

### २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

यस नगरपालिका क्षेत्रमा सबै वडा र वस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ । नगरपालिकाको कूल १७,६८९ घरपरिवार मध्ये ६६ प्रतिशतले वायोग्यास, एलपि ग्यास र विद्युत जस्ता स्वस्थ्य उर्जाको प्रयोग गर्ने र बाँकी ३४ प्रतिशतले दाउरा र गुइँठाको प्रयोग गर्ने गरेको देखिन्छ । सो मध्ये वायोग्यास प्रयोग गर्ने परिवार ३०३ र सुधारिएको धुँवारहित चुल्हो प्रयोग गर्ने घरपरिवार ४०० जती देखिन्छ भने सोलार प्रणाली उपलब्ध घरपरिवार १ प्रतिशत जती मात्र भएको अनुमान छ ।

रत्न राजमार्गको मुख्य सडक, चोकहरुमा ६० वटा जती पोलहरुमा सोलार सडक वत्ती जडान रहेको छ भने अन्य स्थानमा सडक बत्तीको सुविधा पुग्न सकेको छैन । यस नगरपालिका क्षेत्रमा विद्युतको कूल ग्राहक संख्या १२८४४

रहेका र सो मध्ये ग्राहर्स्थ लाइन ९४ प्रतिशत, औद्योगिक र व्यापारिक लाइन संख्या १-१ प्रतिशत रहेका छन्। सिचाईको लागि ४७४ वटा रहेका छन् । नगर क्षेत्र भित्र विद्युतको स्वीचिङ्ग स्टेशन ५ वटा, ट्रान्सफर्मर संख्या ५८ वडा रहेका छन्।

### २.४.४ सूचना, संचार तथा प्रविधि

नगरपालिका क्षेत्रमा ल्याण्डलाइन टेलिफोन लाइन संख्या २६५६, एडिएस सेवा ७९९, जिएसएस पोष्टपेड मोबाइल १६६५, जिएसएस, प्रिपेड मोबाइल ५१४९० र स्काई प्रिपेड मोबाइल ६८२४ रहेको छ । नगरपालिका बासिन्दा कूल घरपरिवार मध्ये ८३ प्रतिशतसँग टेलिभिजन, ३१ प्रतिशत घरपरिवारसँग कम्प्युटर र १३ प्रतिशतसँग इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको छ ।

नगरपालिकाको १५ वटै वडा कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध रहेको छ । नगरपालिकाको रझेना, कोहलपुर, सम्शेरगञ्ज समेत ३ वटा स्वास्थ्य संस्थामा मा मात्र इन्टरनेट रहेको छ भने ६ वटा माद्यामिक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ। नगर कार्यपालिका कार्यालमा दर्ता चलानी, व्यवसाय दर्ता, राजस्व, लेखा, जीन्सि, कर्मचारी व्यवस्थापन प्रणाली, इएचएमआईएस, इएमआइस, संस्था दर्ताको कम्प्युटर सफ्टवयर उपलब्ध रहेको छ। नगरपालिकाको आफ्नै इन्टरएक्टिभ वेवसाइट तथा मोबाइल एप्स् रहेको र सो मार्फत सूचनाहरु नियमित रुपमा अद्यावधिक भैरहेको छ।

## २.५ वन, वातावरण तथा विपद व्यवस्थापन

### २.५.१ वन तथा जैविक विविधता

कुनै पनि क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न सामान्यत: कुल क्षेत्रफलको कम्तीमा ४० प्रतिशत भूमिमा वन क्षेत्र ढाकेको हुनु पर्ने मान्यता रहेको छ । सो मान्यता यस नगरपालिकाको सन्दर्भमा लागू भएको देखिन्छ । यस नगरपालिकाको कूल क्षेत्रफल १८४.२६ वर्ग कि.मि. मध्ये ६५.३ प्रतिशत अर्थात ११,९८४ हेक्टर क्षेत्र वनजङ्गल क्षेत्रले ओगटेको छ। नगर क्षेत्रमा २० वटा सामुदायिक वन उपभोक्ता समूह क्रियाशिल रहेको देखिन्छ । उपरोक्त सामुदायिक वन उपभोक्ता समितिहरुबाट २,८२७ हेक्टर वन समुदायद्धारा व्यवस्थित भएको देखिन्छ । साथै उपरोक्त सामुदायिक वन समूहमा ३,४६५ घरपरिवार लाभन्वित भएको देखिन्छ । जुन नगरपालिका क्षेत्रमा बसोबास गर्ने कूल घरपरिवारको २० प्रतिशत हुन आउँछ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिकामा इटानाला, डुडुवाखोला, किरणनाला, भुतैयाताल, रोहिणीखोला लगायत ८ वटा खोलानाला र १ वटा ताल रहेका छन् । उक्त खोलानाला र तालतलैयाबाट सिंचाई, घरपालुवा जनावर र वन्यजन्तुको लागि पानी र नुहाउने सुविधा उपलब्ध भईरहेको छ । यसैगरी उपरोक्त खोलानालाबाट स्थानीय उपभोगको लागि गिट्टी र बालुवा समेत उपलब्ध हुने गरेको छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

नगर क्षेत्रमा शहरी पूर्वाधार र सेवा सुविधाको बृद्धिसँग जनघनत्वमा बृद्धि हुँदै गएको छ । फलस्वरुप नगरपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको विसर्जनको मात्रा बढ्दै गएको देखिन्छ । यस नगरपालिकाको मुख्य शहरी क्षेत्रमा मासिक प्रति परिवार ४४.५ के.जि. फोहोर विसर्जन हुने गरेको छ। विसर्जन हुने फोहोरमैला मध्ये कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी घर कम्पाउण्डमा व्यवस्थापन गर्ने घरपरिवार ६४ प्रतिशत, नगरपालिकाद्धारा संकलन हुने प्रणालीमा विसर्जन गर्ने घरपरिवार २ प्रतिशत र तोकिएको स्थानमा फोहोर विसर्जन गर्ने घरपरिवार ३३ प्रतिशत रहेको छ ।

चर्पि उपलब्ध कूल १७,३९१ घरपरिवार मध्ये रिङ्ग भएको तथा नभएको खाल्डोमा चर्पीको फोहोरमैला विसर्जन गर्ने घरपरिवार ९१ प्रतिशत, सेफ्टिट्याङ्कमा मिसाउने ७ प्रतिशत र बायोग्यासमा प्लाण्टमा मिसाउने घरपरिवार

मात्र १ प्रतिशत रहेका छन् । नगरपालिकाबाट विसर्जन हुने ठोस फाहोर व्यवस्थापनको लागि १५ वर्षको लागि सम्झौता गरी वडा नं. ९ को झण्डवामा स्यानिटरी ल्यान्डफिल साइटको संभाव्यता अध्ययन भई विस्तृत परियोजना प्रस्ताव सहित निर्माणको प्रक्रियामा रहेकोछ ।

विश्वव्यापी रुपमा बढेको तापमान र जलवायु परिवर्तनको असरबाट यस नगर क्षेत्रको जैविक, भौतिक र आर्थिक तथा सामाजिक नकारात्मक असहरु देखिन थालेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असरको रुपमा अति वृष्टि, अनावृष्टी, सुख्खा खडेरी देखिएको छ भने नदीनाला र जमीनमूनीको पानीको तह समेत घट्दै गएको महशुस गरिएको छ । बर्षायाममा डुवान र नदी कटानको समस्या बढ्दै गएको देखिन्छ ।

### २.५.४ कोभिड १९ तथा विपद व्यवस्थापन

यस नगरपालिका क्षेत्रमा विभिन्न विपद जोखिमहरु मध्ये हुरीवतास, आगलागी, बाढी, सडक दुर्घटना, भुकम्प र सर्पदंशको असर प्रमुख रुपमा देखिएका छन् । उपरोक्त विपद जोखिमहरुमा हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को असर मुख्य हुन गएको छ । विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक रुपमा सम्बोधनको लागि नगरपालिकामा नगरस्तरी विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ । नगरपालिकाको संवेदनशिल क्षेत्रमा डुवान र चट्याङ्गको लागि पुर्व सूचना यन्त्र जडान गरिएकोछ ।

विपद प्रतिकार्यको लागि नेपाल रेडक्रस सहजीकरणमा नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण भएको छ । प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकको रुपमा परिचालन गरिएको छ । कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि नगरपालिका र रेडक्रसको समन्वयमा क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ । जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ । यसै गरी नगर क्षेत्रमा मलेरिया र डेंगु रोकथाममा लागि झुल वितरण गरिएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ संगठनात्मक विकास

संवैधानिक र कानून व्यवस्था अनुसार यस नगरपालिकामा सभा, कार्यपालिका र समितिहरुमा पदाधिकारी समावेशी रुपमा निर्वाचित तथा चयन भएका छन् । नगरपालिकाका निर्वाचित पदाधिकारीहरु मध्ये महिलाको अनुपात ४१ प्रतिशत रहेका देखिन्छ । यसै गरी सामाजिक समावेशीकरण हिसाबले दलित, थारु तथा अन्य आदीबासी जनजाती, ब्राम्हण क्षेत्रीको अनुपात क्रमश २६, २५ र ४१ प्रतिशत रहेको देखिन्छ । नगरपालिकामा ९४ सहकारी संस्था, ......वटा कृषक समूह/संस्था, २८ वडा सामुदायिक/मद्यवर्ती वन उपभोक्ता समूह, .... वडा नागरिक सचेतना केन्द्र समेत समुदायमा आधारित संस्था र ..... आमा समूह र ..... अधिकारमुखी समूह समेत ......... वडा समुदायमा आधारित संस्थाहरु गठन भई क्रियाशिल रहेका छन् । स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार नगरपालिकामा आफ्नो बजेट तथा कार्यक्रम प्रस्तुत तथा समावेश गरी नगरपालिकासँग समन्वय र सहकार्य गरी कार्य संचालन गर्ने गैर सरकारी संस्थाहरु ११ वटा रहेका छन् ।

नगरबासीको चाहाना, अधिकार क्षेत्र र श्रोतको संभावनाको आधारमा सेवा प्रवाह तथा विकास कार्यलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक पर्ने संगठन संरचना, कर्मचारीको आवश्यकता र कार्यविवरण तयार गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको प्रस्ताव अनुसार वडा कार्यालय समेत नगर कार्यपालिका कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार भई नगर सभाबाट भएको र कार्यान्वयनको अवस्थामा रहेको छ । स्वीकृत संगठन संरचना र दरबन्दी अनुसार नगरपालिकामा विभिन्न विषयगत सेवा समूहका गरी कूल ...... जना कर्मचारी दरबन्दी रहेको र सो अनुसार ............ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यरत कर्मचारी मध्ये प्राविधिक कर्मचारी .... प्रतिशत र

महिला कर्मचारी .... प्रतिशत रहेका छन् । यसैगरी अधिकृत तथा सहायस्तरको कर्मचारीको अनुपात ..... रहेको छ ।

### २.६.२ श्रोत परिचालन

यस नगरपालिकाको गत आर्थिक बर्षको आय विवरणको विश्लेषण गर्दा आन्तरिक आम्दानी रु. ..... रहेको छ भने नेपाल सरकार तथा प्रदेश सरकारसँग राजस्व बाँडफाडबाट प्राप्त रकम .... रहेको देखिन्छ । यसै गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणबाट प्राप्त रकम रु. ..... रहेको छ । संघ तथा प्रदेशबाट निक्षेपित विभिन्न कार्यक्रमका लागि प्राप्त रकम रु..... रहेको छ । उपरोक्त श्रोत एकीकृत गर्दा नगरपालिकाको बार्षिक बजेट रु. ............... रहेको देखिन्छ । साथै नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैरसरकारी संस्थाबाट नगरपालिका विकास कार्यमा बार्षिक अनुमानित १२ करोड ६२ लाख बराबरको लगानी हुने गरेको देखिन्छ ।

### २.६.३ स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था

संविधानको अनुसूची ८ को एकल अधिकार क्षेत्र र अनुसूची ९ को साझा अधिकार क्षेत्र अन्तर्गत विषयहरु मध्ये ........ नीति, ..... ऐन ....... नियम, ........ कार्यविधि, .......... निर्देशिका तथा ...... मापदण्ड तर्जुमा तथा प्रकाशन भएको देखिन्छ। संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिल हुन प्रयासरत रहेका छन् ।

### २.६.४ योजना व्यवस्थापन

नगरपालिकाबाट स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्था कार्यान्वयन गर्न एकीकृत शहरी विकास योजना, नगर यातायात गुरुयोजना र बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन र सो अनुसार प्रक्रिया तथा नियमपालना अनुगमनको अभ्यास भैरहेको छ । बार्षिक नीति, कार्यक्रम तथा बजेटमालाई आवधिक तथा विषयगत क्षेत्र गुरुयोजना अनुसार तर्जुमा गरी बार्षिक योजना तथा बजेटलाई नजितामूलक बनाउने समेत प्रयास गरिएको छ ।

# परिच्छेद तीन
# नगर विकासको दीर्घकालिन सोच तथा अवधारणा

## ३.१ नगर विकासको प्रमुख संभावना तथा अवसरहरू

कोहलपुर अत्यन्त संभावना भएको नेपालको नमूना शहर मध्येको एक हो। व्यवस्थित बसोबास, स्वास्थ्य तथा शिक्षा, उद्योग व्यवसाय, हरियाली, जैविक विविधता, पर्यटन र भौगोलिक संगम (Niche) यस नगरपालिकाको विशेषता हो । यो नगरपालिका सङ्घीय नेपालको कर्णाली र सुदुरपश्चिम प्रदेशको प्रवेशद्धार समेत अवस्थित रहेको छ । यस नगरपालिका भएर पूर्व पश्चिम लोकमार्ग तथा रत्न लोकमार्ग गएको छ । यसैगरी यो नगरपालिकाको मित्रराष्ट्र भारत प्रवेश गर्ने व्यापारिक नाका, रुपेडियाबाट मात्र १५ किलोमिटर उत्तरमा अवस्थित छ भने नेपालको एक व्यापारिक केन्द्र नेपालगञ्जसँग जोडिएको छ भने नगरपालिकाको करिब सिमामा क्षेत्रिय नेपालगञ्ज विमानस्थल रहेको छ । विशेष गरी पाटे बाघ र बाघको वासस्थान लगायत जैविक विविधता संरक्षणको लागि स्थापित बाँके राष्ट्रिय निकुञ्ज र सो को मध्यवर्ती क्षेत्र समेत नगरपालिकामा पर्दछ ।

नेपालको राष्ट्रिय गौरवको सिक्टा सिंचाई आयोजनाबाट नगरपालिकाको कृषि क्षेत्रलाई सिंचित गर्नेछ । साथै राष्ट्रिय गौरवको अर्को आयोजना भेरी बबई डाइभर्सन आयोजना प्रभाव क्षेत्रमा पनि पर्दछ। नेपालको पश्चिम तराईको कृषि अनुसन्धान तथा तालिम केन्द्र खजुरासँग समेत यो नगरपालिका जोडिएको छ। नगरपालिकामा प्रदेशस्तरीय नेपाल टेलिभिजनको प्रशारण केन्द्र, पर्यटन कार्यालय, अख्तीयार दुरुपयोग अनुसन्धान आयोगको प्रदेश कार्यालय अवस्थित रहेका छन् । यस नगरपालिका समेत यस क्षेत्रलाई लक्षित गरी हाल वैजनाथ गाउँपालिकामा प्रदेश स्तरीय औद्यौगिक ग्राम स्थापनाको प्रक्रियामा रहेको छ। शसस्त्र प्रहरी बल, नेपाल आर्मी र नेपाल प्रहरीको प्रदेश कार्यालय समेत नगरपालिकामा रहेको हुँदा शान्ति सुरक्षाको वातावरण सकारात्मक रहेको छ । नगरपालिकाको प्रमुख विशेषता, संभावना तथा अवसरलाई बुँदागत रुपमा देहायअनुसार प्रस्तुत गरिएको छ :

- महा/उपमहा नगरपाालिकाको रुपमा विकास र विस्तार
- प्रदेशको वैकल्पिक राजधानी/देशकै नमूना शहर
- विकसित र व्यवस्थित बसोबासको वातावरणमैत्री शहर
- थारु आदीबासीको साँस्कृतिक केन्द्र र पर्यापर्यटकीय शहर
- पार्क र वगैचाको हरित शहर
- गाउँ र शहरको संगम र अन्तरसम्बन्धको नगर
- शैक्षिक विकास र स्वास्थ्य सेवाको उत्कृष्ट शहर
- नविन उद्यम र व्यवसायको केन्द्र उन्मुख शहर

## ३.२ नगर विकासका प्रमुख समस्या तथा चुनौतिहरू

प्रचुर संभावनाको बाबजुद यस नगरपालिका मानव वन्यजस्तुको द्वन्द्वको प्रभाव बढदै जानु, सुख्खा क्षेत्र र पानीको स्रोत कमी, भूमिगत पानी सतह धेरै तल हुनु, बढ्दो जनसंख्या, बसाइसराई गरी आउने जनसंख्या तित्र बृद्धि शहरीकरणको चाप बढैद जानु र भूउपयोग योजना तर्जुमा भई कार्यान्वयन हुन नसक्नु जस्ता समस्या र चुनौतिहरु यस नगरपालिका टड्कारो रुपमा देखिएका छन् । यसैगरी फोहोरमैला व्यवस्थापन अवको दिनमा मुख्य समस्याको रुपमा देखा पर्ने स्थिति देखिन्छ। पानीको समस्या, कृषि जमीन अव्वस्थित बसोबास र कंक्रिटको शहरमा बदलिने संभावना बढ्दै गएको छ ।

खानेपानी, ढल व्यवस्थापन, शहर र बजार क्षेत्रमा खुल्ला स्थानको अथाव र भूउपयोग क्षेत्र निर्धारण योजना बिना नै अस्पताल र उद्योगको स्थापना र संचालनले हरियाली र वातावरणमा नकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ । नगरपालिकामा पानीको समस्या आगामी दिनमा विकराल बन्दै जान सक्ने देखिन्छ । भावि दिनमा प्रदेश र स्थानीय तहको समायोजन प्रक्रियामा राजनीतिक खिचातानिबाट  समेत यो नगरपालिका प्रभावित हुन सक्ने संभावना देखिन्छ । जलवायु परिवर्तनको नकारात्मक असरबाट यस नगरपालिकामा पानीको उपलब्धता, हरियाली र पार्क तथा कृषि उत्पादनमा नकारात्मक प्रभाव पर्ने देखिन्छ । यस नगरपालिकाको प्रमुख समस्या तथा चूनौतिलाई देहाअनुसार बुँदामा संक्षेपीकरण गर्न सकिन्छ ।

- जलवायु परिवर्तन नकारात्मक असरमा बृद्धि र सुख्खा क्षेत्र
- पानी उपलब्धता र सतत उपयोग असुविधा
- मानव वन्यजन्तु द्वन्द्वमा बृद्धि
- फाहोरमैला विशेष गरी तरल फोहोर व्यवस्थापन समस्याबाट उत्पन्न हुन सक्ने दुर्गन्ध
- कृषि जमीनको रुपान्तरण र अव्यवस्थित बसोबास/वस्तीको विकास
- वन तथा हरियाली क्षेत्र विनास
- थारु सँस्कृति, भाषा, भेषभुषा र परापम्परागत ज्ञान ह्रास/लोप
- राजनीतिक खिचातानीको कारण नेपालगञ्ज उपमहानगरपालिकामा विलय
- प्राकृतिक, सास्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा विनास
- वायु, जल, माटो र ध्वनी प्रदुषण तिब्र बृद्धि

## ३.३ नगर विकासको दीघकालिन सोच तथा निर्देशक सिद्धान्त

नेपालको अत्यन्त संभावनायुक्त कोहलपुर नगरपालिका बसोबास, व्यावसाय, शैक्षिक र भौगोलिक संगमस्थलको रुपमा विकासको पथमा अगाडि लम्कदैछ। नगरको यही विशेषतालाई आधारमा मानी दीर्घकालिन सोच निर्धारण गरिएको छ । नगर विकासको दीर्घकालिन सोच निर्धारण गर्दा स्थिति पत्रको विवरण र द्वितिय स्रोतवाट प्राप्त आधार सूचना तथा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत स्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका संभावना, अग्रणी क्षेत्र र नगरबासीले चाहेको अवस्थालाई मध्यनजर गरिएको छ। नगर विकासको दीर्घकालिन सोच देहायअनुसार रहेको छ :

# æxl/t, ;+ud:yn xfd|f] zx/M ;'Gb/, ;d[4 sf]xnk'/ gu/Æ

## “cfjf;Lo, Jofj;flos, ef}uf]lns ;+udsf] ;/f]j/M xl/t, ;'Gb/, ;d[4 sf]xnk'/ gu/”

### “;'/lIft, xl/t, ;'Gb/, ;d[4 sf]xnk'/ gu/M cfjf;Lo, Jofj;flos / ef}uf]lns ;+ud:yn agfpg] /x/”

“ cfjf;Lo, z}llfs, Jofj;flos, ef}uf]lns ;+udsf] zx/M ;'/llft, xl/t, ;'Gb/, ;d[4 sf]xnk'/ gu/”

# स्वस्थ, शिक्षित, रोजगारको अवसर प्राप्त सम्मानित र सुखी नागरिक बसोबास गर्ने आवासीय, शैक्षिक, व्यावसायिक र भौगोलिक संगमस्थलको रूपमा विकसित, सुरक्षित, विविधतायुक्त, हरित, सुन्दर र समृद्ध कोहलपुर नगर

नगरपालिकाको भौतिक, आर्थिक तथा सामाजिक रुपान्तरण, हरियाली र वातावरणीय संरक्षणलाई गति प्रदान गर्न तय गरिएको नगरपालिकाको दीर्घकालिन सोचलाई साकार पार्ने दिशामा उत्मुख हुन विकासका मार्गदर्शक सिद्धान्तहरु तय गरिएका छन् । प्रस्तुत विकास निर्देशक सिद्धान्तहरुले स्वास्थ्य, कृषि, शिक्षा र उद्योग व्यवसायलाई उच्च प्राथमिकता दिई विकास विकासका योजना, कार्यक्रम तथा परियोजनाहरु पहिचान, छनौट र कार्यान्वयन प्रक्रिमा दिशावोध गर्न रुपरेखा प्रदान गर्नेछन् । नगर विकासको दीर्घकालिन सोलाई मार्गदर्शन गर्न देहायअनुसार विकासको निर्देशक सिद्धान्त तय गरिएका छन् :

१. **भौगोलिक, आवासीय, व्यावसायिक र शैक्षिक संगमस्थलको रुपमा विकासः** पश्चिम नेपालको रणनीतिक महत्वको स्थानमा अवस्थित यस नगरपालिकाले भौगोलिक, आवासिय, व्यावसायिक र शैक्षिक संगमस्थलको विशेषता वोकेको छ । यो नगरपालिका जैविक विविधता र संरक्षणको दृष्टिकोणले महत्वपूर्ण बाँके राष्ट्रिज निकुञ्जसँग जोडिएको र अन्तराष्ट्रिय रुपमा परिचित बर्दिया राष्ट्रिय निकुञ्ज समिपमा रहेको छ । प्रदेश नं. ५ र कर्णाली प्रदेशको प्रवेशद्धारको रुपमा समेत रहेको हुँदा यसलाई प्रदेश तथा नेपालकै नमूना आवासीय र व्यासायिक केन्द्रको रुपमा विकास गर्ने संभावना रहेको छ । तसर्थ उपरोक्त विशेषता अनुसार यस नगरपालिकालाई नेपालको एक नमूनाा भौगोलिक, आवासिय, व्यावसायिक र शैक्षिक शहरको रुपमा विकास गरिनेछ ।

२. **व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकासः** स्थानगत योजनाको अवधारणा र राष्ट्रिय भूउपयोग नीति २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण गरिनेछ । भूउपयोग क्षेत्र निर्धारण गर्दा चक्रिय आर्थिक नमूना (Circular Economic Model) अनुसार कृषि क्षेत्र, आवासीय क्षेत्र, औद्योगिक/व्यावसायिक क्षेत्र र संस्थागत/सेवा क्षेत्रमा विभाजन गरी प्रत्येक क्षेत्रको बीचमा ग्रीनवेल्टको विकास गरी नगरपालिकालाई हरित र वातावरणमैत्री बनाइने छ । भू-उपयोग क्षेत्रहरुको नक्शाङ्कन र सो अनुसार स्थलगत रुपमा रेखाङ्कन गरी सो को कार्यान्वयन तथा नियमपालना अभिबद्धि गर्ने नीति, कानून र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ ।

३. **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल तथा वातावरणमैत्री संरचनात्मक स्वरुप र शहरी प्रणाली** : भूउपयोग क्षेत्र तथा योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास, विकासका अग्रणी क्षेत्रहरुको गुरुयोजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धी गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिइनेछ । साथै पूर्वाधार निर्माण गर्दा खुल्ला तथा हरियाली क्षेत्र, रिचार्ज पोखरी, पार्क तथा संरक्षण क्षेत्र, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिइनेछ । संरचना निर्माण तथा आयोजना संचालन गदा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वातावरणीय अध्ययन गरी सो अनुसार वायोइञ्जिनियरिङ्ग लगायत वातावरण संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

४. **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** नगरपालिका केन्द्रलाई शहरी विकासको केन्द र वडाको केन्द्रलाई विषयगत सेवा केन्द्रको रुपमा विकास गरी प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार तयार गरिनेछ । सेवा प्रवाहको उपरोक्त अवधारणा अनुसार जनतालाई स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधाको पहुँच सुनिश्चित गरिनेछ । यसका लागि सूचना,

प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ । साथै सीमान्तकृत, पछाडि पारिएका तथा विशेष अवस्थामा रहेका वर्ग, समुदाय, महिला, बालबालिका, दक्षित अपाङ्गता भएका व्यक्तिलाई नीति निर्माण, योजना तर्जुमा र निर्णय प्रक्रिया संलग्न गराउन नागरिक शिक्षा, वहश र नीतिगत व्यवस्था गरिनेछ ।

५. **अन्तर सरकार, नीजि, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्य:** विकास निर्माण, संचालन, सेवा प्रवाहमा नीजि, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी बनाइनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता सेवालाई नीजि क्षेत्र, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्थाद्वारा स्थानीय सेवा प्रवाहलाई सहज, प्रतिस्पर्धी र प्रभावकारी बनाईनेछ। साथै विकास निर्माण कार्यमा नीजि, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारीमा अभिबृद्धी गरिनेछ ।

६. **समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धन :** समावेशीकरण, सुशासन, सन्तुलित विकास र समृद्धि देश विकासको अबको प्रमुख कार्यसूची बनेको छ। सामाजिक न्याय र सुशासन, विकास र समृद्धिको पूवसर्तको रुपमा रहेका हुन्छन्। यसका लागि समावेशीकरण र सामाजिक न्याय, कानून तथा विधिको शासन, सरकारी, नीजि, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ। साथै राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टचारको विरुद्ध सदाचार पद्धतिको अबलम्बन र सामाजिक जवाफदेहिता औजारहरुको एकीकृत र सचेत अभ्यास गरिनेछ । यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ। ज्ञानमा आधारित नव प्रवर्तन समाज सिर्जनाका लागि स्थानीय ज्ञान, तकनीकिहरू, संस्कृति तथा व्यवहारहरूको प्रवर्द्धन र उपयोग गरिनेछ ।

७. **सूचना, नवप्रर्वतन तथा नतिजामा आधारित विकास व्यवस्थापन :** सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ। यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ । साथै शहरी विकास र व्यवस्थापनको मूल मूल्यका रूपमा सहभागितामूलक प्रणाली र कार्य संस्कृतिलाई अबलम्बन गरिनेछ।

## ३.४ लक्ष्य तथा उद्धेश्य

भौगोलिक, आर्थिक, सामाजिक संगमको रुपमा उदयमान कोहलपुर नगरपालिकाको दीर्घकालिन सोच "cfjf;Lo, Jofj;flos, ef}uf]lns ;+udsf] ;/f]j/M xl/t, ;'Gb/, ;d[4 sf]xnk'/ gu/" हासिल गर्ने दिशामा यस प्रथम आवधिक नगर विकास योजना आधार योजनाको रुपमा रहनेछ। æg]kfnsf] Ps of]hgfa4 / ;'Jojl:yt, cfjf;Lo, Jofj;flos, z}llfs / ef}uf]lns ;+ud:yn zx/sf] ?kdf :yflkt x'g\" यस प्रथम आवधिक नगर विकास योजनाले लक्ष्य लिएको छ। नगरपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न आवधिक योजनाले देहायअनुसारको उद्देश्य लिएको वा अपेक्षा गरेको छः

१. नगरको आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्नु

२. स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु

३. बसोबास, व्यावसाय, बजार, शहरी सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउनु

४. हरियाली, जैविक विविधता, जमीन र जलश्रोतको समोचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद उत्थानशिलता सुनिश्चित गर्नु

५. नगरपालिकाको सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु

## ३.५ प्राथमिकता तथा रणनीति

आवधिक नगर विकास योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई नगर विकासका प्रयासहरु संचालन गर्ने रणनीति अवलम्बन गरिनेछ:

१. **कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने :** कृषि, पशुपालन तथा वनजन्य उत्पादनको उपलब्ध ज्ञान, सीप र प्रविधिको आधारमा व्यवसायीयकरण, विविधिकरण र आद्योगिकीरण गरी स्थानीय रोजगारी र अर्थतन्त्र आधार तयार गरिनेछ । निर्धारित कृषि तथा पशुपालन पकेट र वन क्षेत्र र वर्गलाई आवश्यक पूर्वाधार, ज्ञान, प्रविधि हस्तान्तरण, सेवा तथा टेवा कार्यक्रमहरु संचालन गरिनेछ ।

२. **उद्योग, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा अन्य व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने :** नगरपालिकाको जैविक विविधता, मनोरम, साँस्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्र लगायत सामुदायिक वन क्षेत्र, कृषि पकेट क्षेत्र, थारु साँस्कृतिक क्षेत्र, ताल तथा पार्कहरुमा पूर्वाधार निर्माण, पर्यटकीय सेवा सुविधाको विस्तार, विविधिकरण र प्रचार प्रसार गरी पर्यटन प्रवर्धन र विकास गरिनेछ । यसका लागि नीजि क्षेत्र, समुदाय र नागरिक समाज संस्थासँग समन्वय र साझेदारी गरिनेछ ।

३. **जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा सरसफाई, खानेपानी सुविधा, सामाजिक सुरक्षा पहुँच र उपयोग सुनिश्चित गर्ने:** नेपाल सरकार तथा प्रदेश सरकार, नीजि क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा पोषण सेवा, खानेपानी तथा सरसफाई सुविधा विकास र विस्तार गरी मानव पुँजी निर्माण गरिनेछ। एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका, हिंसा पिडित व्यक्ति, सीमान्तकृत समूह, लोपोन्मुख जाती आदीको सामाजिक सुरक्षा पहुँच सुनिश्चित गरी स्वास्थ्यउपचार, जीविकोपार्जन र वृत्ति विकास अधिकार प्रवर्धन गरिनेछ। सामाजिक सशक्तीकरण, समावेशीकरणको माध्यमबाट सामाजमा विद्यमान हिंसा, सामाजिक कुरिती, अन्धविश्वास अन्त्य गर्नुका साथै स्थानीय सम्पदा, कला, सँस्कृति र भाषाको संरक्षण र प्रर्वधन गरिनेछ ।

४. **यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने:** यातायात, आवास, व्यवस्थित शहरी पूर्वाधार, बजार, स्वच्छ उर्जा, सूचना तथा संचारको पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी शहरको भौतिक विकास, आवास तथा बजार र अन्तरआवद्धतालाई सहज र सुव्यवस्थित बनाइनेछ। पूर्वाधार विकासलाई उत्पादनसँग आवद्ध गर्नुका साथै वातावरणमैत्री र विपद तथा जलवायु उत्थानशिल रुपमा निर्माण र संचालन गरिनेछ ।

५. **शहरी योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने:** निर्धारित भूउपयोग क्षेत्र तथा योजना र प्रचलित कानून अनुसार नगर क्षेत्रमा जैविक विविधता, हरियाली र वन क्षेत्रको कायम गरिनेछ। यस अनुसार नगर क्षेत्रको जैविक विविधता, हरियाली, जमीन र जलश्रोतको संरक्षण र समोचित व्यवस्थापन गरिनेछ । यसका लागि संघ र प्रदेश सरकारका सम्बन्धी निकाय, समुदाय र समुदायसँग समन्पय र सहकार्य गरिनेछ ।

६. **अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने:** कानून तथा विधिको शासनको अनुसरण गर्दै सेवा प्रवाह, कार्यसम्पादन र शासन संचालन प्रक्रियालाई पारदर्शी, उत्तरदायी र जनताको समस्या र चाहाना प्रति संवेदनशिल शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टी अभिबृद्धि गरिनेछ ।

## ३.६ नतिजा तालिका

शहरी विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा दीर्घकालिन सोच तथा लक्ष्यतर्फ उत्मुख गराउन प्रस्तावित लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न परिवर्तनको सिद्धान्त अनुसार नतिजामूलक योजनाको

ढाँचामा आवधिक नगर विकास योजना तर्जुमा गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त र भूउपयोग योजनाको आधारमा तयार गरिएको नगर विकासको एकीकृत नतिजा तालिका देहायअनुसार प्रस्तुत गरिएको छ ।

## तालिका ३: प्रथम आवधिक विकास योजनाको एकीकृत नतिजा तालिका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **लक्ष्य :** नेपालको एक योजनाबद्ध र सुव्यवस्थित आवासीय, व्यावसायिक, शैक्षिक र भौगोलिक संगम शहरको रुपमा स्थापित हुने | प्रति परिवार वार्षिक औषत आय | रु. हजारमा | | १०८६ | १०८६ | १३०० | २०५० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- अध्ययन प्रतिवेदन<br>- मूल्याङ्कन प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | |
| | औसत आयु | वर्ष | | ६७.५ | ६७.५ | ६८ | ६९ | | |
| | मानव विकास सुचकाङ्क | इन्डेक्स | | ०.५२८ | ०.५२८ | ०.५१८ | ०.४१८ | | |
| | वार्षिक आम्दानीको दुई तिहाई भन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | | ८१ | ८१ | ७५ | ७० | | |
| | साक्षर जनसंख्या | प्रतिशत | | ८८ | ८८ | ८९ | ९० | | |
| | बेरोजगार जनसंख्या | संख्या | | १२७६४ | १२५०० | ११०० | ७५०० | | |
| **असर १ :** नगरको आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्घि गर्नु | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | | (६४६८)१३.०७ | ७४६८ | ९४६८ | १२००० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- आर्थिक सर्वेक्षण<br>- संघ सरकार र प्रदेश<br>- सरकार क्षेत्रगत प्रतिवेदन | - कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी बृद्धि हुनेछ<br>- जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ। |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | | (६५२६) १३.१९ | ७२०० | ८२०० | ९२०० | | |
| | नोकरी | संख्या | | (१४८९)३ | १६०० | १८०० | २००० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | संख्या | | २५०० | ३००० | ४००० | ६००० | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | | (३७०६) ७.५ | ३००० | २५०० | १००० | | |
| | ज्याला मजदुरी | संख्या | | (१७५९६) ३५.५ | १७००० | १५५०० | १२००० | | |
| | अन्य पेशा | संख्या | | ३३० | ३३० | ४०० | ५०० | | |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | संख्या | | ११७६६ | १२७६६ | १५००० | १८००० | | |
| **प्रतिफल १.१:** कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण औद्योगिकरण भएको हुनेछ। | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | | १९ | २० | २५ | ३० | - नगर वस्तुस्थिति विवरण<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - कृषि सेवा प्रवाह र प्रविधी प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ।<br>- जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>- कृषि वातावरणीय ह्रास कम हुनेछ। |
| | खेती गरिएको जमिन | हेक्टर | | ४००० | ४००० | ३९०० | ३८५०० | | |
| | साना किसान/उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | | १०२० | १०२० | १५०० | २००० | | |
| | तरकारी उत्पादन | मे.टन | | ७०० | ९०० | ११०० | १६०० | | |
| | दलहन वाली | मे.टन | | ३४५ | ४०० | ५०० | ६५० | | |
| | अन्नवाली | मे.टन | | २४७५.५ | २५०० | २८०० | ३५०० | | |
| | फलफुल उत्पादन | मे.टन | | ७ | १५ | ६० | १०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | नगदे वाली उत्पादन | मे.ट | | ० | ५ | १० | ३० | | |
| | तेलहन उत्पादन | मे.ट | | १८५ | २०० | २३० | ३०० | | |
| | संचालित कृषि संकलन केन्द्र | संख्या | | ३ | ३ | ६ | १२ | | |
| **प्रतिफल १.२:** खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ । | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | मे. टन | | २.६ | २.८ | २.९ | ३.५ | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ । |
| | १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | | ७५६ | ८०० | १२०० | १९०० | | |
| | प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) | हेक्टर | | २५० | ३०० | ४०० | ७०० | | |
| **प्रतिफल १.३** पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरण भएको हुनेछ । | कुखुरा/पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | | १९८ | २०० | ३०० | ५०० | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>- | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनेछ ।<br>- जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ |
| | सुँगुर वा वंगुरको बार्षिक मासु उत्पादन | मे.टन | | ७८ | १०० | १५० | ३५० | | |
| | अन्डाको वार्षिक उत्पादन | संख्या | | २४०६४ | ५०००० | ७५००० | १०००० | | |
| | माछाको बार्षिक उत्पादन | मे.टन | | ३ | १० | २५ | ३५ | | |
| | खसी, वोकाको बार्षिक मासु उत्पादन | मे.टन | | २९१ | २९५ | ३०० | ३५० | | |
| | राँगाको बार्षिक मासु उत्पादन | मे.टन | | २५९ | २५९ | २६० | ३०० | | |
| | बार्षिक दूध उत्पादन | लाख लिटर | | २७३००० | ३००००० | ३५०००० | ४००००० | | |
| | उन्नत घाँसको उत्पादन क्षेत्र | कठ्ठा | | १००० | १५०० | ३००० | ५००० | | |
| **प्रतिफल १.४:** स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पूर्वाधार, सेवा सुविधा विकास तथा प्रवर्धन र पर्यटकीय आवागमनमा बृद्धि भएको हुनेछ । | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक/वाह्य) | संख्या | | १००० | १५०० | ३५०० | ५००० | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन विकासमा लगानी हुनेछ । |
| | व्यवस्थित होमस्टे/ग्रामीण पर्यटकीयगाउँ | संख्या | | १ | १ | २ | ५ | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | | ० | ० | १ | २ | | |
| | स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | | ३ | ५ | ८ | २५ | | |
| **प्रतिफल १.५:** उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ । | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | | ६५२६ | ७००० | ८५०० | २५००० | -नगर वस्तुस्थिति विवरण<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - उद्यम तथा व्यापार प्रवर्द्धनमा संघ, प्रदेश र स्थानीय सरकार सहयोग बृद्धि हुनेछ ।<br>- निजी क्षेत्र बीच स्वस्थ्य प्रतिस्पर्धा हुनेछ । |
| | सुचारु व्यापार व्यवसाय दर्ता भएको | संख्या | | १९०० | २५०० | ३००० | ३५०० | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | | ३५८३ | ४००० | ५००० | ८००० | | |
| | होटल तथा लज | संख्या | | १३९ | १३९ | १४४ | १६५ | | |
| | चालु लघु उद्योग | संख्या | | ५० | ७५ | १५० | ३०० | | |
| | चालु घरेलु तथा साना उद्योग | संख्या | | ३३५ | ३५० | ५०० | ८०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | चालू ठुला उद्योग | संख्या | | १८ | १८ | २५ | ५० | | - औद्योगिक विकास नीति तर्जुमा हुनेछ । |
| | | | | | | | | | |
| **प्रतिफल १.७ :** श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रम विकास, विस्तार र प्रवर्धन भएको हुनेछ । | प्राविधिक मानव संशाधन | संख्या | | ५४८ | ६४८ | ८५० | १७०० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | – कोभिड १९ को असर न्यूनीकरण हुनेछ ।<br>– संघ, प्रदेश र स्थानीय सरकारको रोजगारमूलक योजनामा लगानी बृद्धि हुनेछ । |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | | ६००० | ६५०० | ७५०० | १२००० | | |
| | रोगगारमूलक नयाँ आयोजना/कार्यक्रम | संख्या | | ० | २ | ६ | १० | | |
| **प्रतिफल १.७** वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि भएको हुनेछ। | बैंक खाता भएका घरपरिवार | संख्या | | ८५७३ | ९५०० | १२००० | १७००० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ ।<br>- वित्तीय सेवा स्थानीय तहमा विस्तार हुनेछ । |
| | सहकारी र वित्तीय संस्थामा आवद्ध घरपरिवार | प्रतिशत | | ७५ | ८५ | ९० | ९५ | | |
| | बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रु. लाखमा | | | | | | | |
| **असर २**: स्वस्थ, सशक्त शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | | ५५३४ | | | | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | १७०० | १८०० | १९०० | २००० | | |
| | अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | | ९० | ८० | ६० | ६० | | |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य संस्था/अस्पताल जाने जनसंख्या | प्रतिशत | | ९९.५ | | | १ | | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | | २.८–२.४ | २.४–२.८ | ३.२–२.८ | ३.२–३.६ | | |
| | सरकारी, गैर सरकारी र निजी क्षेत्रमा रोजगार | जना | | | | | | | |
| **प्रतिफल २.१:** गुणस्तरीय र जीवपयोगी विद्यालय, प्राविधिक एवं उच्च शिक्षाको केन्द्रको रुपमा नगरपालिका विकास भएको हुनेछ । | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | ५७५ | ७०० | ८०० | १००० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- विद्यालय सुधार योजना प्रतिवेदन<br>- | - अभिभावक तथा स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ ।<br>- शैक्षि विकासमा सरकारी, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | विधालय विचैमा छोड्ने विद्यार्थी | संख्या | | ९५०० | १०००० | १२००० | १३००० | | |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | | | | | | | |
| | प्रारम्भिक बालकक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका | जना | | १०६० | | | | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | | ६५ | ७० | ८० | ८५ | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | | ६० | ६५ | ७० | ७५ | | |
| | बालमैत्री सिकाई विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | | | | | | | |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | | | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | | | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल २.२:** सबै प्रकारको स्वास्थ्य सेवा तथा पोषण सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि भएको हुनेछ। | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | | ०.२४ | ०.०४ | ०.१० | ०.१० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ।<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | | २७ | ५० | ७० | ९० | | |
| | जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | | | | | | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | | ४.१७ | १० | १५ | २५ | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | | ५७६ | ४०० | ३०० | २०० | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | जना | | १७९९ | १५०० | १२०० | ९०० | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | संख्या | | २७२७० | २८००० | २८८०० | २९५०० | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | ९८ | ०.०५ | १.० | ०.०५ | | |
| | आधारभुत सुविधा उपलब्ध स्वास्थ्य संस्था | संख्या | | ८ | ३ | ० | ० | | |
| **प्रतिफल २.३:** स्वस्छ खानेपानी सुविधा तथा स्वच्छता र स्वस्थ व्यवहारमा अभिवृद्धि भएको हुनेछ | पाइपबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | | २१८५ | ३००० | ५००० | ७००० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | खानेपानी सुविधा उपलब्ध घरपरिवार | संख्या | | १५३६७ | १६००० | १७००० | १८००० | | |
| | सुरक्षित शौचालय भएका घरधुरी | संख्या | | १५०५२ | १५५०० | १६५०० | १८००० | | |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने अभ्यास गर्ने घरपरिवार | प्रतिशत | | ९९.४३ | १०० | १०० | १०० | | |
| | फोहोर विसर्जन स्थल भएको घरपरिवार | संख्या | | ११३४३ | १२५०० | १५००० | १६००० | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | | ११३४३ | १२५०० | १५००० | १६००० | | |
| **प्रतिफल २.४:** विपन्न, जोखिम रहेका, विशेष संरक्षणको आवश्यकता भएका तथा पछाडि परेका वर्गको सक्षमता, संलग्नता र आत्म विश्वासमा अभिबृद्धि भएको हुनेछ। | नेतृत्वदायी पदमा महिला र लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | संख्या | | ० | ७ | ९ | १५ | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ। |
| | सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | | ० | १० | १५ | २५ | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | | २९१२ | २५० | ६०० | ४०० | | |
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | | ३५४८ | १००० | ४००० | ६००० | | |
| **प्रतिफल २.५:** युवा वर्गको कार्यकुशलता, | सक्रिय युवाक्लब, संजाल तथा संस्था | संख्या | | १० | १५ | ३० | ३० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता |
| | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | | ७७७ | १२०० | २००० | २००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| उद्यमशिलता र क्रियाशिलतामा अभिबृद्धि भएको हुनेछ। | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | | ० | १००० | २००० | २००० | -प्रगति/अनुगमन प्रतिवेदन<br>- | समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ।<br>- युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ। |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | | २ | १ | १ | १ | | |
| | जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | | ५० | ६० | ८० | १०० | | |
| **प्रतिफल २.६:** स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन भएको हुनेछ। | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | | ० | १ | २ | २ | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागितामा अभिबृद्धि हुनेछ। |
| | संरक्षित ऐतिहासिक सार्वजनिक पोखरी | संख्या | | ९ | २ | २ | ५ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | | ० | २ | ४ | ४ | | |
| **असर ३:** बसोबास, व्यावसाय, बजार, शहरी सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउनु | सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | | ५९७ | ५९० | ४५० | ३३९ | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ। |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | | २० | २० | १५ | १० | | |
| | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | | ११८ | १३० | १८० | २५० | | |
| | पक्की घरमा बसोबास गर्ने परिवार | संख्या | | ५५०१ | ५८०० | ६५०० | ७०७५ | | |
| | स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | १७४९४ | १७५०० | १७६०० | १७६८९ | | |
| **प्रतिफल ३.१:** आवागमन, बजार एवं शहरी सुविधामा अभिबृद्धि भएको हुनेछ। | पक्की सडक | कि.मि. | | ४३.५ | ५० | ९० | १२४.५ | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | ग्राभेल सडक | कि.मि. | | ६४ | ७० | ११० | १४४ | | |
| | पक्की पुल | संख्या | | ८ | ९ | १४ | १९ | | |
| | नियमित मर्मत संभार हुने सडकको लम्बाई | संख्या | | ० | २ | ५ | १० | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | | २० | २५ | ३५ | ५० | | |
| **प्रतिफल ३.२:** व्यवस्थित र सुरक्षित वस्ती तथा आवास र सार्वजनिक सुविधामा अभिबृद्धि भएको हुनेछ। | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | | ३ | ४ | ५ | ६ | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति प्रतिवेदन | - संघीय शासन अनुसार नीति वातावरण तयार हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | | ११ | १० | ८ | ५ | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | | ५० | ५० | ७५ | १०० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | | ४० | ४५ | ६० | ८० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | | २० | २२ | ३० | ५० | | |
| | व्यवस्थित नालाको लम्बाई | कि.मि. | | २० | २२ | ३५ | ५० | | |
| | चट्याङ रहित घर निर्माण | प्रतिशत | | १० | २० | ३५ | ५० | | |
| | सडक वत्ती जडान भएका स्थान | संख्या | | ५ | ६ | १० | १५ | -नगर स्थितिपत्र (प्रोफाइल) | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ३.३:** विद्युत तथा स्वच्छ उर्जाको उपलब्धता र उपयोगमा बृद्धि भएको हुनेछ। | विद्युत् सेवा उपलब्ध घरधुरी | संख्या | | १७४३० | १७५०० | १७६०० | १७६८९ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | संख्या | | ९५ | ९५ | ८७ | १०० | | |
| | धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | | ६८ | १०० | २०० | ३०० | | |
| | सोलार प्रणाली भएका घरपरिवार | संख्या | | ६४ | १७७ | ३०० | ५०० | | |
| **प्रतिफल ३.४:** सूचना तथा संचार प्रविधिको उपलब्धता र उपयोगमा बृद्धि भएको हुनेछ। | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | | ५७ | ६० | ७५ | ८० | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा र अद्यावधिक हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | ५७ | ६० | ७५ | ८० | | |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | संख्या | | ४६१०७ | ४५००० | ५५००० | ७०००० | | |
| | स्थानीय स्तरका प्रकाशन र प्रसारण | संख्या | | १६ | १६ | १८ | २० | | |
| | ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | | ६० | ६५ | ८० | १०० | | |
| **असर ४:** जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित हुने | वनबाट नगरपालिकामा प्राप्त रोयल्टी | रु. हजारमा | | ११६२ | १३३४ | २००८ | २८९१ | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- वन तथावातावरण नीतिको पालना हुनेछ। |
| | दहत्तर बहत्तर र जराजुरी बिक्री शुल्क | रु. हजारमा | | ३०० | ४५० | ५०० | ६०० | | |
| | रुख बिरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | | ११९८४ | ११९९० | १२००० | १२१०० | | |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | | ४३२० | ४५०० | ५००० | ६००० | | |
| | विपद्बाट प्रभावित घरपरिवार (२०७६/७७) | संख्या | | | | | | | |
| | अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | | २३८६ | २००० | १५०० | १००० | | |
| | वनमा आधारित उद्यमबाट रोजगार जना | संख्या | | ५३० | ६०० | ८०० | १२०० | | |
| **प्रतिफल ४.१:** वन तथा हरियाली क्षेत्रमा बृद्धि भएको हुनेछ। | व्यवस्थित चरन क्षेत्र | हेक्टर | | | | | | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- वन तथा वातावरण नीतिको पालना हुनेछ। |
| | उत्पादित काठ | टन | | | | | | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जि. | | | | | | | |
| | वनमा आधारित उद्योग व्यवसाय | संख्या | | ५३ | ६० | ८० | १२० | | |
| | दर्ता निजी वन क्षेत्र | हेक्टर | | ३ | ४ | ७ | १० | | |
| | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | | | | | | | |
| | वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | | ३ | ५ | १० | १५ | | |
| **प्रतिफल ४.२:** जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धि भएको हुनेछ। | संरक्षित बाढी संवेदनशील वस्ती | संख्या | | १२५ | १२८ | १३३ | १४२ | - नगर स्थितिपत्र (प्रोफाइल)<br>- डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता |
| | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | | १ | १.५ | २ | ३ | | |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि. | | ० | १ | ३ | ५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानूमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | | ० | १ | ३ | ५ | | समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| **प्रतिफल ४.३:** पर्यावरणीय स्वच्छता, सुन्दरता र स्वच्छ व्यवहारमा अभिबृद्धि भएको हुनेछ। | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | | ७ | ७ | १० | १५ | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- जनस्तरमा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी जनचेतना बृद्धि हुनेछ। |
| | कम्पोष्ट-विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | | ६४ | ६५ | ७० | ७५ | | |
| | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | | ३४ | ३२ | २५ | २० | | |
| | संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | | २ | ३ | ४ | ५ | | |
| | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/नभएको | | नभएको | भएको | भएको | भएको | | |
| | नयाँ घरमा एक विरुवा अभियानबाट रोपिएका विरुवा | संख्या | | ० | ५०० | १५०० | ३००० | | |
| **प्रतिफल ४.४:** विपद् जोखिम, विपद्जन्य क्षति र जलवायु परिवर्तनको असर न्यूनीकरण भएको हुनेछ। | विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | | | | | | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- विपद जोखिम न्यूनीकरण हुनेछ। |
| | तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | | | | | | | |
| | विपदबाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | | | | | | | |
| | नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | विघाहा | | | | | | | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | | | | | | | |
| | स्थानीय विपद व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | | | | | | | |
| | विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. हजारमा | | | | | | | |
| | सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | संख्या | | ९५ | ९८ | १०५ | ११५ | | |
| **असर ५: नगरपालिकाको सेवा** प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु | नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | | ८० | ८० | ८५ | ९० | -नगरस्थितिपत्र(प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- संगठन र व्यवस्थापन सर्वेक्षणबाट तयार संगठन संरचना, मानव संशाधन योजना र कार्यविवरण स्वीकृत भई लागू हुनेछ। |
| | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | | ८ | १५ | १८ | २२ | | |
| | सशक्तिकरण र क्षमता विकास कार्यक्रम बाट लाभन्वित विपन्न/पिछडिएको/लक्षित वर्ग | घरधुरी | | | | | | | |
| | कार्यालयमा कार्यरत प्राविधिक मानव संशाधन | संख्या | | | | | | | |
| | नगरपालिका क्रियाशिल र साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | | ११ | १२ | १४ | १५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ५.१:** शहरी शासन तथा विकास नीति तथा कार्य संचाालन प्रणाली सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ। | स्वीकृत भएका नीति र कानून | संख्या | | | | | | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन<br>-सार्बजनिक सुनुवाइ<br>-नागरिक वडापत्र | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | – ऐन | संख्या | | ६ | १० | १६ | २२ | | |
| | – नियम तथा विनियम | संख्या | | ४ | ६ | ८ | १२ | | |
| | – निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | | १६ | २० | २४ | २८ | | |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | | ७ | ८ | १० | १५ | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | | ३ | ३ | ३ | ५ | | |
| | स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | | ३ | ४ | ५ | ६ | | |
| | पेश भएका नीति, योजना तथा सेवाप्रवाह सम्बन्धी गुनासो सम्बोधन (अभिलेख मध्ये) | प्रतिशत | | ६० | ६० | ८० | ९५ | | |
| | नगरपाालिका पेश भएका नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो | प्रतिशत | | | | | | | |
| **प्रतिफल ५.२:** संगठन क्षमता, मानव, संशाधन, सेवा व्यवस्थापन तथा कार्य दक्षतामा अभिबृद्धि भएको हुनेछ। | नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | | १८४ | १९० | २३५ | २५० | -नगर स्थितिपत्र (प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमन प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। |
| | नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | | ३ | ७ | ५ | | | |
| | वडा तहमा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, महिला र बालबालिका, वातावरण, सरसफाई आदी) | संख्या | | १३ | १५ | | | | |
| | नगरपालिकामा संचालित संघ र प्रदेश स्तरका आयोजना तथा कार्यक्रम एवं इकाई (वार्षिक) | संख्या | | | | | | | |
| | शहरी शासन, योजना तर्जुमा र सेवा प्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | | ५ | २ | ३ | ५ | | |
| | जवाफदेहिता, क्षमता विकास कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | वटा | | ५ | ५ | ५ | ५ | | |
| **प्रतिफल ५.३:** आन्तरिक र वाह्य श्रोत परिचालनमा बृद्धि तथा राजस्व प्रणाली | बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | | ३००७२ | ६४५०० | ९२८८० | १३३७४८ | -नगरस्थितिपत्र(प्रोफाइल)<br>-सर्वेक्षण प्रतिवेदन<br>-प्रगति/अनुगमनप्रतिवेदन<br>-वित्तीयप्रतिवेदन | - संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने तथा स्थानीय कानून तर्जुमा हुनेछ। |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | | ९४०५० | १०४५९० | ११६३५४ | १४४१६६ | | |
| | वित्तिय समानीकरण अनुदान | रु.हजारमा | | १९१५०० | १९२९८९ | २३४२०२ | २८४२९० | | |
| | कूल बार्षिक बजेट | रु.हजारमा | | ८०११७० | १५०७२७२ | १९६३८०८२ | २५६७९१७ | | |
| | बार्षिक वास्तविक खर्च रकम | प्रतिशत | | ६७.६७ | ७५ | ८५ | ९५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दीगो विकास लक्ष्य (लक्ष्य र सूचक) | आधाररेखा (आ.व. ०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| व्यवस्थित भएको हुनेछ । | समपुरक तथा विशेष अनुदान रकम | रु.हजारमा | | २८६६७ | ८८५०० | १०२७४४० | १३८३६० | | - संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ । |
| | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम | रु.हजारमा | | १२६२०० | १३८८२० | १६७९७२ | २०३२४६ | | |
| | समुदायको लगानी तथा योगदान रकम | रु.हजारमा | | ११७९९ | १४२७६ | १७२७४ | १९००२ | | |
| | निजी क्षेत्रको लगानी | रु.हजारमा | | ४०४६४ | ४२५२२ | ५१४५२ | ६२२५६ | | |
| | लक्षित वर्गको बजेट | प्रतिशत | | १५ | १५ | २० | २५ | | |
| **प्रतिफल ५.४:** शहरी योजना तथा विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक भएको हुनेछ । | खण्डीकृत विषयगत र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | | नभएको | नभएको | भएको हुने | अद्यावधिक हुने | - नगरस्थितिपत्र(प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमनप्रतिवेदन<br>- वित्तीयप्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीयनीति र कानूनतर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |
| | स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | | २५ | २५ | २७ | ३० | | |
| | स्वीकृत स्थानीय रणनीतिक/गुरुयोजना (बालबालिका र विपद व्यवस्थापन) | विषयक्षेत्र | | २ | ३ | ४ | ५ | | |
| | नतिजामूलक ढाँचामा योजना तर्जुमा | भए/नभएको | | नभएको | तर्जुमा हुने | तर्जुमा हुने | तर्जुमा हुने | | |
| | अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए/नभएको | | नभएको | तर्जुमा हुने | तर्जुमा हुने | तर्जुमा हुने | | |
| | समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | | ७० | ७२ | ८० | ९० | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | | २ | ३ | ४ | ४ | | |
| | योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | | | | | | | |
| **क्र.सं.** | **प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम** | | | | | | | | |
| | दस्तावेजको परिच्छेद ४, ५, ६, ७ र ८ मा प्रस्तुत छ । | बजेट (रु.हजारमा) | | | | | | - प्रगति तथा अनुगमन प्रतिवेदन | - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |

# परिच्छेद ४
# आर्थिक विकास योजना

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ। नेपाल सरकार एवं प्रदेश सरकारले तर्जुमा गरेको नीति, कानून, योजना र लक्ष्यसँग तादाम्यता कायम गरी स्थानीय सरकारले समेत उक्त अधिकार सुनिश्चित गर्न योजनाबद्ध ढंगले प्रयास गर्न आवश्यक छ। यस तथ्यलाई मनन् गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यावसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस नगरपालिकाको सन्दर्भमा नगरपालिकाको प्रस्तावित भूउपयोग क्षेत्र तथा योजना अनुसार आर्थिक विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

### ४.१.१ कृषि विकास

***विद्यमान अवस्था, संभावना र अवसर***

आवास, उद्योग व्यावसाय र शैक्षिक संगमस्थलको रुपमा देशकै नमूना शहरको रुपमा उदियामान यस कोहलपुर नगरपालिका कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको मुख्य प्रवेशद्धार तथा व्यापारिक केन्द्रको रुपमा रहेको छ। हरित र व्यवस्थित नगरको रुपमा विकासको गतिमा तिब्र रुपमा लम्कदै गरेको यस नगरपालिकाको कुल १८,४२६ क्षेत्रफल मध्ये ६५.३ प्रतिशत अर्थात ११,९८४ वन क्षेत्र वा हरियालीले ढाकेको छ । यसैगरी नगरपालिकाको २३ प्रतिशत क्षेत्र (४१८९ हेक्टर) कृषियोग्य रहेको छ। कूल ४१८९ हेक्टर खेतियोग्य जमीन मध्ये ४००० हेक्टर अर्थात ९५ प्रतिशत जमीनमा हाल खेतीपाती भईरहेको देखिन्छ। हरियाली र मनोरम वातावरण तथा अन्न भण्डार क्षमता बोकेको यो नगरका करिव ७० प्रतिशत मानिस कृषि पेशामा आबद्ध रहेका छन्। खेतीयोग्य जमिन तथा वन क्षेत्रले हराभरा यस नगर क्षेत्रको माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र र भोगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा कृषि, पशुपालन, वन, उद्योग र पर्यटन जस्ता वातावरणमैत्री आर्थिक विकासका कार्यक्रम जोड दिनु पर्ने देखिन्छ।

नेपाल सरकारले गरेका प्रतिवद्धता जनाएका अन्तराष्ट्रिय प्रतिवद्धताहरु दिगो विकासको लक्ष्य एक हो । दीगो विकासको लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य अनुरुप नेपाल सरकारले वि.सं. २०७७ सम्ममा खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्ष भित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । नगर क्षेत्रमा करिव ४०० वर्ग कि.मि क्षेत्रफलमा प्रमुख बालीको रुपमा धान तथा गहुँ उत्पादनमा नगरपालिका आत्मनिर्भर रहेको छ । यसका साथै मकै र दलहन (अरहर, चना केराउ, मसुरो, मास, बोडी, भटमास) बाली, तेलहन (तोरी, सर्स्यु, आलस, तिल, सुर्यमुखी आदी) बालीको उत्पादन समेत प्रशस्त भैरहेको छ । तिब्र गतिमा आवास, उद्योग र व्यावसाय र भौतिक विकास लगायत शहरी विकासका कार्यहरु अगाडि बढिरहेको यस नगर क्षेत्रमा ७० प्रतिशत घरपरिवार संलग्न रहेको खेती प्रणाली भने परम्परागत रहेको छ। यसबाट देशका अन्य शहरोन्मुख ठाउँहरु जस्तै यस नगरपालिकामा पनि कृषि र हरियाली क्षेत्र खुम्चिदै जाने खतरा देखिएको छ।

यस नगरपालिका क्षेत्रमा स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने आँप, पेवा, लिच्चि, कागती, अम्वा, केरा, रुख कटहर, खर्बुजा उत्पादनको प्रसस्त सम्भावना रहेको छ । यसै गरी आलु, काउली, बन्दा, फसी, चिचिन्डा, घिरौला, काको, करेला, बरेला, सीमि, बोडी, लौका, खोर्सानी, साग, प्याज, छ्यापी, केराउ, मुला,

धनिया, सलगम, गाजर, वकुल्ला, टाटे, भण्टा, रुख कटहर उत्पादन जस्ता मौसमी तरकारी वालीका लागि नगर क्षेत्रको हावापानी र माटो उपयुक्त देखिएको छ। स्थानीय स्तरमा उत्पादन भैरहेको वालीहरुको यथोचित संरक्षण तथा प्रवर्द्धन हुन सकेमा र अन्य व्यवसायिक तथा औद्योगिक वालीहरुको उत्पादन गर्न सक्ने संभावना देखिन्छ । यसबाट एकातिर खाद्यन्न सुरक्षा तथा स्थानीय उत्पादनमा अभिबृद्धि हुने र अर्कोतर्फ कृषिमा आधारित उद्योग तथा कृषि पर्यटन मार्फत पर्यटन विकास र प्रवर्धनद्धारा रोजगारी र आय बृद्धि भई स्थानीय अर्थतन्त्रको विकास हुने संभावना देखिन्छ ।

खाद्य सुरक्षातर्फ यस नगरपालिकामा आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार १९ प्रतिशत रहेका छन । यसका लागि एकातिर कृषिमा व्यावसायिक उत्पादनका लागि उन्नत प्रविधिहरुको प्रयोगको शुरुवात भैसकेको देखिन्छ । अर्कोतिर यस नगरपालिकामा होहलपुर, चपरगौडी, हवलदारपुर, कौशीलानगर, मनकामना चोक, विकास नगर, रंगिला चोक जस्ता आन्तरिक बजारहरुको विस्तार भैरहेको छ भने नेपालगञ्ज, कर्णाली प्रदेशको राजधानी सुर्खेत लगायत नेपाल भित्र र भारतमा समेत बजारको सहज पहुँच रहेको छ । यसका लागि कृषि क्षेत्रमा आवश्यक दक्ष मानव संशाधन विकास, वजार पूर्वाधार विकास तथा वजार संजाल निर्माण जस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकासद्वारा हरित र समृद्ध कोहलपुर बनाउन सक्ने संभावना रहेको देखिन्छ ।

***समस्या तथा चुनौति***

कोहलपुर नगरपालिका खाद्यन्न्न वाली धान तथा गहुँ तर्फ आत्मानिभर भईसकेको हालको अवस्थामा पनि परम्परागत निर्वाहमुखी खेती प्रणाली कायम रहेको छ । भुउपयोग नीतिको अभावमा खेतीयोग्य र हरित क्षेत्र खुम्चदै जानु, समयमा गुणस्तरीय बीउ, मल र प्राविधिक सेवा उपलब्ध नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । यसै गरी स्थानीय स्तरमा बीउ उत्पादन, संरक्षण र उपयोग हुन नसक्नु, जंगली जनावारको कारण खेतीबालीमा क्षती पुग्नु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, सिंचाई सुविधा कमी हुँदा मौसमी खेती हुनु तथा मौसमी रुपमा जग्गा बाझो रहनु, पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, खेतीयोग्य जमिन खण्किरण हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । कृषि प्राविधिक जनशक्तिको कमी हुनु तथा माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, कृषिमा कम श्रममुल्यांकणका कारण श्रमशक्तिको अभाव हुनु, वजार व्यवस्था नहुनु, जस्ता अन्य समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् । यसका साथै व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वितिय सेवा पहुँचमा कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको कमी आदि यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

हरित क्षेत्र र अन्न भण्डारको रुपमा रहेको यस नगरमा स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी विस्तार नहुनु र कृषकहरुले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त हुन नसक्नु पनि मुख्य चुनौती रुपमा देखिएका छन् । रैथाने बीउ विजनको संरक्षण र उपलब्धता नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम भएका बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ । आयातित बीउ विजन पनि समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानीकारक झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिम पनि हालका दिनमा बृद्धि भइरहेको छ ।

### ४.१.२ सिंचाई

***विद्यमान अवस्था, संभावना र अवसर***

नगरपलिकामा करिव ७५६ हेक्टरमा सिक्टा सिंचाई आयोजना र डुडुवा सिंचाई आयोवनाबाट सिंचाई भैरहेको छ । हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा नहर, कूलो, बोरिङ, थोपा सिंचाई, रहेका छन् । सिंचाईका लागि

यस नगरपालिकामा रहेका खोला नालाहरुबाट सतह र लिफ्ट सिंचाई प्रणालीको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिने संभावना रहेको छ ।

### *समस्या तथा चुनौति*

राष्ट्रिय गौरवको सिक्टा सिचाई आयोजना अलपत्र पर्नु, पानीको सिमित स्रोतका कारण संचालित अन्य सिंचाई आयोजनाहरु विस्तार हुन नसक्नु तथा संकलन पोखरी, भूमिगत सिंचाइ र लिफ्ट प्रणाली जस्ता वैकल्पिक सिंचाई आयोजना सञ्चालन हुन नसक्नु मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ । नगरको उत्तरतर्फका भुभाग उच्चो भएको कारण सतह तथा वैकल्पिक सिंचाई प्रणाली विस्तार गर्न समस्या रहेता पनि साना सिंचाई आयोजना सञ्चालन गर्न आवश्यक रहेको देखिन्छ ।

## ४.१.३ पशु विकास

### *विद्यमान अवस्था, संभावना र अवसर*

आवासिय तथा व्यापारिक केन्द्रको रुपमा विकास हुँदै गरेको यस कोहलपुर नगरपालिकामा झन्डै ८० प्रतिशत परिवारहरु पशुपालनमा संलग्न रहेको देखिन्छ । नगरपालिकाका ग्रामीण क्षेत्रमा मुख्य रुपमा बाख्रा पालन, गाई पालन, राँगा तथा भैसी, सुगुर तथा बंगुर, कुखुरा तथा माछा पालन रहेको देखिन्छ। खसी बोकाको वार्षिक २९१ मेट्रिन टन मासु उत्पादन भैरहेको, व्यवसायिक कुखुपालनबाट वार्षिक १९८ मेट्रिन टन बराबरको मासु उत्पादन, सुगुर तथा बंगुरको वार्षिक उत्पादन ७८ मेट्रिन टन, राँगा तथा भैसीको मासु २५९ मेट्रिन टन उत्पादन हुने गरेको देखिन्छ। गाईपालनको प्रसस्त संम्भावना रहेको यस नगरपालिकामा २७३००० लिटर वार्षिक दुध उत्पादन हुने गरेको छ भने नगरपालिकामा गाईभैंसीपालन फर्म करिव ८० वटा र ३० दुध संकलन केन्द संचालनमा रहेका छन् ।

यसैगरी यस नगर क्षेत्रमा बाखाको व्यवसायिक उत्पादन गर्ने उद्धेश्यले बाखा पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक उत्पादन भैरहेको छ । करिव २०० वटा व्यवसायिक कुखुरापालन फर्म, ८ वटा व्यवसायिक माछापालन फर्म संचालनमा रहेको देखिन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधानको अभ्यास शुरु भैसकेको देखिन्छ । नगरपालिकामा ७० प्रतिशतले घरपरिवारले पशु विमा गरेका र ७५ प्रतिशत परिवार पशु सेवाको पहुँच रहेका छन् । यस क्षेत्रमा ४ जना पशु सेवा प्राविधिकबाट पशु विकास तथा स्वास्थ्य सेवा उपलव्ध भैरहेको छ ।

पशु विकासका लागि नगरपालिका क्षेत्रमा उन्नत जातको घाँस खेतीको २ वटा स्रोत केन्द्रको स्थापना रहेको छ । वनजङ्गल, खुला क्षेत्र र कृषि क्षेत्र प्रर्याप्त रहेको कारण नगरपालिकाको ग्रामीण क्षेत्रमा चरण क्षेत्रको विकास गर्न सकिने र पशुजन्य उत्पादनको वजारको सम्भावना अधिक रहेको छ । उन्नत प्रविधि, नश्ल र आहार तथा खोर व्यवस्थापन आदिद्वारा पशुपंक्षीपालनलाई व्यावसायीकरण गरी उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा नगरपालिकामा पशुपालन कार्यलाई थप व्यवसायिक, उत्पादन र आयमूलक वनाउन सकिने संभावना देखिन्छ ।

### *समस्या तथा चुनौति*

झण्डै ८० प्रतिशत नगरवासी पशुपालनमा संलग्न रहेको यस नगर क्षेत्रमा अझै पनि परम्परागत वा निर्वाहामुखी प्रणालीबाट पशुपंक्षीपालन हुनु प्रमुख चुनौती देखिएको छ । नगरमा जम्मा ४ जना मात्र पशु सेवा प्राविधिक उपलब्ध हुनु तथा उन्नत जातको गाईभैसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थापनमा कमी तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य यस क्षेत्रका समस्या रुपमा रहिरहेको छ । एग्रोभेटको अभाव, उन्नत जातको घाँस खेती र चरन क्षेत्रको कमी, दक्ष जनशक्तिको कमी

पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, पशु प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेको छ ।

### ४.१.४ पर्यटन तथा संस्कृति

#### *संभावना, अवसर र विद्यमान अवस्था*

पाटे वाघ तथा पश्चिम तराईको जैविक विविधतायुक्त क्षेत्रको संरक्षणको रमणिय तथा हरियाली बाँके राष्ट्रिय निकुञ्ज रहेको यस नगरपालिका पर्यटन विकासको दृष्टिकोणले प्रमुख सम्भावना भएको क्षेत्र मध्ये एक हो । यस नगरपालिकामा ६० भन्दा बढी मनोरम प्राकृतिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरु रहेका छन् । सो मध्ये सृजना भिउ टावर, जैविक पार्क, हात्तिसार, शिद्धिविनायक पार्क, नमूना सामुदायिक होमस्टे र चर्च प्रमुख रहेका छन् । उपरोक्त स्थलहरुमा दैनिक ४५० भन्दा बढी पर्यटक तथा धर्मालम्बीहरुले भ्रमण गर्ने गरेका छन् । यसैगरी यस नगरपालिकाका अधिकांश क्षेत्र जैविक विविधता र दृश्यावलोकनको लागि महत्वपूर्ण रहेको छ । जैविक विविधता, ताल पोखरी अन्य प्राकृतिक र साँस्कृतिक सम्पदा र थारु सँस्कृती, भाषा र कलाको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसारद्वारा ग्रामीण एव्म कृषि पर्यटन विकास र प्रवर्धनको संभावना प्रशस्त देखिन्छ ।

#### *समस्या तथा चुनौति*

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि गुरुयोजना नहुनु, व्यवस्थित रुपमा थारु होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलब्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु प्रमुख समस्याको रुपमा देखिएका छन् । यसै गरी पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति नियम नहुनु, पर्यटकीय विकासको लागि आवश्यक सूचना, पथ प्रदर्शकहरु लगायत प्रवर्धनात्मक कार्यहरुको कमी हुनु, पर्यटन विकासमा नीजि क्षेत्र, गैर सरकारी र समुदायको समन्वय र सहकार्यमा कमी हुनु र सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी नहुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेको देखिन्छ ।

### ४.१.५ उद्योग, व्यापार तथा व्यवसाय

#### *विद्यमान अवस्था, संभावना र अवसर*

नेपालको आवासीय र व्यावसायिक संगमस्थल शहरको रुपमा कोहलपुर नगरपालिका विकसित हुँदै गएको छ । हाल नगरपालिकाको बजार, ब्यापार तथा व्यावसाय कोहलपुर क्षेत्रमा केन्द्रित रहेको छ । हाल नगर क्षेत्रमा सानाठूला गरी ३३५ वटा उद्योग संचालनमा रहेका छन् र सो मध्ये १८ वटा ठुला उद्योग रहेका छन् । साथै नगरपालिकामा १९०० वटा ब्यापार ब्यावसाय दर्ता भएर हाल सञ्चालनमा रहेका छन् । उपरोक्त उद्योग, व्यापार र व्यावसायमा ६,५२५ जना मानिस संलग्न रहेका छन् ।  नगरपालिकामा कृषि तथा व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति ६,००० नजा रहेका छन । थारु बस्तिको बाहुल्य रहेको नगरमा थारु कला संकृति झल्कने किसिमका ३ स्थानमा होमस्टे संञ्चालनमा रहेका छन । थारु सँस्कृति, खानपान, कला, उत्पादन, स्वागत सत्कारमा आधारित पर्यटन ब्यावसाय र उद्योग प्रमुख संम्भावना रहेको देखिन्छ ।

नगर क्षेत्रमा कृषि, पशुपंक्षीजन्य उपज, माछा र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बुन्धी उद्योग ब्यावसायको संभावना रहेको छ । हाल कृषि, पशुपंक्षी, माछा, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री, सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी ब्यापार ब्यवसायमा पनि क्रमिक बृद्धि हुँदै गईरहेको छ । प्रचार प्रसार, बजार ब्यवस्था, बजारीकरण, भौतिक पूर्वाधारको ब्यवस्था जस्ता कुराहरुको प्रबर्द्धन गर्न सकेमा उद्योग, ब्यापार तथा ब्यवसाय सिर्जना र विकास मार्फत नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने प्रमुख संम्भावना रहेको छ ।

### *समस्या तथा चुनौति*

संङघीय शासन प्रणाली कार्यान्वयन पछि उद्योग, ब्यापार तथा ब्यावसायको दर्ता, नविकरण, कर तथा नियमन प्रक्रिया रहेको नीतिगत तथा कानूनी जटिलताको कारण नगरपालिकामा धेरैजसो उद्योग, ब्यापार र ब्यावसायहरु दर्ता, नविकरण नभै संचालनमा रहेका छन् । नीतिगत तथा कानूनी प्रक्रियामा स्पष्टता ल्याई सो अनुसार उपरोक्त उद्योग, ब्यापार र ब्यवसायलाई नगरपालिकामा दर्ता गर्ने, सालबसाली नविकरण गर्ने र नियमित र सहज रुपमा व्यावसाय कर तथा दस्तुर संकलन एक प्रमुख समस्या तथा चूनौति रुपमा रहेको छ ।

। नगरपालिकामा उद्योग व्यावसाय सम्बन्धी सीप तथा जानकारी भएका ६,००० जना भन्दा बढी प्राविधिक जनशक्ति रहेको भएता पनि यस नगरपालिकामा उद्योग व्यवसायमा संम्लग्न जनसंख्या न्यून रहेकोले उल्लिखित प्रावधिक मानव श्रोत लगायत मानव श्रोतको सम्बन्धीत क्षेत्रमा परिचालन गर्ने चुनौती रहेको देखिन्छ,। संचालनमा रहेका उद्योगहरु पनि परम्परागत व्यावसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा विशेषज्ञ स्तरको दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना र प्रविधिमा कमीजस्ता उद्योग व्यवसाय विकासको चुनौतिको रुपमा रहेका छन् ।

## ४.१.६ श्रम तथा रोजगार

### *संभावना, अवसर र विद्यमान अवस्था*

आर्थिक विकासको प्रमुख साधन मध्ये श्रम शक्ति एक हो । रोजगारीका प्रशस्त संभावना तथा अवसर उपलब्ध रहेको यस नगरका मुख्य क्षेत्रहरुमा ४००० भन्दा बढी व्यापार, सेवा क्षेत्र, कृषि तथा पशुपंन्क्षी पालन, निर्माण क्षेत्र, पर्यटन, उद्योग तथा कलकाखाना रहेको देखिन्छ । युवा तथा वेरोजगार व्यक्तिलाई औद्योगिक तालिम, अवलोकन, आद्योगिक अभ्यासद्वारा दक्ष प्राविधिक मानव श्रोत उत्पादन गर्ने, विमा, पेन्सन, जीविकोपार्जन, स्वास्थ्योपचार लगायत सामाजिक सुरक्षाको माध्यमद्वारा श्रमको समस्या हल गरी रोजगारको अवसर सृजना गर्न सकिने देखिन्छ ।

### *समस्या तथा चूनौति*

दक्ष प्राविधिकको मानव श्रोतको उपलब्ध्ता तथा श्रम समस्या (विमा, पेन्सन, जिविकोपार्जन, स्वास्थ्य उपचार आदि) लगायत सामाजिक सुरक्षा कार्यक्रम लागु नहुनु, श्रम शक्ति पलायन हुनु जस्ता यस क्षेत्रमा प्रमुख समस्या तथा चुनौती रहेको देखिएका छन् ।

## ४.१.७ सहकारी तथा वित्तीय सेवा

### *संभावना, अवसर र विद्यमान अवस्था*

यस नगरपालिका ब्यवस्थित शहरउन्मुख रहेको नगर हो । यहाँ ३४ सेवा प्रदायक वित्तीय संस्थाहरु रहेका छन् जस मध्ये २४ वटा बैंक, ३ वटा फाइन्स कम्पनी र ८ वटा लघु वित्त संस्थाका शाखा रहेका छन् । यसै गरी नगरपालिकामा क्षेत्रमा ९४ वटा सहकारी संस्थाहरु रहेका छन् । नगरपालिकामा ७५ प्रतिशत जनसंख्यामा सहकारी तथा वित्तिय सेवा उपलब्ध भैरहेको छ । तर नगरपालिकाका करीव ६० प्रतिशत घरपरिवारमा बैंक तथा वित्तीय सेवाको पहुँचमा रहेको देखिन्छ ।

### *समस्या तथा चूनौति*

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं ब्यवसायको लागि ऋणको जोखिम

उठाउने क्षमतामा कमी, स्थानीय समुदायमा आम्दानी तथा बचतको अभ्यासमा कमी रहनु यस क्षेत्रको विस्तारमा चुनौतीको रुपमा रहेको छ ।

***आर्थिक क्षेत्रका अवसर***

यसबाट उद्योग व्यवसाय विकास र बिस्तार गरी उत्पादन र रोजगारी बृद्धिको संभावना देखिन्छ । यस नगरपालिकामा औद्योगितक उत्पादन, पर्यटकीय स्थल र सेवा, कृषि तथा पशुजन्य उपज, वन र जडिबुटीको विकासको लागि प्रदेश तथा पश्चिम नेपालको व्यापारिक हब नेपालगञ्ज सहित विभिन्न बजार र प्रदेशको अस्थायी राजधानी बुटवल बजारसँग सहज पहुँच रहेको छ ।

## ४.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाका कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा, श्रम तथा रोजगार सुविधा लगायत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ सोच

नगरपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ क्रियाशिल स्थानीय अर्थतन्त्रको निर्माण

### ४.२.२ लक्ष्य

नगरपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ नगरको आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्नु

### ४.२.३ उद्देश्य

नगरपालिकाका आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरणमा विकास गर्नु ।
२. खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु,
३. पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरणमा विकास गर्नु,
४. स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पूर्वाधार, सेवा सुविधा विकास तथा प्रवर्धन र पर्यटकीय आवागमनमा बृद्धि गर्नु,
५. उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि गर्नु,
६. श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रम विकास, विस्तर र प्रवर्धन गर्नु
७. वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि गर्नु ।

### ४.२.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

**तालिका : विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ र ३ : कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण औद्योगिकरण भएको हुनेछ ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि तथा पशुपन्छी उत्पादन प्रवर्धन, व्यवसायीकरण र विविधिकरण प्रोत्साहन गरी कृषकलाई उद्यमी बनाउने | १.१ तुलनात्मक लाभका अन्न, तरकारी, फलफूल र नगदेबाली र पशुपन्छी, माछा, मौरीपालन पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी सेवा केन्द्र मार्फत तत् सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिने छ ।<br>१.२ तरकारी, मेवा तथा अन्य फलफूल, मौरी, पुष्पखेती, च्याउ, माछा, गाईभैसी, कुखुरा तथा पंक्षी र वाखापालनमा केन्द्रित गरी एक उपज एक नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ ।<br>१.३ कृषकहरुमा व्यावसायिक बालीहरुको वीउ तथा बेर्नाको उत्पादन र सहज आपूर्तिका लागि कृषि सहकारी तथा अगुवा कृषकलाई प्रोत्साहन तथा परिचालन गरिने छ ।<br>१.४ कृषि पाठशाला तथा घरदैलो गरी कृषी सेवा प्रसार सेवा तथा प्राविधिक परामर्शलाई सहज र भरपर्दो बनाइने छ ।<br>१.५ बाँझो जमीन राख्ने प्रवृतिलाई न्यूनीकरण गर्न बाँझो जमीनको उपयोग गर्न भूमि वैंक तथा नीजि, समूह तथा सहकारी मार्फत व्यावसायिक खेतीमा परिचालन गरिनेछ ।<br>१.६ खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>१.७ कृषि पेशा तथा जैविक र व्यावसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने ब्यवस्था मिलाइनेछ । |
| २. कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको बृद्धि गर्ने | २.१ जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना, उत्पादन प्रविधि र प्रसार कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।<br>२.२ स्थानीय बीउ-बिजन, बेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यावसायिक खेति व्यापकता दिई उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याइनेछ ।<br>२.३ कृषकको माग, स्थानीय जातमा आधारित विशिष्टकृत एक वडामा एक बहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी बिरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>२.४ मेवा तथा अन्य फलफूल र मसला बाली आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ ।<br>२.५ जमिन बाँझो हुने र खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरु बीच सामुहिक खेति, साझेदारी एवं सहकारी र करार खेति प्रणाली लागू गर्न नीतिगत तथा कानूनी ब्यवस्था गरिनेछ ।<br>२.६ कृषि बालीमा लाग्ने रोग, कीटाणुबाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सहयोगलाई प्रभावकारी बनाइनेछ र |

| रणनीति | कार्यनीति |
|---|---|
| | नोक्सानी न्यूनीकरण गर्न कृषि वीमाको लागि कृषक समूह, सहकारी र विमा कम्पनीसँग सहकार्य गरिनेछ ।<br>२.७ आधुनिक प्रविधि तथा यन्त्र-उपकरणहरुको प्रयोग तथा यान्त्रीकरण गर्न तथा सूचना प्रविधिमैत्री सेवाबाट अत्याधिक लाभान्वित गराउन कृषकहरुको क्षमता बिकास तथा सहयोग उपलब्ध गराइनेछ ।<br>२.८ जलवायु परिवर्तनसँग अनुकूलन भई जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कार्यक्रम तर्जुम र कार्यान्वयन गरिनेछ । |
| ३. कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने | ३.१ छरिएर रहेका साना किसानहरुलाई समूहमा आवद्ध गरी व्यवसाय संचालन सम्बन्धी ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>३.२ कृषक तथा कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ ।<br>३.३ कृषक समूह र सहकारी संस्था गठन गर्न प्रोत्साहन गरिने, अगुवा कृषक परिचयपत्र बितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई पुरस्कृत एवं सम्मानित गरिनेछ ।<br>३.४ बेरोजगार युवाहरुमा कृषिमा आधारित सीप विकास तालिम प्रदान गरी कृषि मजदुर तथा मानवश्रोतको कमीलाई न्यूनीकरण गर्दै स्थानीय स्तरमा युवाहरुको रोजगारी अवसर सिर्जना गरिनेछ ।<br>३.५ विद्यालयमा कृषि विषयमा प्राविधिक धार संचालन गरी कृषिको लागि आवश्यक मध्यस्तरीय जनशक्ति उत्पादन गरी कृषि पेशामा परिचालन गरिनेछ ।<br>३.६ जलवायु परिवर्तनसँग अनुकुलन हुन यसबाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिबृद्धि गराइनेछ । |
| ४. कृषि उपजहरुको व्यवसायीकरण तथा बजार प्रवर्द्धन गर्ने | ४.१ व्यवसायिक संभावना भएका खाद्यान्न, तरकारी, फलफुल र नगदेबालीको व्यवसायिक उत्पादनका लागि सम्भाव्यताका आधारमा पकेट क्षेत्र, व्लक, कृषि जोन घोषणा गरिनेछ ।<br>४.२ कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण र बजारीकरणका लागि अनुदान तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>४.३ कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि बजार प्रवर्द्धन गर्न कृषक र वाह्य बजार क्षेत्रसँग अन्तरसम्बन्ध (Forward & Backward Linkage) विकास गरिनेछ।<br>४.४ मूल्य श्रृङ्खला (value chain) र बृहत उत्पादन (mass production) को अवधारणालाई अवलम्बन गर्न नीतिगत, कानूनी उपयुक्त संयन्त्रको व्यवस्था मिलाइनेछ ।<br>४.५ हालको तरकारी र फलफूल बजारको स्तरोन्नति गर्ने तथा कृषि पकेट क्षेत्र नजिक नयाँ कृषि बजार तथा संकलन केन्दको व्यवस्था स्थानीय, प्रदेश र राष्ट्रिय स्तरका विक्रेताहरुलाई कृषि उपजहरु विक्री वितरण गर्ने अवस्था सिर्जना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.६ कृषकहरुलाई कृषि उत्पादन, प्रविधि, कृषि उपजहरुको बजार क्षेत्र र बाह्य बजारको बारेमा सूचना प्रविधिवाट नियमित जानकारी गराउन नगरपालिकामा प्रभावकारी संयन्त्रको व्यवस्था गरिनेछ ।<br>४.६ स्थानीय उद्यमी, ब्यवसायी, सहकारीको साझेदारीमा खेती, कृषि उपज संकलन तथा प्रशोधन स्थापना गरी समन्वय र सहकार्य गरिनेछ ।<br>४.८ इच्छुक युवा, लक्षित वर्ग र कृषकहरुका लागि कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम, प्रविधि, प्राविधिक तथा ब्यावसायिक परामर्श सेवा उपलब्ध आवश्यक ब्यवस्था गरिनेछ ।<br>४.९ कृषि ब्यावसाय तथा उत्पादन (कृषि फार्म, उत्पादन र प्रशोधन र बजारीकरण) लाई कृषि पर्यटन अवधारणा अनुसार संचालन र ब्यवस्थापनको ब्यवस्था मिलाइनेछ । |
| ५. कृषि पूर्वाधारको विकास र विस्तार गर्ने | ५.१ कृषि उपजहरुको ढुवानी र कृषि सामाग्री आपुर्तीको सहजताका लागि प्राथमिकताको आधारमा वातावरणमैत्री कृषि सडकहरु निर्माण गरिनेछ ।<br>५.२ कृषि बजार विकास प्रवर्द्धनका लागि प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र, गोदामघर र नगरपालिकाको मुख्य बजार क्षेत्रमा हाटबजार केन्द्र, कोशेली घर, बिक्री कक्ष र शीतभण्डारको ब्यवस्था गरिनेछ ।<br>५.३ उपयुक्त स्थानमा कृषि उत्पादनको विविधीकरण जस्ता कार्यका लागि प्रशोधन केन्द्र सहितको सुविधा उपलब्ध हुने उद्योग ग्राम स्थापना गरिनेछ । |
| ६. स्थानीय कृषि ब्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने | ६.१ कृषि विकास, सेवा तथा बजार ब्यवस्थापन सम्बन्धी नीति, कानून मापदण्ड तयार गरी सो को कार्यान्वयन ब्यवस्था गरिनेछ ।<br>६.२ ब्यावसायिक कृषि बिकासका लागि दीर्घकालीन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६.३ कृषि अनुसन्धान केन्द्र, ज्ञानकेन्द्र, कृषि सहकारी र वित्तीय संस्थाहरुको भूमिकालाई प्रभावकारी बनाउन समन्वय र सहजीकरण गरिनेछ ।<br>६.४ कृषिमा महिला, दलित, विपन्न वर्ग, युवा र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरी ब्यावसायिक खेती तथा कृषिमा आधारित ब्यावसाय संचालनको लागि तालिम, निशुल्क कृषि विमा, बीउविजन, प्रविधि, सहुलियत दरमा ऋृण र भूमि बैंक मार्फत लिजमा जग्गाको व्यवस्था गरिनेछ ।<br>६.५ महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने ब्यवसायिक खेतिलाई यान्त्रीकरण गर्न कृषिका आधुनिक प्रविधिहरु सामुहिक जमानीमा निशुल्क उपलव्ध गराइनेछ । |
| **उद्देश्य २: खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यमान सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने | १.१ सिक्टा सिंचाई आयोजनालाई सम्पूर्ण रुपमा सम्पन्न र संचालन गर्न नेपाल सरकारसँग समन्वय, छलफल र पैरवी गरी सिचाई सुविधाको व्यवस्था गरिनेछ ।<br>१.२ उपलब्ध सिंचाई आयोजना (कूलो, नहर तथा बाँध) को मर्मत सम्भार गरी सिंचाइ सुविधालाई नियमति गरिनेछ र<br>१.३ नयाँ सतह र भूमिगत सिंचाईका आयोजना निर्माण गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधाको विस्तार गरिनेछ ।<br>१.४ संचालित सिंचाई कूलो, पोखरी र अन्य आयोजनाको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ । |
| २. वैकल्पिक सिंचाइ सुविधाको बिकास र प्रयोग बढाउने | २.१ संघीय र प्रदेश सरकारको सहयोगमा पोखरी, लिफ्ट तथा भूमिगत, सिंचाइ प्रणाली जडान तथा समुचित व्यवस्थापन गरी सिंचाई सुविधा विस्तर गरिनेछ ।<br>२.२ व्यवसायिक तरकारी खेती कार्यलाई प्रवर्द्धन गर्न थोपा तथा फोहोरा सिंचाई सुविधाको लागि अनुदान मार्फत प्रोत्साहन गरिनेछ ।<br>२.३ उपभोक्ताहरु मार्फत नजिकको ताल तलैया, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गरी वरपरका क्षेत्रहरुमा नियमित सिंचाइ सुविधा उपलब्ध गराइनेछ । |
| **उद्देश्य ३: पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरण भएको हुनेछ ।** | |
| १. पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, प्रवर्धन, विविधिकरण र विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने | १.१ तुलनात्मक लाभका पशुपन्छीपालन, माछा, मौरीपालन र कृषिका अन्य पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी सेवा केन्द्र मार्फत तत् सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.२ माछा, गाईभैसी, कुखुरा तथा पंक्षी र वाखापालनमा केन्द्रित गरी एक उपज एक नमूना पशुपंक्षी तथा मत्स्य फर्म मोडेलको रुपमा संचालन गरिनेछ ।<br>१.३ नश्ल सुधारका लागी उन्नत नश्लका प्रजनन्योग्य बोका, बिर, रागो, साढे वितरण र कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन र विस्तार गरिने छ ।<br>१.४ पशुपालनमन व्यवस्थापकीय पक्षहरु खोर, गोठ, आहारा, प्रजनन्, स्वास्थ्य र विमा व्यवस्थापन कार्यक्रम सञ्चालन गरीनेछ ।<br>१.५ पशुपालक कृषकलाई व्यवसाय उन्मुख गराउन माग, उत्पादन र प्रतिफलमा आधारित अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.६ पशु विकास पकेट क्षेत्रका सार्वजनिक र निजी जग्गामा भुई तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पुरा गरिनेछ । |
| २. कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुको क्षमता | २.१ छरिएर रहेका साना किसानहरुलाई समूहमा आवद्ध गरी व्यवसाय संचालन सम्बन्धी ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| अभिबृद्धि गर्ने र कृषकलाई उद्यमी बनाउने | २.२ पशुपालक कृषक, समुह र सहकारी संस्थाहरुलाई व्यवसाय उन्मुख तालिम, भ्रमण र व्यवहारिक सेसन सञ्चालन गरीने छ ।<br>२.३ पशुपालन समूह, सहकारी तथा फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता विकासमा सहजीकरण गरिनेछ ।<br>२.४ उत्कृष्ट कृषक, पशुपालन समुह, समिति र सहकारीहरुलाई पुरस्कृत गरी पशुपालन पेशामा आकर्षण बृद्धि गरिनेछ ।<br>२.५ पुशपालन पकेट क्षेत्रका विद्यालयमा पशु विज्ञान सम्बन्धी प्राविधिक धार संचालन गरी पशुपालन क्षेत्रमा आवश्यक मध्यस्तरीय जनशक्ति उत्पादन गरी परिचालन गरिनेछ ।<br>२.६ जलवायु परिवर्तनसँग अनुकुलन हुन यसबाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिबृद्धि गराइनेछ ।<br>२.७ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न  पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिबृद्धि गरिनेछ । |
| ३. पशुपंक्षीजन्य उपजको वजार प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने | ३.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी बृद्धि गर्न उत्पादनको विविधीकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>३.२ कृषकहरुलाई विभिन्न सीप तथा व्यावसाय प्रवर्धन तालिमहरु संचालन गरी क्षमता अभिबृद्धि गरिनेछ ।<br>३.३ पशुपंक्षीजन्य उत्पादनको विविधीकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणमा अनुदानको व्यवस्था गरिनेछ ।<br>३.४ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यहरु एकीकृत रुपमा संचालन गरिनेछ  ।<br>३.५ सूचना प्रविधिमा कृषकहरुको पहुँच बृद्धी गरी पशुपंक्षी बजार सूचना र स्थानीय तथा वाह्य बजारबारे नियमित रुपमा जानकारी गराउने संयन्त्र विकास गरिनेछ ।<br>३.६ पशुपन्छीजन्य उत्पादनहरुको बजारीकरण गर्न पशु हाटबजार, बधशाला, संकलन केन्द्र स्थापना तथा विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.७ पशुपालन ब्यावसाय तथा उत्पादन (कृषि फार्म, उत्पादन र प्रशोधन र बजारीकरण) लाई कृषि पर्यटन अवधारणा अनुसार संचालन र व्यवस्थापनको व्यवस्था मिलाइनेछ ।<br>३.८ पर्यटकहरुलाई लक्षित गरी कृषि तथा पशुपंक्षीजन्य उपजहरुको उत्पादन, प्रशोधन र ब्राण्डिङ्ग (रावडी, मिठाइ) लागी कृषक, समूह र नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ । |
| ४. पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवाको विस्तार गर्ने | ४.१ घरदैलो गरी पशु सेवा प्रसार र पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइने छ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ४.२ प्रत्येक वडामा दक्ष पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।<br>४.३ पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजिवी नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।<br>४.४ मानववाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालनमा नियमन गरिनेछ ।<br>४.५ खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ ।<br>४.६ सुविधा सम्पन्न पशुवधशाला सिघ्र निर्माण सम्पन्न गरी स्वस्थ मासुको उपलब्धता र फोहोरमैलाको व्यवस्थापन गरिनेछ । |
| ५. पशुपंक्षी पालन सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने | ५.१ पशुपंक्षीको व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>५.२ ऐन नियमको पालना, प्रक्रिया, नतिजाको नियमित रुपमा अनुगमन, नतिजा मापनका लागि संयन्त्र तथा ढाँचाको बिकास गरिनेछ । |
| **उद्देश्य ४:** स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पूर्वाधार, सेवा सुविधा विकास तथा प्रवर्धन र पर्यटकीय आवागमनमा बृद्धि भएको हुनेछ । | |
| १. पर्यटकीय स्थल, स्रोत र सम्पदाको पहिचान नक्शाङ्कन, विकास र प्रवर्द्धन गर्ने | १.१ नगर क्षेत्रका संभाव्य प्राकृतिक, साँस्कृतिक र मनोरम स्थल तथा गन्तव्य र उत्पादनहरुको विस्तृत अध्ययन गरी नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गर्ने र सोको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार निर्माण, स्तरोन्नति र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ।<br>१.२ पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>१.३ लुम्बिनी, बर्दिया राष्ट्रिय निकुञ्ज, रारा लगायत नेपालका प्रमुख पर्यटकीय गन्तव्यहरुसँग अन्तरआवद्धता कायम गरी निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकासका कार्यहरु संचालन गरिनेछ ।<br>१.४ निजी लगानीकर्तालाई पर्यटकीय बस्तु, कला तथा पर्यटन पूर्वाधार लगानीमा प्रोत्साहित गर्ने<br>१.५ आन्तरिक एवं वाह्य पर्यटन प्रवर्धनका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ । |
| २. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने | २.१ प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक, कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२ स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित होमस्टे कार्यक्रम संचालन गरिनेछ ।<br>२.३ कृषि तथा पशुपालन पकेट क्षेत्रमा एकीकृत कृषि फर्म स्थापना सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>२.४ पर्यटन विकास र विस्तार कार्यलाई सम्पदा संरक्षण र सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ ।<br>२.५ बाँके राष्टिय निकुन्जसंग पर्यापर्यटन प्रबर्द्धनमा सहकार्य गरिनेछ ।<br>२.६ नेपाल सरकार, प्रदेश सकार, गैसस र निजी क्षेत्रसँग साझेदारी गरी संभाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवा सुविधा सहित पर्यटन विकास गरिनेछ । |
| ३. पर्यटन क्षेत्रलाई नगर विकासको एक अग्रणी क्षेत्रको रुपमा विकास र प्रवर्धन गर्न संस्थागत आधार तयार गर्ने | ३.१ नगरपालिकामा पर्यटन विकास तथा साँस्कृतिक संरक्षण समिति र कार्यपालिकाको कार्यालयमा शाखा गठन गरी पर्यटन विकास, सँस्कृति संरक्षण र प्रवर्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गरिनेछ ।<br>३.२ स्थानीय सँस्कृति, कला तथा रहनसहनलाई पर्यटन विकाससँग आवद्ध गरी संरक्षण र प्रवर्धन गरिनेछ ।<br>३.३ पर्यटन विकास र साँस्कृतिक सम्पदा संरक्षणमा प्राथमिकतासाथ लगानी गरिनेछ ।<br>३.४ पर्यटन तथा सँस्कृति प्रवर्धनका लागि नीजि, समुदाय, विकास साझेदार बीच साझेदारी र सहकार्यमा अभिबृद्धि गरिनेछ ।<br>३.५ सामाजिक सञ्जाल र विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी पर्यटकीय गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ । |
| ४. पर्यटन विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने | ४.१ पर्यटन विकास विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिने छ ।<br>४.२ कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम संचालन गरिने छ ।<br>४.३ पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन नगर विकास सम्बन्धी कार्यक्रम लक्षित वर्ग र समुदाय प्राथमिकता दिई संचालन गरिनेछ । |
| ५. थारु लगायत अन्य समुदायको स्थानीय कला, सँस्कृति भेषभुषा र सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धी गर्ने | ५.१ स्थानीय युवालाई कला सँस्कृती, सोको मौलिकता, संरक्षण र उपयोग बारे अध्ययन अनुसन्धान गर्न अभिप्रेरित गरिनेछ ।<br>५.२ होमस्टे संचालन गरी कला सँस्कृतीलाई पर्यटन विकाससँग आवद्ध गरिनेछ ।<br>५.३ थारु समुदायसँग सम्बन्धीत कला, सँस्कृती र भेषभुषाको संरक्षण र प्रवर्धन गर्न पहल गरिनेछ ।<br>५.४ आरन, भाडावर्तन, हाते सामान निर्माण, सिलाई बुनाई जस्ता परम्परागत सिल्पी पेशालाई नयाँ प्रविधि हस्तान्तरण गरी व्यावसायिक बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५.५ कला, सँस्कृती, चलन, भेषभुषाको मौलिकता उपयोग बारे प्रकाशन, प्रसारण गरिनेछ ।<br>५.६ प्रदर्शनी र सूचना प्रविधिको प्रयोग गरी कला तथा संस्कृति प्रवर्धन गरिनेछ । |
| **उद्देश्य ५: उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ ।** | |
| १. कोभिड १९ ले उद्योग, व्यापार र व्यावसायमा पारेको नकारात्मक असर न्यूनीकरण गर्न राहत र पुनर्लाभको कार्यक्रम संचालन गर्ने | १.१ कोभिड १९ ले उद्योग, व्यापार र व्यावसायमा परेको असर अध्ययन तथा लेखाजोखा गरी पुनर्स्थापना र सुचारु गर्न विशेष व्यवस्था र प्याकेज कार्यक्रम संचालन गरिनेछ ।<br>१.२ कोभिड १९ ले प्रभावित रोजगार र उत्पादनमूलक साना उद्योग व्यवसाय पुनःस्थापना र सूचारु गर्न कर छुट लगायत राहत प्याकेज उपलब्ध गराइनेछ ।<br>१.३ रोजगारमूलक पूर्वाधार, कच्चा पदार्थ र उर्जा लगायतको सहुलियत उपलब्ध गराउन सहजीकरण गरिनेछ । |
| २. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीप र रोजगारी सृजना गर्ने उद्योग, व्यावसायलाई प्राथमिकता दिई संचालन गर्ने | २.१ उपलब्ध कच्चा पदार्थ श्रोत साधन, सीप प्रविधिमा आधारित उद्योग व्यवसाय संचालनका लागि निजी क्षेत्र, सहकारी र वैंकसँग समन्वय, सहकार्य र साझेदार गरिनेछ ।<br>२.२ स्थानीय उद्यमी, व्यवसायी, सहकारी र नीजि क्षेत्रको साझेदारीमा कृषि प्रशोधन, दाना उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।<br>२.३ सहकारी संस्थामा आवद्ध सबै सदस्यहरुलाई हस्तकला जस्ता निर्यात जन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।<br>२.४ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको सिर्जना र विकासका लागि आवश्यक भौतिक पूर्वाधारहरुको निर्माण सहित उद्योग ग्रामको स्थापना गरिनेछ ।<br>२.५ स्थापित उद्योग ग्राममा उद्योग तथा वाणिज्य सम्बन्धी प्रशासनिक वैकिङ्ग, व्यवसायिक परामर्श लगायतका सेवाहरु एकै स्थानमा उपलब्ध गराई प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गरिनेछ र यसका लागि सहकारी एवं निजीक्षेत्रसँग सहकार्य गरिनेछ । |
| ३. नगर क्षेत्रको विशेषता, मौलिकता र आर्थिक विकासको प्राथमिकता अनुसार औद्योगिक र व्यावसायिक उत्पादनलाई विशिष्टीकरण गर्ने | ३.१ परम्परागत, मौलिक एवं कला संस्कृतिसँग सम्वन्धित उद्योग ब्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत ब्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।<br>३.२ ब्यावसायिक संभावना भएका वस्तुहरुको विस्तृत अध्ययन अनुसन्धान गरी वेरोजगार युवाहरुलाई सो सम्बन्धी सीप तथा उद्यमशीलता विकास तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.३ वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, वन र पर्यटन क्षेत्रमा उद्यमशीलता विकासका लागि प्रोत्साहित गर्दै स्थानीय आर्थिक कारोवारमा गतिशिलता ल्याइनेछ ।<br>३.४ कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन जोड दिइनेछ। |
| ४. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने | ४.१ नगरपालिका मुख्य वजार क्षेत्रहरुमा विक्री कक्ष, प्रदर्शनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ ।<br>४.२ स्थानीय सहकारीहरुको समन्वयमा प्रत्येक वडामा १/१ वटा कृषि सामग्री तथा स्थानीय कृषि उपज एवं घरायसी उपभोगका वस्तु बिक्री गर्ने सहकारी पसल संचालनको व्यवस्था मिलाईने छ ।<br>४.३ नियमित रुपमा नगर, प्रदेश र राष्ट्रिय स्तरमा ब्यापार मेला तथा प्रदर्शनी आयोजना गरी उत्पादिन वस्तु र सेवाको प्रवर्धन गरिनेछ।<br>४.४ औद्योगिक तथा व्यापारिकमा पर्ने बजार क्षेत्रहरुमा क्रमशः भौतिक पूर्वाधार, सेवा सुविधाहरु उपलब्ध गराउदै साना, मझौला र ठूला व्यापारिक केन्द्रको रुपमा बिकास गर्दै शहरीकरण गरिनेछ ।<br>४.५ स्थानीय उत्पादनलाई वाह्य बजारसम्म पुऱ्याउन बजार सूचना तथा संजाल संयन्त्र तयार गरी प्रभावकारी बनाइनेछ ।<br>४.६ औद्योगिक सेवा, सूचना प्रवाह, प्रविधि सम्बन्धीसूचना संकलन र प्रवाह र बिस्तारलाई विस्तार गरिनेछ । |
| ५. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता जोड दिने | ३.१ महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा बृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय सिर्जना र संचालनका लागि प्रोत्साहन गरिनेछ ।<br>३.२ परम्परागत ज्ञान, सीप र प्रविधिलाई आधुनिकीकरण गरी ब्यावसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।<br>३.३ आवश्यक पूँजी पहुँच नभएर उद्योग ब्यवसाय शुरु गर्न नसक्ने लक्षित वर्गलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी ब्यवसाय संचालनको वातावरण श्रृजना गरिनेछ ।<br>३.४ लघु तथा घरेलु उद्योग धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ ।<br>३.५ सीमान्तकृत समुदायलाई सीप र क्षमता अभिबृद्धि गरी औद्योगिक र ब्यावसायिक क्षेत्रमा परिचालन गरिनेछ । |
| ६. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने | ६.१ उद्योग व्यवसाय बिकास सम्बन्धी नीति, कानून, कार्यविधि र मापदण्ड बनाई औद्योगिक र व्यावसायिक वातावरण सिर्जना गरिनेछ ।<br>६.२ नगर क्षेत्रमा उद्योग, व्यापार व्यावसाय स्थापना, संचालन र प्रवर्द्धनका रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>६.३ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६.४ नगरपालिका स्थापना भई संचालन भएका सबै प्रकारका उद्योग, व्यापार र व्यावसायको स्वीकृत मापदण्ड अनुसार दर्ता वा अनुमती नविकरण, नियमन, खारेजी र लगत कट्टाको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ६: श्रम तथा रोजमूलक आयोजना तथा कार्यक्रम विकास, विस्तर र प्रवर्धन भएको हुनेछ ।** | |
| १. नगरपालिकामा संचालन हुने विकास निर्माण कार्य मार्फत श्रम तथा रोजगार प्रवर्धन गर्ने | १.१ नगरपालिकामा वेरोजगारहरुको विस्तृत लगत तयार गरी श्रम वैंक स्थापना गरिनेछ ।<br>१.२ उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना स्थापित श्रम वैंक मार्फत संचालन गरिनेछ ।<br>१.३ नगरपालिका क्षेत्रमा निर्माण र संचालन हुने विकास आयोजनामा अत्यावश्यक वाहेक अन्य श्रमबाट संचालनको व्यवस्था गरिनेछ ।<br>१.४ स्थानीय श्रमीकहरुलाई दक्ष शिल्पी वा मिस्त्री बनाउन बजारको माग अनुसार तालिम र प्रविधि हस्तान्तरण गरिनेछ । |
| २. नगरपालिकाको तत्कालिन, मध्यमकालिन र दीर्घकालिन अवधिका लागि रोजगार योजना बनाई सो अनुसार विकास निर्माण कार्य संचालन गर्ने | २.१ कोभिड १९ को आर्थिक असर र वेरोजगार सम्बन्धी अध्ययन गरी विवरण संकलन र अद्यावधिक गरिनेछ ।<br>२.२ अध्ययनको निष्कर्षको र वेरोजगारको विवरणको आधारमा नगरपालिकाको रोजगार योजना तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।<br>२.३ नगरपालिका कृषि, वन तथा उद्योग व्यावसायमा आधारित स्वरोजगार कार्यक्रम प्राथमिकताको साथ संचालन गरिनेछ ।<br>२.३ प्रदेशस्तरीय आद्यौगिक ग्राम संचालनको लागि प्रदेश सरकारसँग पैरवी र समन्वय गरिनेछ ।<br>२.४ नेपाल सरकारको उद्योग मन्त्रालयसँग समन्वय गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि पैरवी गरिनेछ । |
| ३. युवालाई लक्षित गरी उत्पादन, रोजगारी र आयमा बृद्धि गर्ने | ३.१ वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय संचालनमा प्रोत्साहित गरिनेछ ।<br>३.२ वैदेशिक रोजगारीमा रहेका परिवार, फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ । |
| **उद्देश्य ७: वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि भएको हुनेछ ।** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १.१ बैंकिङ लगानी कृषि र उद्योग क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ<br>१.२ लक्षित समूदाय र वर्गका लागि वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>१.३ बैंक तथा वित्तीय संस्था व्यावसाय विकास सेवा प्रवाहको लागि प्रोत्साहन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ सहकारी संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ ।<br>१.५ बैकिङ्ग कारोवारको भुक्तानी प्रक्रिया तथा कारोवारमा नगदी कारोवार भन्दा नन क्यास पद्धतिको विकास गर्न वित्तिय संस्थाहसँग समन्वय गरी आधार तयार गरिनेछ । |
| २. बैंकिङ तथा वित्तीय कारोवारमा नगरवासीको सहज पहुँच कायम गर्ने | २.१ वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असाहय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैकिङ प्रणाली संचालन गर्न समन्वय गरिने छ ।<br>२.२ आर्थिक कारोवार विस्तार लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ । |

### ४.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । आर्थिक विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ४.२ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७६/०७७ | कूल लक्ष्य (२०८२/८३) | | |
| **उद्देश्य १: कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण औद्योगिकरण भएको हुनेछ ।** | | | | | |
| १.१ कृषि तथ्याङ्क र कृषि विकास योजना तर्जुमा | पटक | ० | १ | २५०० | कृषि क्षेत्र वस्तुस्थिति (Profile) तयार गर्ने |
| १.२ भुउपयोग क्षेत्र निर्धारण तथा योजना तर्जुमा | पटक | ० | १ | ४५०० | नगरपालिकास्तर |
| १.३ एक वडा एक कृषि प्राविधिक तथा अगुवा कृषक कार्यक्रम | संख्या | ४ | १५ | ३०००० | सबै वडामा |
| १.४ विउ उत्पादन तथा भण्डारण कार्यक्रम (सामुदायीक विउ बैंक स्थापना) | पटक | ० | ५ | ५००० | नगरस्तर |
| १.५ कृषि सेवा केन्द्रको स्थापना (मल, विउ, यन्त्र, विषादि, प्राविधिक सेवा, ढुवानी आदी) | संख्या | ० | १ | १०००० | वडा नं. ११ |
| १.६ कृषि उत्पादन पकेट कार्यक्रम | संख्या | १ | १४ | १२५०० | नपा भरी |
| १.७ खाद्यान्न बाली विकास कार्यक्रम (धान, गहुँ, तरकारी, मकै) | पटक | २ | १० | ४०००० | सबै वडामा |
| १.८ व्यवसायिक फलफूल उत्पादन पकेट विकास कार्यक्रम (मौरीपालन पुत्का संरक्षण समेत) | फर्म संख्या | ८ | ४० | ४००० | सबै वडामा |
| १.९ मत्स्य विकास कार्यक्रम | हेक्टर | ० | ५ | ६००० | पकेट क्षेत्र निर्धारण गर्ने |
| १.१० नमूना कृषि फार्म कार्यक्रम | जना | १५० | ७०० | १२५०० | प्रत्येक वडामा |
| १.११ बहुउद्देश्यीय कृषि नर्सरी संचालन | संख्या | २ | ५ | १५०० | नपाको पायक पर्ने स्थानमा |
| १.१२ जैविक मल तथा विषादी प्रवर्द्धन कार्यक्रम (गोठ तथा भकारो सुधार कार्यक्रम समेत) | संख्या | १५० | ५०० | १०००० | घरपरिवार तह वा निजी क्षेत्रमा संस्थागत रुपमा भर्मी कम्पोष्ट |
| १.१३ स्थानीय विउ संरक्षण तथा प्रद्धधन | प्पटक | ० | १० | २००० | सबै वडामा |
| १.१४ कृषि उपज संकलन, हाटवजार, सित भण्डार र कृषि एम्बुलेन्स संचालन | स्थान | ३ | १५ | ४०००० | - कृषि उपज संकलन केन्द्र<br>- कृषि सूचना प्रसारण केन्द्र<br>- हाटबजार<br>- सित भण्डार |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७६/०७७ | कूल लक्ष्य (२०८२/८३) | | |
| | | | | | - कृषि एम्बुलेन्स |
| १.१५ कृषि सहकारी, बजारीकरण र प्रवर्धन कार्यक्रम | वटा | ० | १५ | ३०००० | प्रत्येक वडामा न्युनतम १ वटा सहकारी मार्फत गर्ने |
| १.१६ कृषि प्राबिधिक शिक्षा प्रवर्धन | विद्यालय | ३ | ६ | ३०००० | - |
| १.१७ खाद्यन्न, तरकारी, फलफुल गुणस्तर परीक्षण, नियमन र न्युनीकरण प्रयोगशाला स्थापना | संख्या | ० | १ | ३०००० | - वडा नं. १४ हवल्दारपुर |
| १.१८ कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | संख्या | १० | २५ | १२५०० | - उत्पादक व्यवसायी अन्तर्क्रिया<br>- अध्ययन अवलोकन भ्रमण<br>- कृषक समूह तथा सहकारीको वजारीकरण क्षमता विकास<br>- वजार संजाल विकास तालीम |
| १.१९ कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | ६००० | सशर्त अनुदान र अन्य बजेटबाट संचालन गर्ने |
| **कृषि विकास जम्मा** | | | | १४७००० | |
| **उद्देश्य २: खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ।** | | | | | |
| २.१ नयाँ सिंचाई आयोजनाको संभाव्यता अध्ययन तथा डि.पि.आर तयारी | पटक | ० | ३ | २५०० | क्षेत्र पकेट क्षेत्र र सुख्खा क्षेत्र लक्षित गर्ने |
| २.२ बैकल्पिक र साना सिंचाई विकास कार्यक्रम | संख्या | ५० | १५० | ३०००० | आकाशे पोखरी, साना मुहान संरक्षण, संकलन पोखरी सहित पाईप, लिफ्ट सिंचाई आदि) |
| २.३ पोखरी संरक्षण कार्यक्रम | संख्या | २ | ५ | १२५०० | वडा नं. १५, १४, ८, १३, ११, ६ मा |
| **सिंचाई विकास जम्मा** | | | | ४५००० | |
| **उद्देश्य ३ :** पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरण भएको हुनेछ। | | | | | |
| ३.१ पशुपंछी श्रोत केन्द्रको स्थापना (वोयर वाखा, कुखुरा र बटाइ) | पटक | ० | ३ | १०००० | वडा न. ८ मा |
| ३.२ पशु नश्ल सुधार कार्यकम | प्पटक | ३ | ५ | ५००० | सवै वडामा |
| ३.३ पशु स्वास्थ्य सेवा, उपचार, रोग नियन्त्रण तथा खोप कायक्रम | पटक | ३ | ५ | १२५०० | एक वडा एक पशु प्राविधिक |
| ३.४ पशु विमा कार्यक्रम | संख्या | ० | ७५०० | २५००० | उत्पादन आधारित अनुदान |
| ३.५ नमूना पशुपंक्षी फर्म संचालन | संख्या | ० | १५ | ४५००० | लगत साजेदारी |
| ३.६ दुग्ध चिस्यान तथा प्रशोधन केन्द्रको स्थापना र संचालन | संख्या | २ | ५ | ८००० | वडा न. ११, १२ र १३ मा केन्द्रित गर्ने |
| ३.७ आधनिक पशुबधशाला स्थापना र संचालन | संख्या | ० | १ | ८०००० | वडा न. ११ वडामा |
| ३.८ मासु प्रशोधन, विविधिकरण र बजारीकरण कार्यक्रम | संख्या | ९ | ५० | २०००० | सवै वडमा |
| ३.९ पशु स्वास्थ्य प्रयोगशाला स्थापना र संचालन | संख्या | ० | १ | ७००० | वडा नं. ११ |
| ३.१० माछापालन प्रवर्द्धन कार्यक्रम | वटा | ८ | १० | ५००० | लागत सहभागितामा संचालन गर्ने |
| ३.११ पशु आहार व्यवस्थापन कार्यक्रम | घरधुरी | ५००० | ५००० | १०००० | दाना र घाँस |
| ३.१२ व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | १३२ | ५०० | ५०००० | - बाखापालन फर्मः २५ वटा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७६/०७७ | कूल लक्ष्य (२०८२/८३) | | |
| | | | | | - गाईभैंसीपालन फर्मः ९० वटा<br>- बंगूरपालन फर्मः १५ वटा कुखुरापालनः ४० वटा<br>- माछापालनः ८ वटा<br>- पोखरी ८ |
| ३.१३ पशु स्वास्थ्य प्राविधिकको व्यवस्था | जना | ४ | १२ | २१५०० | |
| ३.१४ साना किसान सुदृढीकरण कार्यक्रम | घरधुरी | २००० | ५००० | ३५००० | सबै वडामा |
| ३.१५ पशुसेवा सालवसाली कार्यक्रम | पटक | ० | ५ | १०००० | |
| **पशु सेवा जम्मा** | | | | **३४४०००** | |
| **प्रतिफल १.४: महत्वपुण पर्यटक स्थाहरुको विकास भई आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनमा बृद्धि हुनेछ।** | | | | | |
| ४.१ पर्यटन गुरुयोजना तयारी (डि.पि.आर. समेत) | संख्या | ० | १ | १००० | प्रमुख पर्यटकीय क्षेत्र, सेवा र सुविधा पहिचान, नक्शाङ्कन, विकास र विस्तार सम्बन्धी स्थानगत र रणनीति समावेश गर्ने |
| ४.२ पर्यटन पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | ५ | १०००० | - पर्यटन क्षेत्रको पूर्वाधार<br>- पर्यटन सूचना केन्द्र<br>- साँस्कृतिक सूचना केन्द्र |
| ४.३ पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | संख्या | ० | ५ | १०००० | - होमस्टे<br>- ग्रामीण कृषि पर्यटन<br>- पर्यटन सेवा क्षमता विकास<br>- पदमार्ग |
| ४.४ मौलिक संस्कृति संरक्षण तथा प्रवर्द्धन र संग्राहलयको स्थापना | संख्या | २ | ३ | १००००० | थारु, दलीत, मुस्लिम, कणाली संकृति |
| ४.५ धार्मिक क्षेत्र संरक्षण, मेला तथा पर्व व्यवस्थापन | संख्या | ७ | ३० | ३०००० | - सूचीकृत धार्मिक क्षेत्र<br>- संरक्षित मेला तथा पर्व |
| ४.६ हरीयाली पार्क र पुष्पबाटीका लगायका जैविक पार्कहरुको निमार्ण | | ३ | १५ | ५०००० | सबै वडमा |
| ४.७ पर्यटन सुचना केन्द्र स्थापना, बित्त चित्र निमाण र प्रचार प्रसार | संख्या | १ | ५ | १५००० | आवश्यकता अनुसार |
| ४.८ होमस्टे स्थापना तथा व्यवस्थापन | संख्या | १ | ३ | ९००० | वडा नं. १०, ६, १३ र अन्य संभाव्य टोलमा संचालन गर्ने |
| ४.९ फि वाईफाइ जोन स्थापना | संख्या | ० | १० | ५००० | पार्कहरु तथा संग्राहलय र होमस्टेहरुमा |
| **पर्यटन विकास जम्मा** | | | | **२५००००** | |
| **उद्देश्य ५: उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ।** | | | | | |
| ५.१ कोभिड १९ को उद्योग व्यावसाय क्षेत्रमा परेको असर सम्बन्धी अध्ययन कार्यक्रम | पटक | ० | १ | १००० | |
| ५.२ आद्योगिक तथा व्यावसायिक क्षेत्र राहत कार्यक्रम | संख्या | ० | २५ | ५०००० | |
| ५.३ व्यावसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा | पटक | ० | १ | १००० | |
| ५.४ औद्योगिक ग्रामको संभाव्यता अध्ययन, डिपिआर तयारी र स्थापना | पटक | ० | १ | १००००० | |
| ५.५ स्थानीय कच्चा, ज्ञान, सीप र प्रविधिको अध्ययन, संरक्षण, विकास र प्रवर्धन कार्यक्रम | पटक | ० | ५ | १०००० | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७६/०७७ | कूल लक्ष्य (२०८२/८३) | | |
| ५.६ व्यावसाय सिर्जना तथा उद्यमशीलता विकास तालिम | जना | ३०० | १५०० | ५०००० | |
| ५.७ नमुना उद्योग स्थापना र संचालन (हस्त कला, घरेलु र कुटीर र साना) | संख्या | ० | २५ | १०००० | |
| ५.८ व्यवसाय विस्तार र स्तरोन्नति कार्यक्रम | जना | ० | ५०० | २५०० | |
| ५.९ कृषि, वन तथा पर्यटनमा आधारित उद्योग प्रवर्धन कार्यक्रम | संख्या | ० | १५ | १०००० | - कृषि उपज प्रशोधन<br>- पशुजन्य उपज प्रशोधन<br>- जडिबुटी प्रशोधन |
| ५.१० कोशेली (सौगात) घर संचालन | संख्या | ० | ३ | ४५०० | - १२ र १४ ११ मा वडामा |
| ५.११ परम्परागत सिप र पेशाको आधुनिकरण (सिलाई, कृषि औजार, छाला जुत्ता मादल, सारंगी, बेत बाँस र ढकीया) | संख्या | ० | १०० | ५००० | |
| ५.१२ औद्योगिक सुचना र सुरक्षा व्यवस्थापन कार्यक्रम | संख्या | १ | १० | २००० | नगरस्तरमा |
| **उद्योग तथा व्यवसाय** | | | | २४४००० | |
| ***उद्देश्य ६: श्रम तथा रोजमूलक आयोजना तथा कार्यक्रम विकास, विस्तर र प्रवर्धन भएको हुनेछ ।*** | | | | | |
| ६.१ वेरोजगार तथा विदेशबाट फर्किएका व्यक्तिको लगत संकलन र अद्यावधिक | पटक | ० | ५ | १००० | |
| ६.२ नगरस्तरीय रोजगार योजना तर्जुमा | पटक | ० | १ | १२०० | |
| ६.३ श्रम बैंकको स्थापना र संचालन | पटक | ० | ५ | ५००० | |
| ६.४ स्थानीय रोजगार प्रवर्धन कार्यक्रम | पटक | ० | ५ | २०००० | |
| ६.४ श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | जना | ० | १००० | ५००० | |
| ६.२ दक्ष प्राविधिक जनशक्ति उत्पादन कार्यक्रम | जना | ५४८ | १७५० | १००० | |
| ६.३ उद्यमशीलता विकास कार्यक्रम | जना | ५०० | ५००० | ३००० | |
| **श्रम तथा रोजगार जम्मा** | | | | १२३२०० | |
| **प्रतिफल ७: नगरवासीको वित्तिय कारोवारमा पहुँच बृद्धि हुनेछ ।** | | | | | |
| ६.१ वित्तीय सेवा विस्तार कार्यक्रम | जना | ० | २५०० | ३००० | - लक्षित वर्ग घरपरिवार |
| ६.२ लगानीको संभाव्य क्षेत्र तथा लगानी सम्बन्धी सम्बन्धी अध्ययन | पटक | ० | ५ | १५००० | - सहकारी उत्पादन र बजारीकरणमा साझेदारी |
| ६.३ सहकारी संस्था क्षमता विकास कार्यक्रम | संख्या | ० | | ३००० | - |
| ६.४ वित्तिय साक्षरता र पहुँच विस्तार कार्यक्रम | परिवार | ११००० | १८००० | ३००० | - |
| ६.५ विप्रेषण पुँजी परिचालन कार्यक्रम | परिवार | ० | ४७०६ | १५०० | - |
| ६.६ उद्यमशिलता र व्यवसाय विकास कार्यक्रम | जना | ० | २०० | २०००० | - |
| ६.७ नियमन तथा अनुगमन र समन्वय | पटक | १ | १५ | ३००० | |
| **वैक, वित्तीय सेवा तथा रोजगारी जम्मा** | | | | ४८५०० | |
| **आर्थिक विकास कूल जम्मा** | | | | ७४३३०० | |

# परिच्छेद ५

# सामाजिक विकास योजना

## ५.१ पृष्ठभूमि

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ। संविधानतः शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरु मौलिक हकको रुपमा स्थापित भइसकेका छन्। नेपालले लिएको दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। नेपाल सरकारले तर्जुमा गरेको १५ औं राष्ट्रिय योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधार हो भन्ने कुरालाई मनन गर्दै समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरालाई विशेष महत्वकासाथ उठान गरेको छ।

शिक्षालाई वैज्ञानिक, व्यावसायिक, प्राविधिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै गएका छन्। कोभिड १९ को पछिको अवस्थामा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता तर्फ थप अग्रसरता जरुरी देखिएको छ। सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ। साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ। सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारको रुपमा लिई नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ। कोहलपुर नगरपालिकाको समृद्धीका लागि शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद जस्ता क्षेत्रमा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौतिको विश्लेषण गरिएको छ।

### ५.१.१ शिक्षा तथा सीप विकास

#### *विद्यमान अवस्था, संभावना र अवसर*

पुर्ण साक्षर घोषणा भईसकेको यस नगरमा पुर्ण साक्षरताको निरन्तरता कायम गर्ने कुरालाई नगरले अवसरको रुपमा लिएको छ। नगरपालिकामा बालविकास केन्द्र, आधारभुत तथा माध्यमिक विद्यालय, क्याम्पस, नसिंग कलेज तथा प्राविधिक शिक्षालय समेत सामुदायिक तथा संस्थागत गरी १७२ वटा शैक्षिक संस्थाहरु रहेका छन्। यस नगरपालिका क्षेत्र भित्र व्यवस्थापन, शिक्षा, मानविकी गरी ३ वटा स्नातक तहको र २ वटा स्नातकोत्तर तहको अध्यापन हुने कलेज रहेका र उक्त कलेजमा ११०० विद्यार्थीहरु अध्ययन रहेका छन्। साथै एक एमबिबिएस तथा पोष्ट ग्राजुएट तहको अध्यापन गर्ने मेडिकल कलेज तथा शिक्षण अस्पतालमा प्रत्येक शैक्षिक सत्रमा २०० जना विद्यार्थी अध्ययनरत रहेका छन्। उपरोक्त कलेजमा जम्मा १८४२ जना विद्यार्थी रहेका छन्। यसैगरी नगर क्षेत्रमा २ वटा विद्यालयमा प्राविधिक धार संचालन रहेको र २ वटा प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र संचालनमा रहेका छन्। उक्त प्राविधिक विद्यालयमा विभिन्न स्थानका ४२५ विद्यार्थीहरु अध्ययनरत रहेको देखिन्छ। २०७३ सालको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको औषत साक्षरता दर ९० प्रतिशत रहेको देखिन्छ

भने महिला साक्षरता दर ८७.३ प्रतिशत रहेको देखिन्छ । साथै स्नातकोत्तर वा सो भन्दा माथिको शैक्षिक स्तर भएको जनसंख्या ६,१८० जना रहेको छ ।

यसैगरी नगरपालिकामा ३७ वटा पूर्व प्राथमिक तहको अध्यापन गर्ने बालविकास केन्द्र संचालनमा रहेका छन् र उक्त केन्द्रहरुमा ३ देखी ५ बर्ष उमेर समूहका ८,३७९ बालबालिका अध्ययनरत छन् । नगर क्षेत्रमा ८० वटा सामुदायिक र नीजि आधारभूत तहको विद्यालय संचालन रहेका छन् र उक्त विद्यालयमा ३३,८६८ जना विद्यार्थी अध्ययनरत छन् । नगर क्षेत्रमा ३९ वटा माद्यामिक तहका सार्वजनिक र सामुदायिक विद्यालयहरु संचालनमा रहेका र उक्त विद्यालहरुमा ५२,८७० विद्यार्थीहरु अध्ययनरत देखिन्छन् । दृष्टिविहिनहरुका लागि १ वटा स्रोत कक्षा संचालनमा रहेका र उक्त कक्षामा हाल १९ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यस नगरपालिकामा प्रविणता पत्रतह र स्नातक तहको १ वटा नर्सिङ कलेज संचालन रहेको र उक्त कलेजमा १२७ जना विद्यार्थी अध्ययन रहेको देखिन्छ । शैक्षिक संस्थाकै रुपमा १ वटा सामुदायिक पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्र रहेको छ भने १ वटा अपाङ्गता भएका शिशु दिवा स्याहार केन्द्र संचालनमा रहेका छन् । यस नगरपालिका भित्रका विभिन्न तहका विद्यालयहरुमा कूल २७८ शिक्षक, ८१ वटा बाल कक्षा शिक्षक, ११ जना कर्मचारी र विद्यालय सहयोगी २८ जना कार्यरत रहेका छन् ।

***समस्या तथा चुनौती***

पुर्ण साक्षरता घोषित यस नगरपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु विकास हुन सकेको छैन । समुदायको जनसंख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस नगरका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त रहेको छैन भने विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ । शिक्षाको क्षेत्रमा ठुलो संम्भावना बोकेको यस नगरमा २ वटा मात्र विद्यालयमा मात्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन हुनु अर्को समस्याको रुपमा देखिएको छ । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागू हुन सकिरहेको छैन ।

विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, वालविकास केन्द्रहरुमा वालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रुपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अविभावकहरुमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहिनता अवस्था समेत देखिन थालेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाई रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सुचना प्रविधि साधनहरुको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक संग्रालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा विद्यार्थी र अविभावकहरुमा विद्यमान शिक्षा प्रणाली प्रति नै वितृष्णा बढ्दै गएको स्थिति देखिन्छ ।

### ५.१.२ स्वास्थ्य तथा पोषण

***विद्यमान अवस्था, संभावना र अवसर***

योजनाबद्ध र ब्यवस्थित शहरी विकासमा फड्को मार्दै गरेको यस नगरपालिकामा ३ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ शहरी स्वास्थ्य केन्द्र, १ आयुर्वेद औषधालय, १ मेडिकल कलेज तथा शिक्षण अस्पताल,

२ वटा नीजि अस्पताल र १ वटा पोलिक्लिनिक समेत १६ वटा स्वास्थ्य संस्थाबाट निशुल्क तथा सशुल्क स्वास्थ्य सेवा उपलब्ध भैरहेको छ। उपरोक्त स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा, सूचना र संचार लगायत जटिल शल्य चिकित्सा जस्ता सघन उपचार सेवा उपलब्ध भैरहेका छन्। उपरोक्त सार्वजनिक, नीजि अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ चिकित्सक समेत ३०१ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन्। जसमध्ये विशेषज्ञ चिकित्सक र चिकित्सकको अनुपात ३६ प्रतिशत रहेको छ।

नगरपालिका क्षेत्रमा सेवा प्रदान गर्ने ८ वटा सरकारी तथा सार्वजनिक स्वास्थ्य संस्था/अस्तपालमा कूल ५८२ शैया (वेड) रहेको छ। उक्त स्वास्थ्य संस्थाहरुका २६ वटा भवन रहेका छन्। नगर क्षेत्रमा ४ वडा एम्बुलेन्स संचालनमा रहेका छन्। नगरपालिकाको कूल घरपरिवार मध्ये ९९.६ प्रतिशत परिवार विरामी हुँदा उपचारको लागि अस्पताल वा स्वास्थ्य संस्थामा जाने गरेको देखिन्छ। निमोनिया, झाडापखाला जस्ता सर्ने रोग र मुटु रोग, उच्च रक्तचाप जस्ता नसर्ने रोगबाट गत एक बर्षमा १०४ जनाको मृत्यु भएको देखिन्छ। दीर्घरोगबाट एक बर्षमा मृत्यु हुनेको संख्या ४७ जना रहेका छन्। यस नगरपालिकामा खोप कभरेजको अवस्था हेर्दा विसिजि, ९९.५, पेण्टाभ्यालेण्ट ९९.५, पोलियो ९९.० र दादुरा १०० प्रतिशत रहेको छ। परिवार नियोजनका साधनको प्रयोग दर ६६ प्रतिशत रहेको देखिन्छ।

### *समस्या तथा चूनौती*

नगरपालिका योजनाबद्ध र व्यवस्थित शहरतर्फ उन्मुख भई अगाडी बढीरहेको अवस्थामा समेत जनस्वास्थ्य जस्तो संवेदनशिल विषयमा सबै नगरवासीको सहज पहुँच नहुनु, प्रयाप्त मात्रामा प्रयोगशाला र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था नहुनु जस्ता समस्या तथा चुनौतीहरु रहेका छन्। नगरमा आधारभुत स्वास्थ्य संस्था तथा जनशक्तिको अभाव, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन्। स्थानीय स्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता पहुँच नभएको कारण विशिष्ट स्वाथ्य उपचारको लागि नेपालगञ्ज, काठमाडौं र भारतको लखनउ जानुपर्ने वाध्यता रहेको छ। सवै स्वास्थ्य संस्थाहरुमा क्षयरोग, कुष्ठ रोगको कार्यक्रम संचालन नहुनु लगायत प्रयोगशाला र नियमित परीक्षण सेवा उपलब्ध हुन सकेको छैन। स्वास्थ्य चौकीहरुमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको कमी रहेको छ। विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान नगर क्षेत्रमा एम्वुलेन्स सेवा प्रर्याप्त रहेको छैन।

कोभिड १९ जस्ता स्वास्थ्य सम्बन्धी महामारीको अवस्थालाई सम्बोधन छुट्टै अस्तापल, आइसोलेसन वार्ड, प्रयोगशाला तथा परीक्षण सामाग्री र किट, सघन उपचार कक्ष, भेन्टीलेटर र सो अनुसारको स्वास्थ्यकर्मी व्यवस्था हुन नसकेको देखिन्छ। अस्पताल बाहेक स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको नियमिततामा र औषधीको प्रर्याप्ततामा कमीका कारण उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन। समाजमा विद्यमान रुढीवादी सोच र मानसिकताको कारण अझैपनि घरमा सुत्केरी हुने प्रचलन कायम रहेको छ भने आङ खस्ने र यौन संक्रमण बारे लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित सोच कायम रहेको छ। बालबालिकाको नियमित तौल, अनुगमनमा ध्यान दिने गरिएको देखिदैन। खानपिन र पौष्टिकताको ख्याल गर्ने आनिबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव परेको देखिन्छ। नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रममा नगरका बासिन्दाको पहुँच अत्यन्त न्युन रहेको छ।

## ५.१.३ खानेपानी तथा सरसफाई

### *विद्यमान अवस्था, संभावना र अवसर*

यस नगरपालिकामा पाइप प्रणालीबाट वितरित खानेपानी सुविधा मुख्य शहरी क्षेत्रमा मात्र उपलब्ध रहेको हुँदा सोको सुविधा उपलब्ध घरपरिवार १२.४ प्रतिशत मात्र रहेको छ। शहरोन्मुख तथा ग्रामीण परिवेशमा ट्युवेलको प्रयोग गर्ने घरपरिवार ८७ प्रतिशत रहेको छ। करिब १ प्रतिशत घरपरिवारले अझै पनि इनार, जरुवा र अन्य

श्रोतको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ। नगरपालिका क्षेत्रमा बसोबास गर्ने कूल १७,६८९ घरपरिवार मध्ये सेफ्टिट्याङ्कमा जडान भएको शौचालय भएका घरपरिवार ७ प्रतिशत, वायोग्यास प्लाण्टमा जडान शौचालय भएका १.४ प्रतिशत र साधरण पक्की शौचालय भएका ६१ प्रतिशत र कच्ची शौचालय भएका घरपरिवार ३० प्रतिशत गरी ९८.३ प्रतिशत घरपरिवारसँग मात्र चर्पी उपलब्ध रहेको छ। यस नगरपालिका क्षेत्र भित्र जोखिमयुक्त अवस्थामा हात धुने अभ्यास गर्ने घरपरिवार ९९.४ प्रतिशत रहेको छ।

### *समस्या तथा चूनौती*

यस नगरपालिकामा खानेपानी तथा सरसफाई सुविधामा बढोत्तरीका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन। शुद्ध खानेपानी उपभोग बारे जनचेतनाको कमी हुनु, पानी शुद्धिकरण गर्ने सामग्रीको सहज पहुँच नहुनु जस्ता समस्या रहेका छन्। खुला दिशा मुक्त क्षेत्र घोषणा भएता पनि यसको पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा पूर्ण सरसफाई कायम राख्न कठिनाई रहेको तथा बजार क्षेत्रमा घुम्ती शौचालयको अभाव रहेको छ। सञ्चालित खानेपानी आयोजनाको नियमित मर्मतसंभार र दिगोपनाको कमी रहेका कारण पुनःनयाँ निर्माण गर्नुपर्ने अवस्था रहेको छ।

संस्थागत तहमा तथा घरपरिवारमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुनःप्रयोग तथा विसर्जन गर्ने प्रविधि विस्तार र हस्तान्तरण र ल्याण्डफिल साइट व्यवस्था हुन नसक्दा फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै गएको छ। यसैगरी फोहोर जलाउने जस्ता वातावरणीय दृष्टिकोणले गलत अभ्यास कायम रहेका छन्। खाद्यान्न लगायत बजारका रेडिमेट सरसमानको प्रयोगको बृद्धिसँगै प्लास्टिक तथा सिसाजन्य फोहोरमा बृद्धि हुँदै गएको छ। यस प्रकारका प्लाष्टिक तथा सिसाजन्य फोहोर स्वास्थ्य संस्थाबाट बिसर्जन हुने खतराजन्य फोहोर व्यवस्थापन यस क्षेत्रको प्रमुख चूनौतिको रुपमा रहेको छ।

## ५.१.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

### *विद्यमान अवस्था, संभावना र अवसर*

हालका दिनमा नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा १८ वटा संघ/संस्था क्रियाशिल रहेका छन्। नगरपालिकामा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, श्रोत तथा वातावरण संरक्षण, जेसी, सामाजिक परिचालन, नेतृत्व विकास, मानव अधिकार, सुशासन र सहकारी विकास लगायतका विषयमा सचेतनामूलक तालिम प्राप्त गर्ने कूल ६७,०८३ जना मध्ये महिलाको अनुपात ४४ प्रतिशत रहेको छ। लैंगिक समानताको दृष्टिकोण यस नगर क्षेत्र भित्र बसोबास गर्ने घर परिवार मध्ये घर व्यवहार वा कारोबारमा महिला र पुरुष दुवैको सहभागिता हुने घरपरिवारको अनुपात ५७ प्रतिशत रहेको छ भने सार्वजनिक काममा महिला तथा पुरुष दुवैको सहभागिता हुने परिवारको अनुपात ६१ प्रतिशत रहेको छ। नगरपालिकामा ७ वटा अपांग संजाल समन्वय समिति, ९० महिला समुह, १५ महिला समिति, ८ वटा महिला सहकारी, १३ वटा किशोरी क्लब, १४ वटा बालक्लव, १ नगर बाल संजाल क्रियाशिल रहेका छन्। उक्त क्लबहरुमा ५२७ जना बालबालिका आवद्ध रहेका छन् र सो मध्ये बालिकाका अनुपात ५८ प्रतिशत रहेको छ।

यसैगरी नगरपालिकाको पहलमा स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कायको निगरानी गर्न, जनसुमदाय परिचालन गर्न टोलस्तमा टोल विकास संस्था, युवा क्लब तथा अन्य सामुदायिक संस्थाहरु क्रियाशिल रहेका छन्। यसैगरी बालबालिकासँग सम्बन्धीत क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरुले बाल संरक्षण, विकास तथा सहभागिता अभिबृद्धिमा पैरबी गर्न र सो सम्बन्धी कार्यहरु संचालन गरीरहेका छन्। हालका दिनमा एकातिर महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकार बारे उनीहरुमा सचेतनाको वृद्धि हुँदै गएको छ भने अर्कोतिर आर्थिक, सामाजिक र राजनीति अवसरमा समेत बढोत्तरी भएको छ। नगरपालिकामा महिला तथा बालवालिका शाखा स्थापना भई महिला, बालबालिका र लक्षित वर्ग सशक्तिकरण, संरचना र प्रोत्साहनका कार्यक्रमहरु संचालनमा रहेका छन्।

### *समस्या तथा चूनौती*

यस नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भएता पनि रणनीतिक पहल र अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । नगरपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूवार्धार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहार अझपनि सकारात्मक वन्न सकिरहेको छैन । उपरोक्त वर्गमाथि हिंसाजन्य व्यवहार कायमै देखिन्छ ।

लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य वोझको अवस्था कायमै रहेको छ । लक्षित वर्ग सशक्तीकरण सम्बन्धी तालिम प्रभावकारी हुन नसक्दा उनीहरुको अवस्थामा आशातित सुधार हुन सकेको छैन । बालश्रम र हिंसा उत्मूलन हुन सकेका छैनन् । लक्षित वर्गमा आत्मविस्वासको कमी रहेको छ । सामाजिक सुरक्षा वृत्ती वितरणमा समस्या र गुनासो कायमै रहेको छ । भाषिक र सचेतना लगायतका समस्याका कारण थारु र मधेशी समुदायमा अधिकारको अभ्यास, सेवासुविधा पहुँच र उपयोग तथा संस्थागत विकासको समेत कमी रहेको अवस्था छ ।

## ५.१.५ युवा तथा खेलकुद

### *विधमान अवस्था, संभावना र अवसर*

यस नगरपालिका क्षेत्रमा वडा नम्बर १ मा खेलकुद एकेडेमी रहेको, हरेक वडामा युवा क्लवहरु रहेका, नगरमा ५ वटा खेलकुद क्लवहरु रहेका छन् । नगरपालिका भित्र १० वटा युवा क्लबहरु क्रियाशिल रहेका छनु, जसमा ७७७ जना युवाहरु आबद्ध रहेका छन् । नगर क्षेत्र भित्र वडा नं. ११ मा क्रिकेट खेलमैदान र वडा नम्बर १३ रानीघाटमा खेलमैदान तथा ६ वटा माध्यमिक विद्यालयमा फराकिला खेल मैदान रहेका छन् । नगरपालिकामा वार्षिक रुपमा मेयर कप तथा राष्ट्रपति शिल्ड तथा प्रतियोगिताहरु संचालन हुने गरेको छ । यस नगरपालिकामा महिला क्रिकेट प्रतियोगिता संचालन हुने गरको छ । यसै गरी नगर क्षेत्रको विभिन्न ७ स्थानमा खेलकुद तथा मनोरञ्जन स्थलहरु रहेका छन् । यस नगरमा निजीक्षेत्रबाट स्विमिंग पुलहरु तथा फिटनेस जीम क्लवहरु पनि सञ्चालनमा रहेका छन ।

### *समस्या तथा चूनौती*

नगरमा युवा तथा खेलकुदका क्षेत्रमा प्रर्याप्त सम्भावना तथा अवसर हुदा हुदै यस नगरपालिकामा व्यवसायिक रुपमा खेलकुद प्रशिक्षण, विकास र खेलाडी उत्पादनमा कमी रहेको छ । नगरपालिकामा क्षेत्र भित्र प्रर्याप्त संख्यामा खेलमैदान, कुनै कभर्ड हल तथा खेलकुद पूर्वाधार नरहेको, पेशागत खेल प्रशिक्षक र प्रशिक्षणको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने प्रचलन नभएको र नियमित खेल आयोजना कमी रहेको कारणले खेलकुदको विकास हुन सकेको छैन । वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्थानीय रुपमा स्वरोजगारका अवसरमा कमी तथा युवा पलायन, युवा वेरोजगारीको युवाहरुलाई रचनात्मक काममा लगाउन नसकेको यस नगरपालिकाको प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

## ५.१.६ कला,संस्कृति, भाषा तथा साहित्य

### *विधमान अवस्था, संभावना र अवसर*

थारु समुदायको बाहुल्य रहेको यस नगरपालिकामा थारु भाषा, कला संस्कृतिको संरक्षणका लागि होमस्टे सञ्चालमा रहेका छन् । यसै गरी पूर्णिमा साहित्य प्रतिष्ठान स्थापना तथा संचालनमा रहेको, दलित तथा सिल्पी समुदायको संस्कृति, कला संरक्षणका लागि दलित संग्रालय निर्माणाधिन अवस्थामा रहेको र थारु संग्रालय निर्माणको वडा नं. १४ मा स्थानको व्यवस्था गरिएको छ । वडा नं. ४ मा बौद्ध विहार निर्माण र मुस्लिम तथा थारुहरुले मनाउने ताजिया मेला संचालन, नगर क्षेत्रमा फाइन आर्ट (Fine Art) पाठशाला संचालन, थारु

समुदायमा देउथान तथा सवै वडाहरुमा मठमन्दिर र सो अन्तर्गत धार्मिक अनुष्ठानहरु संचालन यस नगरका प्रमुख साँस्कृतिक संभावनाहरु हुन् ।

### *समस्या तथा चुनौती*

यस नगरपालिकामा भाषा, मौलिक कला तथा साँस्कृतिक सम्पदा प्रचुर संभावना भएर पनि सोको संरक्षण, प्रवर्धन र प्रचार प्रसारमा कमी रहेको देखिन्छ । कला, भाषा र सँस्कृति प्रवर्धनको लागि स्थापित पूर्णिमा साहित्य प्रतिष्ठानको भवन नभएको तथा साहित्यका विधाहरुमा प्रशिक्षणको अभाव रहेको छ । नगर क्षेत्रमा थारु संग्रालय निर्माण हुन बजेट लगायत स्थानको समस्या देखिएको छ भने थारु लगायत अन्य समुदायका परम्परागत भेषभुषा, बाजागाजा र सरसामानको लोप हुदैगएको छ । स्थानीयस्तरमा रहेका विभिन्न गुम्बा, मठ मन्दिरहरुको समोचित व्यवस्थापन हुन सकेको छैन । नगरपालिका भित्रका विभिन्न स्थानहरुम मठमन्दिरहरुको निर्माण अधुरा रहेका छन् र थारु समुदायहरुमा रहेको देउथान व्यवस्थित रुपमा संचालन जस्ता चुनौतीहरु यस क्षेत्रमा विद्यमान छन्।

योजना तर्जुमा कार्यशालाबाट प्राप्त सामाजिक विकाससँग सम्बन्धीत क्षेत्र तथा सो अन्तर्गतका उपक्षेत्रहरुको स्थिति विश्लेषण विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

## ५.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी र सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, संस्कृति तथा साहित्य लगायत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ५.२.१ सोच

नगरपालिकाको सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ स्वस्थ्य, शिक्षित, समावेशी, सुसँस्कृत र सभ्य समाजको सिर्जना

### ५.२.२ लक्ष्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्ने

### ५.२.३ उद्देश्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

⌘ नगरलाई गुणस्तरीय र जीवनपयोगी विद्यालय, प्राविधिक एवं उच्च शिक्षाको केन्द्रको रुपमा विकास गर्नु
⌘ सबै प्रकारको स्वास्थ्य सेवा तथा पोषण सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु
⌘ स्वच्छ खानेपानीको सुविधा, स्वच्छता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु
⌘ विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका तथा पछाडि परेका वर्गको सक्षमता र संलग्नता र आत्मविश्वासमा अभिबृद्धी गर्नु
⌘ युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता, कार्यकुशलता र क्रियाशिलतमा अभिबृद्धि गर्नु
⌘ स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्नु ।

### ५.२.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी सामाजिक विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

**तालिका ५.१: सामाजिक विकास क्षेत्रको रणनीति तथा कार्यनीतिहरु**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरलाई गुणस्तरीय र जीवनपयोगी विद्यालय, प्राविधिक एवं उच्च शिक्षाको केन्द्रको रुपमा विकास गर्नु** | |
| १. गुणस्तरीय, व्यावसायिक तथा जीवनपयोगी शिक्षाको सुनिश्चितता गर्ने | १.१ विद्यालय शिक्षा सम्बन्धी स्थानीय पाठ्यक्रममा कृषि अभ्यासका लागि नर्सरी, फलफूल, तरकारी खेती, जडिबुटी र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठनका साथै र प्रयोगात्मक अभ्यासको व्यवस्था गरिनेछ ।<br>१.२ स्थानीय कृषि विकासका लगि माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेर्ना उत्पादन, फलफल तथा तरकारी खेती र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास गरिनेछ ।<br>१.३ माद्यामिक विद्यालयहरुमा निर्माण अभ्यास केन्द्र र सूचना प्रविधि प्रयोगशाला स्थापना गरी स्थानीय तहको आयोजनाको प्राविधिक अध्ययन, सर्वेक्षण, डिजाइन, लागत अनुमान, सुपरीवेक्षण र विलिङ तथा सूचना प्रविधिको उपयोग बारे पठनपाठन, अभ्यास र सीप हस्तान्तरणको व्यवस्था गरिनेछ ।<br>१.४ नयाँ शैक्षिकसत्र सुरु हुनु अगाडी विषयगत, समयानुकुल र तहगत तालिम र शैक्षिक सत्रको बीचमा पुर्नताजकी तालिम सञ्चालन गरिनेछ ।<br>१.५ शिक्षण सिकाई तथा हाजिरीमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ ।<br>१.६ नियमित रुपमा अतिरिक्त क्रियाकलाप, सेवा आयोग कक्षा संचालन, कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरु संचालनको व्यवस्था गरिनेछ ।<br>१.७ हरेक विद्यालयमा वगैचा स्थापना र विरुवा रोपणको अभ्यास संस्थागत गरिनेछ।<br>१.८ विद्यालयमा आई पर्ने संभावित संकटसँग तयारी रहन विपद व्यवस्थापन सामाग्री वितरण र तालिम सञ्चालन गरिनेछ ।<br>१.९ श्रम बजारमा माग अनुसारको विषयवस्तुलाई पाठ्यक्रम र पठनपाठनमा समावेश गर्दै लगिनेछ । |
| २. सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी विद्यालयको अनुगमन र निरिक्षणलाई व्यवस्थित गर्ने | २.१ प्रविधिमा आधारित शिक्षालाई प्रवर्द्धन गर्न सबै विद्यालयहरुमा सुविधा सम्पन्न सूचा संचार प्रविधि (ICT) ल्याव स्थापना गर्दै लगिने छ ।<br>२.२ विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई मर्ज गर्ने तथा शिक्षक दरबन्दी निर्धारण, समायोजन र सरुवा र बढुवाको प्रवन्ध गरिने छ ।<br>२.३ विद्यालय सम्बन्धी तथ्याङ्क र विद्यालय सुधार योजना अध्यावधिक गरिनेछ ।<br>२.४ विद्यालय र अध्यापन कार्यको सघन रुपमा अनुगमन निरीक्षण गरी शिक्षाको गुणस्तरका सुधारको लागि पृष्ठपोषण र सहजीकरण गरिनेछ ।<br>२.५ ई-हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाईने छ । |
| ३. विद्यालय शिक्षाको सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने | ३.३ शिक्षण सिकाइमा टेवा पुऱ्याउने डिजिटल पाठ्यसामाग्रीको व्यवस्था गरी पठनपाठनको प्रबन्ध मिलाइनेछ ।<br>३.४ विद्यार्थीको टिकाउदरमा बृद्धि गर्न पूर्व प्राथमिक देखी माथिका सबै बालबालिका लागि दिवा खाजा कार्यक्रम संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ३.५ प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गरिनेछ ।<br>३.६ खेलकुद मैदानको निर्माण तथा व्यवस्थापन गरी विद्यार्थीको सिर्जनशिलता र खेलकुद प्रवर्धनको व्यवस्था गरिनेछ ।<br>३.७ विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न प्रर्याप्त मात्रामा खेलकुदका सामाग्री व्यवस्था गरिनुका साथै वालवालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ ।<br>३.८ विद्यालयमा अत्याधुनिक पुस्तकालय, बाल उद्यान, फुलवारी, खेलमैदान जस्ता पूर्वाधारको विकास र विस्तार गर्दै लगिनेछ ।<br>३.९ समयसापेक्ष शैक्षिक गुणस्तर कायम गर्न शिक्षकलाई पेशागत दक्षता एवम् क्षमता बृद्धि गर्न तालिम र प्रोत्साहनको व्यवस्था गरिने छ ।<br>३.१० सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गरिने छ । |
| ४. विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने | ४.१ नतिजामा आधारित बिद्यालय सुधार कार्ययोजना (SIP) निर्माण र कार्यन्वयनलाई निरन्तरता दिइनेछ ।<br>४.२ विद्यालयको भौतिक संरचना तथा पठनपाठनलाई बालमैत्री बनाइनेछ ।<br>४.३ विद्यालय व्यवस्थापन समितिको गठन, पुनःगठनमा सहजीकरण गरी विद्यालयमा शैक्षिक व्यवस्थापनका वातावरण तयार गर्न क्रियाशिल गरिनेछ ।<br>४.४ प्राविधिक धारको उच्च शिक्षा र स्नातकोत्तर तहको पठनपाठन सञ्चालन गर्न प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।<br>४.५ विद्यालयमा बालक्लब, इकोक्लब र बाल सहभागिता अभिबृद्धिको प्रयासलाई संस्थागत गरिनेछ । |
| **उद्देश्य २: सबै प्रकारको स्वास्थ्य सेवा तथा पोषण सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु** | |
| १. आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने | १.१ वडास्तरीय स्वास्थ्य संस्थाहरुको स्तरोन्नति स्वास्थ्य सेवा पहुँच र गुणस्तर अभिबृद्धि गरिनेछ ।<br>१.२ ५ वर्ष मुनिका सम्पूर्ण बालवालिकाको बृद्धि अनुगमन गरी पोषण स्थितिमा सुधार ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>१.३ आमा समुह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता बिकास र सुविधामा सुधार गरी सामुदायिक स्वस्थ्यलाई प्रभावकारी बनाईने छ ।<br>१.४ प्रत्येक विद्यालयमा कम्तिमा १ जना स्वास्थ्यकर्मी सहित आकस्मिक उपचार कक्ष निर्माण गरी सञ्चालन गरिने छ ।<br>१.५ प्रत्येक विद्यालयमा किशोरकिशोरी स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.६ नसर्ने रोग व्यवस्थापनको लागि जनसमुदायमा व्यवहार परिवर्तन बारे सचेतना कार्यक्रम सञ्चलन गरिने छ ।<br>१.७ गरिवीको रेखामुनी रहेका घरपरिवारको निःशुल्क उपचारको प्रवन्ध मिलाइने छ<br>१.८ आयुर्वेद सेवा विस्तार गरी स्थानीय जडिवुटि आधारित उपचारलाई प्रभावकारी बनाइनेछ । |
| २. स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरण तथा सेवाको गुणस्तर अभिबृद्धि गर्ने | २.१ स्वास्थ्य संस्थाको सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विका गरी नियमन गरिने छ ।<br>२.२ सवै स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टरको विस्तार प्रसुती सेवालाई सहज र भरपर्दो बनाइने छ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | २.३ आयुर्वेद चिकित्सालय स्थापना गरी गुणस्तरीय सेवामा वृद्धि गरिने छ ।<br>२.४ महामारी नियन्त्रण, परीक्षण र उपचार गर्न कम्तिमा ५० शैयाको १ वटा अस्पताल निर्माण गरी सञ्चालन गरिने छ ।<br>२.५ सामुदायिक स्वास्थ्यलाई मजबुत बनाउदै स्वास्थ्य सुविधामा सुधार गरिनेछ ।<br>२.६ जिवनशैली परिवर्तन तथा योग शिक्षा कार्यक्रम संञ्चालन गरिनेछ । |
| ३. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने | ३.१ गाउँघर क्लिनिक तथा खोप केन्द्र भवन निर्माणका साथै स्वास्थ्य संस्थाहरुमा सभाहल र प्रतिक्षालय निर्माण गरिनेछ ।<br>३.२ स्वास्थ्य संस्थामा अपुग भौतिक संरचना निर्माण र उपकरण तथा भौतिक सुविधाहरु थप गर्दै लगिनेछ ।<br>३.३ स्वास्थ्य संस्थामा खानेपानी र शौचालयको उचित व्यवस्थापन गरिनेछ ।<br>३.४ स्वास्थ्य सम्बन्धी पूर्वाधारहरु महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ । |
| **उद्देश्य ३: स्वच्छ खानेपानीको सुविधा, स्वच्छता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु** | |
| १. स्वच्छ खानेपानी आपुर्ती लाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने | १.१ जलश्रोत व्यवस्थापन गुरुयोजना तयार गरी खानेपानी, सिंचाई, विद्युत र भू तथा जलाधार संरक्षण समेत जल उपयोग रणनीति र कार्यक्रम तयार गरिनेछ।<br>१.२ खानेपानी सेवा सुविधालाई जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रमसँग एकीकृत गरी संचालन गरिनेछ ।<br>१.३ खानेपानीको मुलहरुको पहिचान गरी संरक्षण गरिनेछ ।<br>१.४ स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परीक्षण लागि आवश्यक प्रबन्ध मिलाइनेछ<br>१.५ विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसंभारको व्यवस्था गरिनेछ । |
| २. स्वच्छ खानेपानी सुविधा बाट बञ्चित सबै घरपरिवारमा खानेपानीको पहुँच सुनिश्चित गर्ने | २.१ ग्रामीण वस्तीहरुमा एक घर एक धारा कार्यक्रमका लागि वृहत्तर तथा वैकल्पिक प्रणालीमा आधारित खानेपानी आयोजना संचालन गरी खानेपानी सुविधाको उपलब्धतालाई सहज र प्रभावकारी बनाइने छ ।<br>२.२ लिप्ट खानेपानी प्रविधि मार्फत खानेपानीको सुविधा नपुगका क्षेत्रहरुमा खानेपानीको व्यवस्था गरिने छ ।<br>२.३ सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण गरी अन्य प्रयोजनको पानीको आपूर्तिलाई सहज बनाईनेछ ।<br>२.४ स्थानीय स्तरमा खानेपानी र सरफाई सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन र परिचालन गरिनेछ । |
| ३. फोहोरमैला व्यवस्थापनको आधार तयार गर्ने | ३.१ टोल विकास संस्था तथा टोलस्तरीय सामुदायिक संस्था परिचालन गरी प्रतिस्पर्धात्मक र नियमित अभियानको रुपमा घर गाउँ सरसफाई र फोहोर व्यवस्थापन गरिनेछ ।<br>३.२ घर तथा संस्थागत तबर निस्कने फोहोरलाई संकलन र विसर्जन गर्न संस्थागत व्यवस्था, साधन श्रोत र संम्बन्धित स्थानमा व्यवस्थापन गरिनेछ ।<br>३.३ फोहोरमैला व्यवस्थापनको ल्याण्डफिल साइटको शिघ्र निर्माण सम्पन्न गरी र फोहोर वर्गीकरण, प्रशोधन, संकलन र विसर्जनको व्यवस्था गरिनेछ ।<br>३.४ स्वच्छ तथा सरसफाइ सम्बन्धी सचेतनामूलक सामाग्रीको नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. वातावरणीय स्वच्छता र सरसफाई प्रभावकारी बनाउने | ४.१ पुर्ण सरसफाईयुक्त क्षेत्र घोषणालाई पूर्णपालना गरिनेछ ।<br>४.२ व्यक्तिगत, घरपरिवार र टोल सरसफाईलाई स्वास्थ्य, शिक्षा तथा सूचना प्रक्रिया नियमित अभ्यासको रुपमा संचालन गरिनेछ ।<br>४.३ स्वास्थ्य आहारविहार र पूर्ण सरसफाईका लागि व्यक्तिगत बानी र व्यवहारमा परिवर्तन सम्बन्धी सचेतना प्रदान गरिनेछ ।<br>४.४ घर र संस्थागत तबरबाट निस्कने फोहोरको श्रोतमा नै बर्गीकरण गर्ने र व्यवस्थापन गर्ने प्रणलीको बिकास गरिनेछ ।<br>४.५ कपडा, जुटका झोला प्रवर्धन गरी प्लाष्टिकजन्य झोलाको प्रयोगलाई विस्थापन गर्दै लगिनेछ । |
| **उद्देश्य ४: विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका तथा पछाडि परेका वर्गको सक्षमता र संलग्नता र आत्मविश्वासमा अभिबृद्धी गर्नु** | |
| १. विपन्न,महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको सक्षमता र आत्मविश्वासमा अभिबृद्धि गर्ने | १.१ महिला, अपाङ्गता भएका, दलित, लोपोन्मुख आदिवासी लागि आयआर्जनका अवसर वृद्धि गर्न उद्यमशिलता तथा सीप विकास सम्बन्धी तालिम संचालन, प्रविधि हस्तान्तरण र टेवा कार्यक्रम संचालन गरिनेछ ।<br>१.२ स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उच्च मूल्यका वस्तु तथा सेवा उत्पादनमुखी व्यवसाय संचालन गर्न लक्षित वर्गलाई बीउ पुँजि मार्फत प्रोत्साहन गरिनेछ ।<br>१.३ लक्षित वर्गको सामाजिक तथा आर्थिक अवस्थामा सुधार गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गरी सामाजिक परिचालन र सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।<br>१.४ लक्षित वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोगको कक्षा सञ्चालन गरिनेछ<br>१.५ टोल विकास संस्था र महिला समूहलाई स्थानीय कानून बमोजिम दर्ता गराई अझ क्रियाशिल बनाइने छ ।<br>१.६ महिला सहकारीहरुको नेतृत्व क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरी महिला आर्थिक शसक्तिकरणमा योगदान पुर्‍याइनेछ । |
| २. स्थानीय संरचना, नीति तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित गर्ने । | २.१ स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, स्थानीय विपद व्यवस्थापन समिति लगायत नगर, वडा तथा विषयगत समिति तथा संरचनालाई लैंगिक, सामाजिक रुपमा समावेशी बनाई क्रियाशिलतामा अभिबृद्धि गरिनेछ ।<br>२.२ योजना तर्जुमा, निर्णय प्रक्रिया र स्थानीय संरचनामा समावेशी नीतिलाई यथोचित सम्बोधन गरी कार्यान्वयन गरिनेछ ।<br>२.३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अति विपन्न तथा जोखिममा रहेका वर्गको नगरपालिका स्तरीय संजाल/समिति गठन गरी क्रियाशिल बनाइने छ ।<br>२.४ लक्षित वर्गका अगुवा तथा संजालका पदाधीकारीलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारका सम्बन्धमा तालिम संचालन गरिनेछ ।<br>२.५ विद्यालयहरुमा बालक्लव र नगरस्तरीय बाल सञ्जाल गठन गरी क्रियाशिल बनाईने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. समावेशी स्थानीय निति, कानुन र कार्यक्रम तर्जुमा गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने | ३.१ बालविवाह, बोक्सी, छुवाछुत, दाइजो प्रथा जस्ता हानिकारक अभ्यासलाई निरुत्साहित गर्न नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३.२ महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवहार र हिंसालाई सचेतना तथा न्यायिक उपचारको माध्यमबाट न्यूनीकरण गर्दै लगिनेछ ।<br>३.३ लैगिक हिंसा अन्त्यका लागि महिला समूह, महिला स्वास्थ्य स्वयंसेविक र निगरानी समूहको क्षमता अभिबृद्धि गरिनेछ ।<br>३.४ यौनजन्य अपराधहरु रोक्न र किशोरी स्वास्थ्य प्रवर्द्धन गर्न किशोरी केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>३.५ सामाजिक विसंगति र बिकृति न्यूनीकरण गर्न टोल विकास संस्था, युवा क्लब र समूहरु मार्फत सचेतना अभियान सञ्चालन गरिनेछ ।<br>३.६ नगरपालिकालाई जातीय भेदभावमुक्त क्षेत्र बनाउन जागरण अभियान सञ्चालन गरिने छ ।<br>३.७ लैगिक उत्तरदायी बजेट बिनियोजन पद्दतिलाई संस्थागत गरिनेछ ।<br>३.८ विद्यालय जान नसकेका र विचमा पढाई छोडेका बालवालिकालाई विद्यालय सम्म ल्याउने, टिकाउने र सिकाउने वातावरण मिलाईने छ ।<br>३.९ बालप्रतिभा प्रस्फुटन गराउने खाल्का कार्यक्रमहरु विद्यालय भित्र र बाहिर सञ्चालन गर्ने वातावारण मिलाईने छ ।<br>३.१० अपाङ्गता भएकाहरुको लागि सिप, सहायक सामग्री वितरण गरी व्यवसायी बनाउदै समाजमा सम्मानजनक वातावरण तयार गरिने छ । |
| ४. अपांगमैत्री, बालमैत्री तथा महिलामैत्री नीति र पूर्वाधार निर्माणमा जोड दिने | ४.१ नगरपालिका र स्थानीय संचित कोष बजेट विनियोजन भई निर्माण हुने भौतिक पूर्वाधार संरचना लक्षित वर्ग मैत्री रुपमा निर्माण गरिनेछ ।<br>४.२ लक्षित वर्गमैत्री नीति, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>४.३ आर्थिक समावेशीकरणको अवधारणा बमोजिम विशेष अवस्थामा रहेका लक्षित वर्गको जीविकोपार्जन र आर्थिक अवसर सिर्जना गर्ने नीति, कार्यक्रम तथा वस्तुगत टेवा प्रदान गरिनेछ । |
| ५. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा र सेवालाई सुनिश्चित गर्ने | ५.१ अन्तरपुस्ता सीप तथा अनुभव हस्तान्तरण, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन तथा निरन्तरता प्रदान गरिने छ ।<br>५.२ ज्येष्ठ नागरिकका लागि दिवा सेवा कार्यक्रम संचालन र विस्तार गरिनेछ ।<br>५.३ ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सहयोग, खानपिन र मनोरञ्नात्मक कार्यक्रम संचालन गरी नागरिकको संलग्नता अभिबृद्धि गरिनेछ । |
| **उद्देश्य ४: युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता, कार्यकुशलता र क्रियाशिलतमा अभिबृद्धि गर्नु** | |
| १. अनुशासन, उद्यमशिलता र स्वरोजगारको माध्यमबाट युवा वर्गको आत्मविश्वासमा अभिवृद्धि गर्ने | १.१ सूचीकृत भएका वेरोजगार युवालाई उनीहरुको चाहाना, क्षमता र योग्यता तथा बजारको माग अनुसार उद्यम विकास तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ ।<br>१.२ विकास कार्य संचालन, रेखदेख र सहजीकरणका लागि गठन गरिने टोल सुधार समितिमा युवालाई प्रमुख भूमिका प्रदान गर्न सहजीकरण गरिनेछ ।<br>१.३ युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवा सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।<br>१.४ युवा उद्यमीलाई सहज कर्जा र सीप प्रदान गर्न आवश्यक व्यवस्था गरिने छ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २. युवा वर्गमा नवप्रर्वतन तथा उद्यमशिल सँस्कृतिको विकास गर्ने | २.१ राष्ट्रियस्तरका सफल युवा उद्यमीहरुका अनुभव स्थानीय युवाहरु माझ आदान प्रदान गरी उद्यमतर्फ अभिप्रेरित गरिनेछ ।<br>२.२ स्थानीय युवा क्लब, समूह र संघ/संस्था मार्फत क्षमता अभिबृद्धीका कार्यक्रम संचालन गरिनेछ ।<br>२.३ युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता बिकास गरिने छ ।<br>२.४ लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरुमा निगरानी समूह गठन गरी परिचालन गरिनेछ । |
| ३. खेलकुदको विकास मार्फत युवाको सिर्जनशिलता विकास गर्ने | ३.१ अन्तर स्थानीय तह र नगरपालिका भित्र खेलकुद प्रतियोगिता बार्षिक रुपमा संचालन गरिनेछ ।<br>३.२ खेलकुदको क्षेत्र अनुसार स्थानीय युवालाई खेलकुद प्रशिक्षक प्रशिक्षणमा सहभागी गराई प्रशिक्षकको रुपमा विकास गरी परिचालन गरिनेछ ।<br>३.३ खेलमैदान, कवर्ड हल जस्ता पूर्वाधार र खेलकुद सामग्री युवा क्लब तथा विद्यालय मार्फत व्यवस्थापन गरिनेछ । |
| ४. खेलकुदको पूर्वाधार, प्रक्षिक्षण तथा खेलाडिको क्षमता बिकास र प्रोत्साहनको ब्यबस्था गर्ने | ४.१ खेलकुद प्रतियोगिताहरु आयोजना गरी खेलकुदलाई नियमित र व्यवसायमूलक बनाइनेछ ।<br>४.२ नगरपालिमा खेलकुद मैदान स्तरोन्नति र सहायक पूर्वाधारको विस्तार र खेलकुद प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।<br>४.३ स्थानीय युवालाई खेलकुद प्रतियोगिमा सहभागि हुन प्रोत्साहन तथा प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य ६: स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन भएको हुनेछ ।** | |
| १. स्थानीय कला तथा संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने | १.१ भाषा, कला र संस्कृति संरक्षणका लागि नगरपालिकामा समिति तथा इकाई गठन गरी क्रियाशिल गराइने छ ।<br>१.२ साँस्कृतिक अतिक्रमणलाई दुरुत्साहन गर्दै सरोकारवालाको अग्रसरतामा गीत, नृत्य, भेषभूषा तथा रहनसहनलाई संरक्षण र प्रवर्धन गरिनेछ ।<br>१.३ परम्परागत उपयोग तथा सजावटका सामाग्री निर्माण कलालाई व्यवसायका रुपमा विकसित गर्न प्रोत्साहन गरिनेछ ।<br>१.४ स्थानीय बाजा, नृत्य र गीतलाई पेशाका रुपमा अवलम्बन गर्न महोत्सव, चाडवाड तथा कार्यक्रममा अवसर प्रदान र प्रचार प्रसार गरिनेछ । |
| २. स्थानीय कला, सँस्कृती र मौलिक अभ्यास मौलिकता र उपयोग बारे अध्ययन अनुन्धान गर्ने | २.१ कलेज, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग समन्वय र सहकार्य गरी कला सँस्कृती सोको मौलिकता, संरक्षण, प्रवर्धन तथा उपयोग बारे अध्ययन अनुसन्धान गरिनेछ ।<br>२.२ मौलिक कला संस्कृति र अभ्यासलाई स्थानीय ज्ञान व्यवस्थापनको आधारको रुपमा विकास गरिनेछ ।<br>२.३ स्थानीय कला, भाषा, सस्कृति, रहनसहनका बारेमा फिल्म तथा डकुमेन्ट्री निर्माण गर्न पहल गरिनेछ ।<br>२.४ परम्परागत सिल्पी पेशालाई नयाँ प्रविधि उपयोग गरी व्यावसायिक बनाइनेछ। |
| २. स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र | ३.१ होमस्टे संचालन गरी कला सँस्कृतीलाई पर्यटन विकाससँग आवद्ध गरिनेछ ।<br>३.२ थारु संग्रालयको स्थापना र विकास गरी सोसँग सम्बन्धीत कला, सँस्कृती र भेषभुषाको संकलन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवर्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धी गर्ने | ३.३ कला, सँस्कृती, चलन, भेषभुषाको मौलिकता उपयोग बारे प्रकाशन, प्रसारण गरिनेछ ।<br>३.४ कला तथा संस्कृति सम्बन्धी प्रदर्शन, प्रवर्धन र व्यावसायीकरण गरिनेछ ।<br>३.५ स्थानीय कला, सँस्कृतिलाई पर्यापर्यटनसँग एकीकृत गरी संचालन गरिनेछ । |

## ५.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । सामाजिक क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ५.१: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना*

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| उद्देश्य १: नगरलाई गुणस्तरीय र जीवनपयोगी विद्यालय, प्राविधिक एवं उच्च शिक्षाको केन्द्रको रुपमा विकास गर्नु | | | | | |
| १.१ सामुदायीक विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण सुदृढीकरण कार्यक्रम | विद्यालय | ३० | ३० | ३०००० | सबै विद्यालय |
| १.२ शिक्षक क्षमता विकास कार्यक्रम | शिक्षक | ४०० | ४०० | १००० | सवै विद्यालयका शिक्षक |
| १.३ विद्यालयको सन्तुलित वितरण कार्यक्रम | विद्यालय | ३० | ३० | १०००० | विद्यालय |
| १.४ सार्वजनिक गुठी विद्यालय सबलीकरण कार्यक्रम | विद्यालय | १ | १ | ५०० | गुठी विद्यालय |
| १.५ बालविकास केन्द्र सबलीकरण कार्यक्रम | बालविकास केन्द्र | ८१ | ८१ | १०००० | बालविकास केन्द्र |
| १.६ अपांगता भएका बालवालिकाको लागि एकीकृत विद्यालयको स्थापना र सञ्चालन | माध्यमिक विद्यालय | १ | २ | ५००० | माध्यमिक विद्यालय |
| १.७ उच्च शिक्षामा किशोर र युवाहरुको सहभागितामा वृद्धि सचेतना कार्यक्रम | पटक | १ | ५ | ५००० | क्याम्पस |
| १.८ वडामा पुस्तकालय स्थापना र संचालन | वटा | १ | १५ | १०००० | नगरका सबै वडामा |
| १.९ विद्यालयमा कम्पुटर ल्याव र शिक्षक आपूर्ति तथा व्यवस्थापन कार्यक्रम | विद्यालय | ३० | ३० | ३०००० | सवै विद्यालय |
| १.१० सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र परिचालन कार्यक्रम | वटा | १ | १५ | १०००० | सवै वडामा |
| १.११ शिक्षक सिकाई केन्द स्थापना र परिचालन कार्यक्रम | वटा | ६ | ६ | १०००० | सवै स्रोत केन्द्र |
| १.१२ कोहलपुर शैक्षिक हबको अवधारण तर्जुमा र कार्यान्वयन | पटक | ० | १ | १०००० | सवै विद्यालय |
| १.१३ शिक्षा शाखा र विद्यालयका लागि लघु, अन्तरदेशीय र अन्तराष्ट्रिय शैक्षिक भ्रमण | पटक | ० | ५ | १००० | सवै विधालयहरु तथा शिक्षा क्षेत्र |
| १.१४ विद्यार्थी कृषि अभ्यास कार्यक्रम (नर्सरी, उत्पादन, तरकारी, फलफुल र मौरीपालन) | विद्यालय | ० | १२ | १२००० | १२ माध्यमिक विद्यालयमा |
| १.१५ विद्यालयमा निर्माण अभ्यास केन्द्र र सूचना प्रविधि प्रयोगशाला स्थापना (स्थानीय आयोजनाको प्राविधिक अध्ययन, सर्वेक्षण, डिजाइन, लागत अनुमान, सुपरीवेक्षण र विलिङ तथा सूचना प्रविधिको | विद्यालय | ० | ३ | ४५०० | ३ वटा माद्यामिक विद्यालयहरुमा नमूनाको रुपमा संचालन गर्ने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| उपयोग बारे पठनपाठन, अभ्यास र सीप हस्तान्तरण) | | | | | |
| १.१६ प्राविधिक (कृषि, निर्माण IT) विद्यालय स्थापना तथा धार संचालन | विद्यालय | २ | ५ | ३०००० | ३ वटा माद्यामिक विद्यालयमा |
| १.१७ अभिभावक शिक्षा र सचेतना कार्यक्रम | पटक | ० | ५ | ३००० | सबै टोलहरुमा |
| १.१८ क्याम्पसको स्तरोन्नति कार्यक्रम | संख्या | ५ | ५ | ५०००० | |
| १.१९ छात्रावृति कोष स्थापना (बार्षिक) | जना | १६८४३ | १८००० | ५४००० | लक्षित छात्रछात्रा |
| १.२० शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | पटक | ० | ५ | ५००० | क्याम्पस र विश्व विद्यालयसँग सहकार्य गर्ने |
| १.२१ योजना निर्माण र नियमित कार्यक्रम | संख्या | ० | ३० | ६००० | ३९ विद्यालय |
| **शैक्षिक विकास जम्मा** | | | | २९७००० | |
| उद्देश्य २: सबै प्रकारको स्वास्थ्य सेवा तथा पोषण सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु | | | | | |
| २.१ स्वास्थ्य सेवा विस्तार तथा सुदृढीकरण कार्यक्रम (प्रयोगशाला, कम्प्युटर, इन्टरनेट र पावर ब्याकअप सुविधा, कोल्डचेन मेन्टेन गर्न रेफ्रिजरेटर खरिद आदी) | स्वास्थ्य संस्था | १२ | १४ | १४००० | - शम्शेरगंज र कोहलपुर स्वास्थ्य चौकीमा ल्याव सामाग्री र टेक्निसियन समेत प्रयोगशाला स्थापना गर्ने<br>- १२ वटै स्वास्थ्य संस्थामा कम्प्युटर, इन्टरनेट र पावर ब्याकअप सुविधा जडान गर्ने<br>- विद्यालयमा उपचार कक्ष सञ्चालन र नियमित चेकजाँचको व्यवस्था गर्ने<br>- खोपको लागि कोल्ड चेन मेन्टेन गर्न रेफ्रिजरेटर खरिद गर्ने |
| २.२ स्वास्थ्य संस्था पूर्वाधार विकास कार्यक्रम (भवन निर्माण, वर्थिङ सेन्टर, वैठक तथा तालिम कक्ष, आइसोलेशन वार्ड, करेशा बारी, वगैचा र इन्सिनेरेटर) | स्वास्थ्य संस्था | १२ | १४ | ४२००० | - भवन निर्माण :<br>- वर्थिङ्ग सेन्टर स्थापना :<br>- वैठक र तालिम कक्ष निर्माण :<br>- करेशाबारी र वगैचा निर्माण : १२ वटामा<br>- आइसोलेशन वार्ड: ५ वटामा<br>- इन्सिनेटर निर्माण: १२ वटामा |
| २.३ सुरक्षित मातृत्व र पोषण कार्यक्रम | स्वास्थ्य संस्था | १४ | १४ | १०००० | - गर्भवती र सुत्केरी आमा तथा बच्चालाई लक्षित गर्ने |
| २.४ मेडिकल उपकरण र औषधी व्यवस्थापन कार्यक्रम | स्वास्थ्य संस्था | १४ | १४ | १४००० | - नेपाल सरकारले तोकेको मापदण्ड अनुसार उपकरण र औषधीको व्यवस्था मिलाउने |
| २.५ स्वास्थ्य शिक्षा, सूचना र संचार कार्यक्रम | पटक | ० | ५ | ५००० | - १२ वटै मा.वि.मा किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम संचालन |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| | | | | | - १४२ वटै प्रमुख टोलमा सर्ने र नसर्ने रोग, स्वच्छता र सरसफाई सम्बन्धी सचेतना कार्यक्रम |
| २.६ स्वास्थ्य उपचार सहयोग कार्यक्रम ( विपन्न र विशेष अवस्था परिवारका सदस्यका लागि प्रति व्यक्ति रु. ५०० उपचार सहयोग प्रदान गर्ने) | जना | ३० | ५०० | २५०० | स्थानीय स्वास्थ्य संस्थामा निशुल्क उपचार गर्ने, वाह्य उपचारमा आर्थिक सहयोग गर्ने र ज्येष्ठ नागरिक र दीर्घरोगी लाई घरदैलो स्वास्थ्य जाँच सेवा प्रदान गर्ने |
| २.७ अस्पताल (१५ शैया) निर्माण र संचालन | संख्या | ० | १ | ५०००० | ग्रामीण क्षेत्रलाई केन्द्रित गर्ने |
| २.८ सिकलसेल एनिमिया उपचार, ARV तथा सर्पदंशको उपचार व्यवस्थापन | संख्या | ० | १ | ३००० | १५ सैयाको अस्पताल निर्माण पश्चात संचालन गर्ने |
| २.९ स्वास्थ्यकमी पेशागत तालिम तथा महिला स्वास्थ्य स्वयमसेविका तालिम | जना | ० | ३५० | ३५०० | - स्वास्थ्यकर्मी: ३१०<br>- FCHVs: ४० |
| २.१० आयुवेद चिकित्सालय स्थापना तथा आयुर्वेद स्वास्थ्य क्लिनिक संचालन | संख्या | ० | १ | ३५००० | आयुर्वेद औषधालयलाई स्तरोन्नति गरी चिकित्सालय बनाउने |
| २.११ आयुर्वेदिक औषधी उत्पादन र फार्मेसी संचालन | संख्या | ० | १ | १००० | आर्युवेद शाखाबाट गर्ने |
| २.१२ स्थानीय जडिबुटीबारे अध्ययन, पहिचान, संकलन तथा प्रशोधन | पटक | ० | ५ | ६००० | संभाव्य जडिबुटी सम्बन्धी अध्ययन, पहिचान, खेती र संकलन र प्रशोधन केन्द्र स्थापना र संचलन गर्ने |
| २.१३ COVID-19 लगायत महामारी रोग रोकथाम र उपचार रोग प्रतिरोधात्मक आर्युवेद औषधीहरु वितरण कार्यक्रम | जना | ० | २२५० | ५०० | दैनिक १० जना, आर्युवेद शाखा परिसर |
| २.१४ योग केन्द्र स्थापना र कक्षा संचालन | वटा | ० | ५ | १२५०० | नगरपालिका केन्द्र र वडा केन्द्रमहरुमा |
| २.१५ योगाभ्यास र औषधिको प्रयोग संबन्धी जनचेतना कार्यक्रम | पटक | ० | ५ | २५०० | नगरस्तरीय |
| २.१६ मनोसामाजिक सहजकर्ता तालिम | जना | ० | ४५ | १५०० | हरेक वडाबाट ३ जना |
| २.१७ स्वास्थ्य सेवा सालबसाली कार्यक्रम | पटक | ० | ५ | २५०० | घुम्ती शिविर संचालन र सशर्त अनुदानका कार्यक्रम |
| **स्वास्थ्य तथा पोषण जम्मा** | | | | **१५५५००** | |
| उद्देश्य ३: स्वच्छ खानेपानीको सुविधा, स्वच्छता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु | | | | | |
| ३.१ एक घर एक धारा कार्यक्रम | संख्या | ११११ | ३००० | ३००००० | ग्रामीण वस्तीहरुमा |
| ३.२ मौजुदा र साना खानेपानी आयोजना मर्मत सुधार व्यवस्थापन कार्यक्रम | संख्या | ० | १० | २०००० | प्रत्येक आयोजना बीच जोड्ने प्रणाली विकास गरी वितरण गर्ने |
| ३.३ आयोजना निर्माण र मर्मत संभार प्राविधिक उत्पादन र परिचालन | जना | ० | ४० | २५०० | पम्प अपरेटर तालिम प्लम्बिङ्ग र निर्माण र मर्मत संभार तालिम संचालन गर्ने |
| ३.४ पानीको गुणस्तर मापन | स्थान | ० | ५ | १४०० | सवै आयोजनामा गर्ने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| ३.५ दिशाजन्य लेदो फोहोर विसर्जन स्थल निर्माण ट्रिटमेन्ट प्लान्ट स्थापना | संख्या | ० | १ | १०००० | ...................... |
| ३.६ सार्वजनिक शौचालय तथा बजार क्षेत्रमा घुम्ती शौचालय निर्माण | संख्या | ० | ५ | १०००० | .................... |
| ३.७ कुहिने र नकुहिने फोहोर व्यवस्थापन | परिवार | ० | २०००० | १०००० | प्रत्येक घरधुरीमा |
| ३.८ स्वच्छता, स्वच्छ व्यवहार र स्वच्छ खानेपानी बारे जनचेतना कार्यक्रम | टोल संख्या | ० | १४२ | १५०० | १५ वडाका १४२ वटै टोलमा संचालन गर्ने |
| ३.९ पूर्ण सरसफाई तथा स्वच्छ टोल कार्यक्रम | पटक | ० | १४२ | ३००० | अन्तर टोल सरसफाई प्रतिस्पर्धात्म कार्यक्रम संचालन गर्ने |
| **खानेपानी तथा सरसफाई जम्मा** | | | | **३५८९००** | |
| उद्देश्य ४: विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका तथा पछाडि परेका वर्गको सक्षमता र संलग्नता र आत्मविश्वासमा अभिबृद्धी गर्नु | | | | | |
| ४.१ लक्षित वर्ग सशक्तीकरण तथा संस्थागत विकास कार्यक्रम (नेतृत्व विकास, कार्यालय व्यवस्थापन, कोष तथा लेखा व्यवस्थापन, अभिलेख व्यवस्थापन, संजाल गठन तथा क्षमता विकास आदी) | संस्था/ समिति | ० | ३१ | ६२०० | - महिला समूह, संजाल तथा सहकारी,<br>- टोल विकास संस्था<br>- बालक्लब तथा संजाल<br>- अपाङ्गता भएका व्यक्ति संरक्षण समिति<br>- ज्येष्ठ नागरिक अधिकार संरक्षण समिति<br>- दलित उत्थान समिति आदी |
| ४.२ लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (अचार, मुडा तथा फर्निचर, निर्माण, मोवाइल, मेकानिक्स, विद्युत, ड्राइभिङ्ग, अगरवत्ती, साबुन, ढाँका बुनाई, सिलाई कटाई, हस्तकला, बुटिक आदी) | जना | २०० | २००० | ६००० | - उद्यमशिलता र सीप विकास तालिम<br>- वस्तुगत सहयोग<br>- विउँ पुजि सहयोग<br>- प्रविधि हस्तान्तरण<br>- बजारीकरण र नेटवर्किङ्ग |
| ४.३ लक्षित वर्ग सशक्तिकरण र सचेतना कार्यक्रम (समूह तथा संजाल गठन, सचेतना कक्षा, तालिम अभिमुखीकरण) | पटक | ० | ५ | १५००० | व्यक्तिगत र संस्थागत रुपमा सम्बोधन गर्ने |
| ४.४ लक्षित वर्ग पूर्वाधार विकास कार्यक्रम | पटक | ० | ५ | ३०००० | - सबै विद्यालयमा वाल उद्यान निर्माण<br>- १५ वटा महिला समूह तथा सहकारी भवन<br>- सामुदायिक अध्ययन केन्द भवन निर्माण<br>- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन<br>- अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सामाग्री खरिद |
| ४.५ महिला समूह, सहकारी तथा टोल विकास संस्था सुदृढीकरण कार्यक्रम | वटा | === | १४२ | ५००० | - योजना तयारी<br>- संस्थागत विकास,<br>- कार्यालय व्यवस्थापन |
| ४.६ बाल विकास कार्यक्रम | समूह/ क्लब | ० | ३० | ३००० | - सबै विद्यालयमा बाल क्लव, बाल सञ्जाल, अतिरिक्त क्रियाकलाप, |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| | | | | | बाल अधिकार संरक्षण आदी |
| ४.७ जातिय विभेद मुक्त क्षेत्र घोषणा र नियमपालना कार्यक्रम | | ० | ७ | ३५०० | १५ वटै वडा |
| ४.८ जोखिममा परेका महिला वालवालिका लागि पुर्नस्थापना केन्द्र स्थापना र सञ्चालन | संख्या | ० | १ | २०००० | .................... |
| ४.९ हिंसा पीडित संरक्षण कोष स्थापना र संचालन | पटक | ० | ५ | ५००० | कार्यविधि स्वीकृत गरी संचालन गर्ने |
| ४.१० अन्तरपुस्ता अनुभव हस्तान्तरण तथा सम्मान कार्यक्रम | पटक | १ | ५ | ५०० | १५ वडाका ज्येष्ठ नागरिकलाई समेट्ने |
| ४.११ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | १ | ७ | ५००० | १५ वडालाई समेट्ने |
| **सशक्तिकरण तथा समावेशीकरण जम्मा** | | | | ९९२०० | |
| **उद्देश्य ५: युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता, कार्यकुशलता र क्रियाशिलतमा अभिबृद्धि गर्नु** | | | | | |
| ५.१ युवा पुन:र्स्थापना र परामर्श कार्यक्रम | संख्या | ० | २०० | ५००० | - सवै वडामा |
| ५.२ युवा उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम | वटा | ० | १००० | ५००० | - ५०० जना लाई फलफुल र व्यवसायिक तरकारी खेती<br>- ३०० जनालाई पशुपन्छि पालन<br>- १५० जनालाई माछा तथा मौरीपालन<br>- २०० युवालाई ड्राइभिङ्ग प्लम्बिङ्ग, विद्युत र मेकानिक्स<br>- २०० युवालाई मोवाइल कम्प्युटर निर्माण<br>- ५०० जनालाई अन्य |
| ५.३ युवा नेतृत्व विकास तथा सामाजिक उद्यमशिलता विकास कार्यक्रम | जना | ० | २०० | २५०० | - युवाक्लब र संजाल निर्माण, नेतृत्व तथा क्षमता विकास तालिम प्रदान गर्ने<br>- सामाजिक अभियान संचालन गर्ने<br>- जीम क्लबको स्थापना र संचालन गर्ने |
| ५.४ खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति | | ६ | १७ | ६८००० | - एक वडा एक खेल मैदानको व्यवस्था गर्ने<br>- १ कभर्ड हल र सामुदायिक जीमखाना संचालन गर्ने<br>- निमार्णधिन अन्र्तराष्ट्रिय क्रिकेट मैदानको सबलीकरण गर्ने<br>- क्लबहरुको लागि खेलकुद सामाग्रीहरुको व्यवस्था गर्ने |
| ५.५ विद्यालय र सार्वजनिक साना, मझौला, ठुला खेल मैदान सबलीकरण कार्यक्रम | संख्या | ० | १० | ५००० | - नगरपालिकास्तर |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| ५.६ खेलकुद एकेडेमी स्थापना र सञ्चालन | संख्या | १० | २० | ५००० | - खेलकुदका प्रमुख विधालाई समावेश गर्ने |
| ५.७ खेल शिक्षक र पेशागत प्रशिक्षक विकास तथा परिचालन कार्यक्रम | जना | ० | २५ | २५०० | - नगरपालिका |
| ५.८ खेलकुद विकास र प्रवर्धन कार्यक्रम | पटक | ० | २० | १००० | - प्रतियोगिता आयोजना गर्ने र सहभागिताको व्यवस्था गर्ने<br>- खेलकुद प्रशिक्षण संचालन गर्ने<br>- प्रोत्साहन र पुरस्कारको व्यवस्था गर्ने |
| ५.९ अपाङ्गमैत्री विषेश खेलहरु सञ्चालन | पटक | ० | ५ | १५०० | नगरपालिका स्तरमा गर्ने |
| ५.१० लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना तथा निगरानी कार्यक्रम | पटक | ० | ५ | १५०० | १४२ वटा टोलहरुमा केन्द्रित गर्ने |
| ५.११ सेवा आयोग कक्षा संचालन | जना | ० | ५०० | २००० | ग्रामीण वडा र पछाडि परेको समुदाय तथा विपन्नलाई केन्द्रित गर्ने |
| **युवा तथा खेलकुद जम्मा** | | | | ९९००० | |
| **उद्देश्य ६: स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन भएको हुनेछ।** | | | | | |
| ६.१ साँस्कृतिक सम्पदाहरुको पहिचान, अध्ययन, अनुसन्धान तथा अभिलेखन | पटक | ० | २ | १२०० | युनिभर्सिटी कलेजहरुसँग समन्वय गरी अध्ययनको व्यवस्था गर्ने |
| ६.२ पूर्णिमा साहित्य प्रतिष्ठान भवन निर्माण | संख्या | ० | १ | ५००० | वडा नम्बर ११ मा |
| ६.३ थारु संग्राहलय र संस्कृति कला केन्द्रको स्थापना | संख्या | ० | १ | १०००० | वडा नं. ११ मा सभा भवन सहित निर्माण गर्ने |
| ६.४ साँस्कृतिक सम्पदा संरक्षण, पूर्वाधार निर्माण र सुधार कार्यक्रम | सम्पदा संख्या | ० | ५ | ११५०० | - गुम्वा :<br>- मन्दिर :<br>- चर्च/मस्जिद :<br>- सत्सग/ध्यान केन्द्र :<br>- नाच/गान/मेला/पर्व : |
| ६.५ सँस्कृति प्रवर्द्धन, योग तथा ध्यान कक्षा | पटक | ० | ५ | २५०० | माद्यामिक विद्यालयहरुमा |
| ६.६ स्थानीय गुम्बा, मठमन्दिर र मस्जिद संरक्षण तथा सम्बर्धन कार्यक्रम | संख्या | ० | १५ | २००० | प्राथमिकताको आधारमा लागत सहभागितामा गर्ने |
| स्थानीय सम्पदा, कला, सस्कृती जम्मा | | | | **३९२००** | |
| **सामाजिक विकास क्षेत्र जम्मा** | | | | १०४८८०० | |

# परिच्छेद ६
# भौतिक विकास योजना

## ६.१ पष्ठभूमि

कुनै पनि स्थान/क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक र भौतिक सेवा तथा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो निर्माण र संचालनका साथसाथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरुको अवलम्बन जरुरत पर्दछ। नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा संचालन गरी सामाजिक, आर्थिक र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ।

अन्तरराष्ट्रिय प्रतिवद्धता प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधारको विकास द्रुत गतिमा गर्ने, बढी फलदायी र वातावरणमैत्री आयोजना कार्यान्वयन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयन गर्न जरुरी छ।

उपरोक्त पृष्ठभूमिमा आधारित भई विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः आवास, वस्ती विकास र शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो संचालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्र यस योजनामा समावेश गरिएको छ। नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

### ६.१.१ आवास, भवन, वस्ती तथा शहरी विकास

#### *विद्यमान अवस्था, संभावना तथा अवसर*

नगरपालिकाको मुख्य गरी शहरी क्षेत्रमा नगर विकास समितिको प्राविधिक सहयोग र नगरपालिकाको सहजीकरणमा सडक, नाली, पेटी, जग्गा एकीकरण र विकास तथा विद्युतीकरण जस्ता पूर्वाधार निर्माण भएका छन्। नगरपालिकामा राष्ट्रिय भवनसंहिता अनुरुप नगरपालिकाको भवन संहिता २०७२ तयार तथा स्वीकृत भई घरनक्शा पास तथा भवन निर्माण मापदण्ड संचालनमा रहेको छ। यसैगरी नगरपालिकामा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य रहेको छ।

....... सालमा नगर क्षेत्रको योजनावद्ध विकासका लागि नगर विकास समितिको पहलमा नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, आद्यौगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको विचमा ग्रिन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्र निर्धारण खाका तयार गरिएको छ। तर यसको आधारमा भूउपयोग योजना र सो को आधारमा वस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी तत्काल कार्यान्वयन गर्नु पर्ने देखिएको छ । नगरपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैला सुरक्षित व्यवस्थापन गर्न.............. मा ल्याण्डफिल साइट निर्माण गर्न डिपिआर तयार भई निर्माण कार्य प्रारम्भ भएको छ।

नगरपालिकामा लामोदुरीको बसपार्क र छोटो दुरीको गरी २ वटा बस पार्क संचालनमा रहेका छन् । नगरपालिकाको सहमतीमा छिमेकी वैजनाथ गाउँपालिकाको वडा नम्बर ३ मा प्रदेशस्तरीय औद्योगिक ग्राम स्थापनाको प्रक्रिया अगाडि बढाइएको छ । नगरपालिकाको १ स्थानमा शितभण्डार समेत र अर्को १ स्थानमा तरकारी तथा फलफल संकलन र बजार केन्द्र संचालनमा रहेका छन् ।

नगरपालिकाको १५ वटा वडा कार्यालयहरु मध्ये वडा नम्बर २, ५, १०, ११ र १४ का वडा कार्यालयहरु आफ्नै भवनमा संचालनमा रहेका छन् भने बाँकी वडाका वडा कार्यालयहरु भाडाको घरमा संचालनमा रहेका छन् । यस नगरपालिकामा बसोबास गर्ने कूल १७,६८९ घरपरिवार मध्ये ६३ प्रतिशत पक्की, २५ प्रतिशत अर्धकच्ची र बाँकी १२ प्रतिशत घर कच्ची रहको देखिन्छ । कूल घरपरिवारमा मध्ये ९४ प्रतिशतको परिवार आफ्नै घर भएको बाँकी ६ प्रतिशत भाडामा बसोबास गरेको स्थिति पत्रमा उल्लिखित तथ्याङ्कले देखाएको छ ।

### *समस्या तथा चूनौति*

आवास क्षेत्रमा नगर विकास समितिबाट तयार तथा स्वीकृत जग्गाको प्लटिङको क्षेत्रफल धेरै कम रहेकोले भवन निर्माण मापदण्ड पालना गर्न गराउने एकालित कठिनाई देखिएको छ भने अर्कोतिर यसबाट व्यवस्थित आवास निर्माणमा चूनौति थपिएको छ । पश्चिम नेपालको आवासीय शहरको रुपमा विकास तर्फ लम्कदै गरेको यस नगरपालिका क्षेत्रमो भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यावसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन । लामो दुरीको बसपार्कमा सवारी साधन पार्किङ र यातायातको सहज व्यवस्थापनको लागि क्षेत्र कम भएको नगरपालिकाको अन्य क्षेत्रमा पार्किङ स्थलको व्यवस्था हुन सकेको छैन ।

नगरपालिकामा भएको तरकारी तथा फलफूल बजारमा पानी निकासको लागि नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, शित भण्डार र अन्य पूर्वाधार र सुविधाको कमी रहेको छ । नगर विकास समितिले प्रस्ताव गरेको भूउपयोगको क्षेत्र अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार वस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । नगरपालिका क्षेत्रका केही वस्तीहरु कटान तथा ढुवानको समस्याका कारण करिब २८०० जती घरपरिवारहरुमा बाढीको जोखिम रहेको छ । ग्रामीण वस्तीहरुमा गुजुमुजु परेका फुसको छाना भएको घरहरु रहेको र शहरी क्षेत्रका घरहरुमा पनि लाइटिनिङ रडको व्यवस्था नभएको हुँदा आगलागीको जोखिममा रहेका छन् । बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र र मध्यवर्ती क्षेत्रसँग जोडिएका ग्रामीण वस्तीहरुमा मानव वन्यजन्तु द्धन्द्धको समेत जोखिम रहेको छ ।

नगरको शहरी तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन नगर कार्यपालिकाको एकीकृत भवन, वडा भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ । नगरपालिकामा दमकल र एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सरसामग्रीको कमी रहेको देखिन्छ । नगरपालिकामा बसोबास गर्ने कूल १७,६८९  घरपरिवार मध्ये अझसम्म पनि १२ प्रतिशत परिवार कच्ची तथा असुरक्षित घरमा बसोबास गरेको देखिन्छ ।

## ६.१.२ सडक, पुल तथा यातायात

### *विद्यमान अवस्था, संभावना तथा अवसर*

नेपालको कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशको प्रवेशद्धारको रुपमा रहेको यस नगरपालिका भएर पूर्वपश्चिम तथा रत्न राष्ट्रिय लोकमार्ग गएको छ । स्थिति पत्र (प्रोफाइल) को विवरण अनुसार यस नगरपालिकामा पक्की सडक ४३.५ कि.मि., ग्राभेल सडक ६३.७ कि.मि. र कच्ची सडक १४० कि.मि. समेत कूल २४७ कि.मि. सडक रहेको देखिन्छ । राष्ट्रिय लोकमार्ग वाहेक नगरपालिकामा करिब २२ कि.मि. पक्की सडक रहेको छ भने

नगरपालिकाको १५ वटै वडाहरु १२ हैं महिना संचालन हुने सडक सञ्जालमा जोडिएका छन् । नगरपालिकाले सडकको चौडाई र स्तरको आधारमा क, ख र ग गरी तीन वर्गमा नगरस्तरीय सडकलाई वर्गीकरण गरी सडकको क्षेत्राधिकार निर्धारण गरेको छ । जस अनुसार सडकको चौडाई, १२, ८ र ६ मिटर कायम गरिएको छ। नगरपालिकाको विभिन्न वडा तथा रणनीतिक स्थलहरु जोड्ने प्रमुख सडकहरु जोड्दा चक्रपथ निर्माण हुने संभावना देखिएको छ । यसबाट नगरपालिका भूउपयोगका कृषि र आवास क्षेत्रको सिमाको रुपमा समेत कार्य गर्न सक्ने देखिन्छ ।

राष्ट्रिय लोकमार्गमा समेत गरी यस नगरपालिका क्षेत्रमा मझौला र सानो स्पानका गरी ८ वटा पक्की पुल, २ वटा झोलुङ्गे पुल र ५० भन्दा बढी स्थानमा कल्भर्टहरु रहेका छन् । यस नगरपालिकामा लामोदुरी र छोटो दुरीका गरी २ वटा बसपार्क संचालनमा रहेका छन् । नगर क्षेत्र भित्र पैदल मार्ग ८.६ कि.मि. रहेको स्थिति पत्रबाट देखिन्छ । यस नगरपालिका नेपालको संघीय राजधानी काठमाडौ, प्रदेश नं. ५ को अस्थायी राजधानी बुटवल, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको राजधानी क्रमशः सुर्खेत, गोदावरी, देशकै प्रमुख शहरहरुसँग अन्तरआवद्धता सहज रहेको छ । यो नगरपालिका पश्चिम नेपालको आवासीय, व्यापारिक, पर्यटकीय र शैक्षिक संगम वा केन्द्रको रुपमा स्थापित भैरहेको छ ।

### *समस्या तथा चूनौति*

नगर क्षेत्रमा निर्माण भएका सडकहरुमा नाली र शहरी क्षेत्रमा ढल तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन । नगरपालिकाले निर्धारण गरेको सडक अधिकार क्षेत्र भित्र घर, पर्खाल, विद्युत तथा टेलिफोनको पोलहरु र खानेपानीको लाइनहरु रहेको र विद्युतीय अण्डरग्राउण्ड नभै तारहरु छरिएकोले गर्दा सडकको अधिकार क्षेत्र सुरक्षित हुन, सडकको दायावायाँ वृक्षरोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ । नगर क्षेत्रको विभिन्न स्थानमा सडक अधिकार क्षेत्र अतिक्रमण रहेको, नगरका सडकहरुको रेखाङ्कन, नक्शाङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको, सडक सुरक्षाका संकेतहरु नहुँदा दुर्घटनाका घटना भैरहेको, राजमार्गमा पैदलयात्रु पार गर्ने क्रसिङ्गको व्यवस्था नभएको अवस्था देखिन्छ ।

वडाका सबै केन्द्रहरु पक्की सडक संजालमा जोडिन सकेको छैन । नगरपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरुमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ । सडक निर्माण तथा यातायात संचालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ । सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ संचालन गर्न सकिएको छैन ।

## ६.१.३ विद्युत तथा वैकल्पिक उर्जा

### *विद्यमान अवस्था, संभावना तथा अवसर*

यस नगर क्षेत्रका सबै वडा र वस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ । नगरपालिकाको लगभग शतप्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ । नगर क्षेत्रको १ प्रतिशत घरधुरीमा सोलार प्रणाली र १० प्रतिशत घरपरिवारमा वायोग्यास प्लाण्ट उपलब्ध रहेको छ । नगरपालिका भित्रको ग्रामीण वस्तीहरुमा ४०० जती घरधुरीमा सुधारिएको चुल्हो जडान भएको देखिन्छ । एलपि ग्यास, वायोग्यास, विद्युत हिटर समेत खाना पकाउन स्वच्छ उर्जा प्रयोग गर्ने वा धुवाँमुक्त घरको प्रतिशत ९० प्रतिशत जती रहेको अनुमान गरिएको छ ।

नगरपालिका क्षेत्र भित्रको रत्न राजमार्गको मुख्य सडक, चोकहरुमा ६० वटा जती पोलहरुमा सोलार सडक वत्ती जडान रहेको छ भने अन्य स्थानमा सडक बत्तीको सुविधा पुग्न सकेको छैन । यस नगरपालिका क्षेत्रमा विद्युतको कूल ग्राहक संख्या १२,८४४ रहेका र सो मध्ये ग्राहस्र्थ लाइन ९४ प्रतिशत, औद्योगिक र व्यापारिक लाइन संख्या

१-१ प्रतिशत रहेका छन् । सिचाईको लागि विद्युत लाईन ४७४ वटा रहेका छन् । नगर क्षेत्र भित्र विद्यूतको स्वीचिङ्ग स्टेशन ५ वटा, ट्रान्सफर्मर संख्या ५८ वडा रहेका छन् ।

### *समस्या र चूनौति*

यस नगरपालिकाको सल्यानसँग सिमा जोडिएका तथा अन्य वस्तीहका केही घरहरुमा विद्यूत पहुँच पुग्न सकेको छैन । यस नगरपालिका १० प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । वायोग्यास, सुधाएिको चुल्हो तथा स्वस्थ उर्जाको प्रयोग अवस्था न्यून रहेको देखिन्छ । नगरपालिकाको शहरी तथा व्यापारिक क्षेत्रमा विद्युतको पोलहरु पुराना रहेको, तारहरु यत्रतत्र छरिएर रहेको र विद्युत लाईनलाई हासम्म भूमिगत रुपमा प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरुमा उद्योग व्यावसाय संचालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । नगर क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ ।

## ६.१.४ सूचना, संचार र प्रविधि

### *विद्यमान अवस्था, संभावना तथा अवसर*

नगरपालिकाको लगभग सबै क्षेत्र सूचना तथा संचारमा सुविधाको पहुँचको रहेको देखिन्छ । नगरपालिकाको कूल जनसंख्या मध्ये ७३ प्रतिशत जनसंख्यासँग टेलिफोनको लाइन उपलब्ध रहेको देखिन्छ । नगरपालिकामा बसोबास गर्ने कूल घरपरिवार मध्ये ८३ प्रतिशतसँग टेलिभिजन, ३१ प्रतिशत घरपरिवारसँग कम्प्युटर र १३ प्रतिशतसँग इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ ।

नगरपालिका भित्र कार्यपालिका कार्यालय, १५ वटै वडा कार्यालयहरु, ६ वटा माद्यामिक विद्यालय तथा रम्भेना, कोहलपुर सम्शेरगञ्ज स्वास्थ्य चौकीहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । नगरपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न ८ प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन संचालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । नगरपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईन मार्फत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

नगरपालिका क्षेत्रमा एक दर्जन जतरी एफएम रेडियो, स्याटलाइट प्रविधिमा आधारित नेपाल टेलिभिजनको प्रसारण केन्द्र संचालन रहेको छ । नगरपालिकामा दर्ता भएका विभिन्न …… पत्रपत्रिका प्रकाशन भैरहेको राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरु प्रकाशन भएकै दिन उपलब्ध हुने गरेका छन् ।

### *समस्या र चूनौति*

नगरपालिका केही घरपरिवासँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने अझै २० प्रतिशत घरपरिवारमा कम्प्युटर, इन्टरनेट र टेलिभिजनको पहुँच नभएको देखिन्छ । कतिपय वस्ती र स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तरीयता कमजोर रहेको छ । नगर क्षेत्र भित्र, सबै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन ।

आवधिक विकास योजना कार्यशालाबाट प्राप्त पूर्वाधार विकाससँग सम्बन्धीत क्षेत्र तथा सो अन्तर्गतका

उपक्षेत्रहरुको स्थिति विश्लेषण **अनुसूची ४** मा प्रस्तुत गरिएको छ ।

## ६.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाका आवास, वस्ती, भवन तथा शहरी विकास, सडक तथा यातायात, विद्युत र वैकल्पिक उर्जा, सूचना तथा संचार प्रविधि लगागत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास सम्बन्धी अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ६.२.१ सोच

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री पूर्वाधारयुक्त व्यवस्थित शहरको निर्माण

### ६.२.२ लक्ष्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ बसोबास, व्यावसाय, बजार, शहरी सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने

### ६.२.३ उद्देश्य

नगरपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि गर्नु,
- सुदृढ यातायात, बजार तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्नु,
- विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु र
- सूचना तथा संचार प्रविधिको उपलब्धता, गुणस्तर र उपयोगमा अभिबृद्धि गर्नु ।

### ६.२.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका ६.१: विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ :** वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि गर्नु | |
| १. वडा कार्यालयलाई सेवा प्रवाह केन्दको विकास गर्ने | १.१ वडा कार्यालयमा विषय शाखा र कर्मचारीको व्यवस्था गरी विषयगत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>१.२ सबै वडा कार्यालयहरुमा पूर्वाधारको विकास गरी आफ्नै भवनबाट सेवा सुचारु गरिनेछ ।<br>१.३ मापदण्ड अनुसार वडा कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा महिलामैत्री रुपमा निर्माण गरिनेछ । |
| २. नगरको व्यवस्थित विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्र निर्धारण गर्ने | २.१ भुउपयोग क्षेत्र निर्धारणको विस्तृत सर्वेक्षण र नक्शाकंन गरिनेछ ।<br>२.२ भूउपयोग क्षेत्रहरुको विचमा ग्रिनवेल्टको विकास गरिनेछ ।<br>२.३ कृषि क्षेत्रको चक्लाबन्दी गरी स्तरोन्नति गरिनेछ ।<br>२.४ नगरपालिका भित्रको सार्वजनिक जग्गाको अभिलेख तयार गरी नगरपालिका मातहत ल्याइनेछ र सोको संरक्षण र परिचालनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ नगरपालिका क्षेत्रमा नापीनक्शा, घरजग्गा, धनीपुर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ । |
| ३. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने | ३.१ सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना अद्यावधिक गरी सडक निर्माण र संचालन गर्ने<br>३.२ भू-उपयोग क्षेत्र अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक विस्तार र स्तरोन्नति गरिनेछ ।<br>३.३ स्थानीय प्रशासन, प्रहरी र सरोकारवालाको सहयोगमा सडक क्षेत्राअधिकार स्पष्ट गरी सडक अतिक्रमणलाई निमयन गरिनेछ ।<br>३.५ सडकको मापदण्ड अनुसार सडक निर्माणमा हुने समुदायको सहयोग र अवरोधको आधारमा बजेट विनियोजन र निर्माण गरिनेछ । |
| ४. नगरपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने | ३.१ भूबनौट, क्षमता, उपयुक्तता र मौजुदा भू-उपयोगको आधारमा भू-उपयोग क्षेत्र निर्धारण, ल्याण्ड पुलिङ प्रणालीबाट वस्ती तथा भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित वस्ती विकासको आधार तयार गरिनेछ ।<br>३.२ औद्योगिक ग्राम, बजार, पार्क, आपतकालिन सामाग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः संचालन गरिनेछ ।<br>३.३ व्यवस्थित वस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरुको निर्माण गरी नमूना वस्ती र बजारको विकास गरिनेछ ।<br>३.५ बजार र वस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ । |
| **उद्देश्यः सुदृढ यातायात, बजार तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्नु** | |
| १. आवागमन र सेवा सुविधामा पहुँच बृद्धि गर्ने | १.१ सबै वडाको केन्द्रहरु पक्की सडकमा संजालमा जोडिनेछ ।<br>१.२ नगरपालिकाको वाहिरी क्षेत्र र स्तरोन्नत सडक नपुगेका स्थानहरुमा सडकको पहुँच पुऱ्याउन सिटी क्षेत्रमा भारी सवारी साधनको प्रवेशलाई वैकल्पिक मार्ग प्रदान गर्न चक्रपथको निर्माण गरिनेछ ।<br>१.३ यातायात गरुयोजना, मापदण्ड अनुसार रेखाङ्कन, नक्शाङ्कन तथा नामाकरण गरी सडक क्षेत्र निर्धारण, अधिकार क्षेत्र भित्रका संरचना हटाउने, सडक निर्माण र मर्मतसंभार गर्ने |
| २. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने | २.१ यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, नामाकरण, रेखाङ्कन र प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ यातायात गुरुयोजना नियमित रुपमा अद्यावधिक गरी सो को प्राथमिकता अनुसार सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।<br>२.४ प्रहरी प्रशासन, टोल विकास संस्थाहरु र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>२.५ सडक मापदण्ड लागू हुनु भन्दा अघि बनेका र रहेका संरचनाहरु हटाउन सरोकारवालासँग परामर्श तथा वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ । |
| ३. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज | १.१ नगरपालिकाका रणनीतिक सडकहरुको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, सोलिङ र पिच/ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री र उत्थानशिल पूर्वाधारको विकास र विस्तार गर्ने | १.२ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ ।<br>१.३ वातावरणीय अध्ययन पश्चात विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ ।<br>१.४ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम संचालन गरिनेछ ।<br>१.६ सडकको वर्गीकरण, नामाकरण र मापदण्ड अनुसार चौडा गरी नाला, पुल तथा कल्भर्ट समेत सडकको सहायक संरचना समेत सडकको स्तरोन्नति गरिनेछ । |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु** | |
| १. विद्युत लाइन तथा क्षमता वृद्दी गर्ने | १.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत लाईनको क्षमता विस्तार, जिर्ण पोल र तार मर्मत गरिनेछ ।<br>१.३ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>१.४ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ । |
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने | २.१ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच बृद्धि गरिनेछ ।<br>२.२ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत, सोलार र एलपिग्यास उपयोगको प्रवर्द्धन एवं विस्तार गरिनेछ ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ४: सूचना तथा संचार प्रविधिको उपलब्धता, गुणस्तर र उपयोगमा अभिबृद्धि गर्नु** | |
| १. इन्टरनेट सेवाको पहुँच अभिबृद्धि गर्ने | १.१ नगर कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धी गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ ।<br>१.२ सवै विद्यालय, स्वास्थ्य संस्था र प्रमुख टोलहरुमा इन्टरनेट सेवा नियमित तथा सुचारु गरिनेछ ।<br>१.३ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| २. टेलिफोन सेवा प्रभावकारी बनाउने | २.१ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>२.२ टेलिफोन टावरको संख्या र क्षमता बृद्धि गर्न टेलिकम सेवा प्रदायकसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.३ विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह शासन संचालनको व्यवस्था गरिनेछ ।<br>३.२ एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटलाई सम्पादित योजना, कार्यक्रम र गतिविधि प्रकाशन र प्रसारणको लागि सूचना र संचारको प्रमुख माध्यमको रुपमा विकास गरिनेछ ।<br>३.३ नगरपालिकाको मुखपत्रको रुपमा कोहलपुर विकास बुलेटिन चौमासिक प्रकाशनको व्यवस्था गरिनेछ ।<br>३.४ पदाधिकारी तथा सेवाग्राही रेडियो, टिभी र सामाजिक संजाल माध्यमबाट संवाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धी, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ । |

### ६.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ६.२: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना*

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/७७) | कूल लक्ष्य (०८१/८२) | | |
| **उद्देश्य १ : वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| १.१ लामोदुरीको सवारी साधनको लागि आधुनिक र व्यवस्थित नयाँ बसपार्क निर्माण | स्थान | १ | १ | ५००००० | |
| १.२ पार्किङ स्थल निर्माण | स्थान | ० | १० | १०००० | |
| १.३ तरकारी तथा फलफूल बजारमा पानी निकास, फोहोरमैला व्यवस्थापन, शौचालय र शित भण्डारण सुविधा स्तरोन्नति | स्थान | ० | २ | २०००० | |
| १.४ भूउपयोग क्षेत्र निर्धारण गरी नक्शाकंन | पटक | ० | १ | ४०००० | |
| १.५ ल्याण्ड पुलिङ प्रणालीबाट नमूना नीजि आवास क्षेत्र विकास | स्थान | १ | ४ | ३००००० | |
| १.६ नगस्तरीय औद्योगिक ग्राम स्थापना | स्थान | ० | २ | १०००० | वडा नं. ७, ८ को सिमाना विन्दबासिनी वन क्षेत्र र वडा नं. १४ को पावतीपुर |
| १.७ भूकम्प प्रतिरोधि संरचना निर्माण, प्रविधि, निर्माण सामाग्री र प्रबलीकरण सम्बन्धी सीप तथा क्षमता विकास तालिम | पटक | ० | ५ | १५००० | |
| १.८ आधारभूत पूर्वाधारसहित बजार व्यवस्थापन | स्थान | ० | ५ | ५०००० | मदनचोक, चप्परगौडी, कौशिलानगर, पिपरी र हवल्दार |
| १.९ विद्युतीय शवदाह गृह | स्थान | ० | १ | ३५००० | वडा नं. ११ क्रिकेट मैदान दक्षिण |
| १.१० अत्याधुनिक वधशाला | संख्या | ० | १ | २२०००० | वडा नं. ११ क्रिकेट मैदान दक्षिण पूर्व क्षेत्र |
| **वस्ती, आवास र शहरी विकास जम्मा** | | | | **१२०००००** | |
| **उद्देश्य २: सुदृढ यातायात, बजार तथा सहायक पूर्वाधारको विकास र विस्तार भएको हुनेछ।** | | | | | |
| २.१ १७ मि.चौडाको नगर चक्रपथ निर्माण | कि.मि. | ११ | ४५ | ५००००० | हवल्दारपुर लखना, जामुने, पिपरी नयाँ वस्ती, मदननगर, मन्नापुर, बन्धा, सिमरी, प्रगतिनगर, भरैया, दाउना, नयाँवस्ती, शक्तिनगर, आर्मी क्याम्प, कौशिलानगर, मदनचोक, वेलनपुर, गोवा अकलघरवा हुँदै हवल्दारपुर |
| २.२ पक्की सडक निर्माण | कि.मि. | ४३.५ | ६८.५ | ३००००० | |
| २.३ सडक ग्राभेल तथा स्तरोन्नती | कि.मि. | ६३.७ | १४३.७ | २००००० | |
| २.४ सडकको नियमित, आवधिक र आकस्मिक मर्मतसंभार | कि.मि. | ० | १० | १००००० | |
| २.५ सडक नाला निर्माण | कि.मि. | २० | ५० | ३५०००० | |
| २.६ आकासे पुल तथा अण्डर पास निर्माण | स्थान | ० | ५ | १००००० | |

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत, लक्षित वर्ग वा आयोजना विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/७७) | कूल लक्ष्य (०८१/८२) | | |
| २.७ सडक सुरक्षा संकेत निर्माण | पटक | ० | ५ | ५०००० | |
| २.८ सडक पुल निर्माण | पटक | ८ | १९ | ५००००० | |
| २.९ झोलुङ्गे पुल निर्माण | पटक | २ | ४ | २०००० | |
| २.१० नगर यातायात गुरुयोजना अध्यावधिक | पटक | ० | १ | २००० | |
| २.११ कल्भर्ट निर्माण | स्थान | ५० | १२५ | ८०००० | |
| **सडक तथा यातायात जम्मा** | | | | २२०२००० | |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि भएको हुनेछ ।** | | | | | |
| ३.१ विद्युत पोल पुनर्स्थापना, लाइन क्षमता र ट्रान्सर्फमर विस्तार | पटक | ० | ५ | ३००० | |
| ३.२ मुख्य सडक, चोक, आवास क्षेत्रमा सडक वत्ती विस्तार | पोल | ६० | २६० | ६००० | |
| ३.३ वैकल्पिक उर्जा प्रवर्धन र विस्तार | संख्या | ४०० | २००० | ५००० | |
| ३.४ विद्युत लाईन भूमिगत परियोजना | कि.मि. | ० | ५ | १०००० | शहर र बजार क्षेत्रमा भूमिगत विद्युत लाईन जडान गर्न विद्युत प्राधिकरणसँग पैरवी र साझेदारी गर्ने |
| **विद्युत तथा वैकल्पिक उर्जा जम्मा** | | | | २४००० | |
| **उद्देश्य ४: विद्युतीय सुशासन तथा सेवा प्रवाहमा अभिबृद्धि भएको हुनेछ ।** | | | | | |
| ४.१ वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा पावर ब्याकअप जडान | कार्यालय /संस्था | १ | ६१ | ३०००० | १५ वटा वडा कार्यालय, १६ वटा स्थास्थ्य संस्था र ३० वटा विद्यालय |
| ४.२ कप्युटर, प्रिण्टर र इन्टरनेट जडान | कार्यालय /संस्था | ४ | ४५ | २५००० | १५ वटा वडा कार्यालय, १६ वटा स्थास्थ्य संस्था र ३० वटा विद्यालय |
| ४.३ सफ्टवयर र व्यवस्थापन सूचना प्रणाली लगायत विद्युतीय माध्यमबाट नियमित सुचना अद्यावधिक तथा प्रसारण र सेवा प्रवाह | पटक | ० | ५ | १५०० | |
| ४.४ कोहलपुर विकास बुलेटिन चौमासिक रुपमा प्रकाशन र प्रसारण | पटक | ० | १५ | ३००० | |
| ४.५ रेडियो, टिभि, सोसल मिडिया मार्फत नगरपालिका र सेवाग्राही सम्वाद कार्यक्रम संचालन | पटक | ० | ६० | २००० | |
| **सूचना, संचार प्रविधि तथा विद्युतीय सुशासन** | | | | ६१५०० | |
| कूल जम्मा | | | | ३४८७५०० | |

## परिच्छेद ७

# वन, वातावरण तथा विपद व्यवस्थापन योजना

## ७.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३ धारा ३० ले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दीगो उपयोग गर्ने व्यवस्था गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ।

उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्। सोही अनुसार प्रदेश नीति तथा कानून पनि तयारीको अवस्थामा रहेका छन् भने स्थानीय सरकारहरु स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनको प्रयास गर्दैछन्। उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ। संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ। यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, वातावरण व्यवस्थापन नीति, राष्ट्रिय वन तथा जलवायु नीति लगायतका नीतिहरुले प्राकृतिक तथा गैर प्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई जस्ता विषयहरुमा स्पष्ट व्यवस्था गरेको छ।

संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा योजनामा प्रस्तावित रणनीति, कार्यनीति तथा कार्यक्रमहरु समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धीत निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा तथा प्रस्तावित गरिएका छन्।

संविधान, संघ र प्रदेश नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ। योजनामा वन, वातावरण र विपद

व्यवस्थापन विषय क्षेत्रसँग सम्बन्धीत संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

### ७.१.१ वन तथा जैविक विविधता

***विद्यमान अवस्था, संभावना तथा अवसर***

नगरपालिकाको कूल क्षेत्रफल १८४.२६ वर्ग कि.मि. मध्ये ६५.३ प्रतिशत अर्थात ११,९८४ हेक्टर क्षेत्र वनजङ्गलले ओगटेको छ । नगर क्षेत्रमा ३८ वटा सामुदायिक वन उपभोक्ता समूह क्रियाशिल रहेको देखिन्छ । उपरोक्त सामुदायिक वन उपभोक्ता समितिहरुबाट २,८२७ हेक्टर वन समुदायद्धारा व्यवस्थित भएको देखिन्छ । साथै उपरोक्त सामुदायिक वन समूहमा ३,४६५ घरपरिवार लाभन्वित भएको देखिन्छ । जुन नगरपालिका क्षेत्रमा बसोबास गर्ने कूल घरपरिवारको २० प्रतिशत हुन आउँछ । नगर क्षेत्रमा ३ वटा नीजि वन र मध्यवर्ती वन तथा राष्ट्रिय वन क्षेत्र पनि रहेको छ । यहाँको कुल वन क्षेत्रमध्ये करिब ६० प्रतिशत वन क्षेत्र जैविक विविधतायुक्त रहेको छ भने बाँकी वन क्षेत्र पनि उत्पादनमूलक र वैज्ञानिक वन व्यवस्थापनको लागि उपयुक्त रहेको छ ।

नगरपालिकामा ३ वटा नीजि वन दर्ता भई संचालनमा रहेको छ । यसका साथै ग्रामीण क्षेत्रमा कृषि बनको रुपमा खेतबारीका डिल र खोला खोल्सीमा डाँलेघाँस, अम्रिसो, बाँस तथा सिसौ लगायतका बोट विरुवमा व्यवस्थापन गरिएको छ । नगर क्षेत्रका विभिन्न स्थानमा ...... वटा फर्निचर उद्योगहरु संचालनमा रहेका छन् । जडीबुटी संरक्षण, खेती, प्रवर्धन, व्यावसायिक उत्पादन र बजारीकरणको दृष्टिकोणले समेत नगरपालिकाको ग्रामीण क्षेत्र अत्यन्त सम्पन्न रहेको छ । प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको यस नगरपालिका क्षेत्र भित्र काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ । यहाँ बाँस, वेत, कुरिलो, बोभ्मो, अमला लगायत विभिन्न जडीबुटी पाइन्छ । एकातर्फ नगरपालिका क्षेत्रको जंगलमा बाँघ, विभिन्न जातका मृग र लगायतका संरक्षित वन्यजन्तुहरु पाइन्छन् भने बाँदर, दुम्सी र बाघले बालीनाली र पशुपंक्षीमा क्षती पुऱ्याइरहेका छन् ।

***समस्या तथा चुनौती***

यस नगरपालिकाको ६५ प्रतिशत भन्दा बढी क्षेत्र वनजङ्गले ढाकेको भएका पनि वातावरणीय स्वच्छता वाहेक यसबाट नगरबासीले व्यावसायिक आर्थिक लाभ लिन सकेका छैनन् । नगर क्षेत्र भित्र पर्ने सामुदायिक, मध्यवर्ती र सरकारी वनसमेतको समूचित व्यवस्थापन हुन सकिरहेको छैन । वनको सीमाना स्पष्ट रहेको छैन र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुने गरेको अवस्था देखिन्छ । यसै गरी हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुने गरेको छ । वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजना समेतको अभाव रहेको छ । वन, जैविक विविधता र जलाधारका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ ।

जलवायुजन्य अतिशय परिणाम (Climate Extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न नगरपालिका र स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । नगर क्षेत्रमा योजना बीना भू-उपयोग तथा स्वरुपमा परिवर्तन, भौतिक पूर्वाधार विकासमा अव्यवस्थित बृद्धि, जनसंख्या र शहरीकरणमा अनियन्त्रित बृद्धि भैरहेको छ । वन तथा वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्दा वन क्षेत्रमाथि चाप बढ्दो छ । उपलब्ध वन र वातावरणीय सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ । कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी वस्ती र संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वन, जमीन र

जलस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू वन तथा वातावरण क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वैज्ञानिक वन व्यवस्थापन नहुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ । परम्परागत रुपमा घाँस दाउरा र काठ बाहेक वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूकल क्रियाकलाप संचालन गरी यथोचित लाभ लिन सएिको छैन । सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ । चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन कायम रहेको छ। यसबाट जैविक विविधता र वनमा आधारित आयमूलक क्रियाकलापका नकारात्मक असर परेको छ । वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

### ७.१.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन

***विद्यमान अवस्था, संभावना र अवसर***

यस नगरपालिकामा इटानाला, डुडुवाखोला, किरणनाला, रोहिणीखोला लगायत ८ वटा खोलानाला र भुतैयाताल लगायतका तालतलैयाहरु रहेका छन् । उक्त खोनानाला र तालतलैयाबाट सिंचाई, घरपालुवा जनावर र वन्यजन्तुको लागि पानी र नुहाउने सुविधा उपलब्ध भईरहेको छ । यसैगरी उपरोक्त खोलानालाबाट स्थानीय उपभोगको लागि गिट्टी र बालुवा समेत उपलब्ध हुने गरेको छ । उपरोक्त खोलानाला तथा तालको जलाधार क्षेत्रमा घना जंगलले ढाकेको, कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा यस नगरपालिका क्षेत्रमा पानीको श्रोत र जमीनको उर्वराशक्ति तुलनात्मक रुपमा राम्रो रहेको छ । वन, जमीन र जलश्रोत लगायत जलाधारका श्रोतको संरक्षण र व्यवस्थापनद्धारा नगरपालिकामा आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ ।

***समस्या तथा चुनौती***

जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार नगरपालिका अन्तर्गतका सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप जमीन जलश्रोत र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण हुन सकेको छैन । तदबन्धन तथा नदी नियन्त्रण बाहेक नगरपालिका तथा सम्बन्धीत निकायहरुबाट सुक्ष्म जलाधार क्षेत्रहरुको व्यवस्थापन तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम र बजेट नगण्य मात्रामा लगानी हुने गरेको छ । जमीन र जलश्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ ।

वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई कुलो, पोखरी तथा खानेपानी र भवन निर्माणमा टेवा पर्खाल लगायत संरक्षणको ध्यान दिन सकेको छैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, सुक्ष्म जलाधार क्षेत्रको पहिचान तथा व्यवस्थापन योजना उपलब्ध नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र यससम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

### ७.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

***संभावना, अवसर र विद्यमान अवस्था***

नगरपालिकामा ६० प्रतिशत भन्दा बढी वन क्षेत्र, सार्वजनिक स्थान र नीजि खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा हालसम्म वातावरण स्वच्छताको अवस्था देखिन्छ । हालसम्म वायु र जल प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ । तर शहरी क्षेत्रमा शहरी पूर्वाधार र सेवा सुविधाको बृद्धिसँग जनघनत्वमा बृद्धि हुँदै गएको छ । फलस्वरुप नगरपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको विसर्जनको मात्रा बढ्दै गएको देखिन्छ । नगरपालिकाको मुख्य शहरी क्षेत्रमा प्रति परिवार मासिक ४४.५ के.जि. फोहोर विसर्जन हुने गरेको छ । विसर्जन हुने फोहोरमैला मध्ये कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी घर कम्पाउण्डमा व्यवस्थापन गर्ने घरपरिवार ६४ प्रतिशत, नगरपालिकाद्धारा संकलन हुने प्रणालीमा विसर्जन गर्ने घरपरिवार २ प्रतिशत र तोकिएको स्थानमा फोहोर विसर्जन गर्ने घरपरिवार ३३ प्रतिशत रहेको छ । नगर पालिकाको मुख्य गरी शहरी क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ । तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ । यसैगरी मेडिकल कलेज लगायत अस्पताल र मेडिकल सेवाको बृद्धिसँगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ ।

चर्पि उपलब्ध कूल १७,३९१ घरपरिवार मध्ये रिङ्ग भएको तथा नभएको खाल्डोमा चर्पीको फोहोरमैला विसर्जन गर्ने घरपरिवार ९१ प्रतिशत, सेफ्टिट्याङ्कमा मिसाउने ७ प्रतिशत र बायोग्यासमा प्लाण्टमा मिसाउने घरपरिवार मात्र १ प्रतिशत रहेका छन् । नगरपालिकाबाट विसर्जन हुने ठोस फाहोर व्यवस्थापनको लागि १५ वर्षको लागि सम्झौता गरी वडा नं. ९ को झण्डवामा स्यानिटरी ल्यान्डफिल साइटको संभाव्यता अध्ययन भई विस्तृत परियोजना प्रस्ताव सहित निर्माणको प्रक्रियामा रहेकोछ ।

इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि नगरपालिकाका ग्रामीण तथा शहरी क्षेत्रका १० प्रतिशत परिवारले अझैपनि इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग हुने गरेको देखिन्छ । उक्त घरपरिवारमा धुँवारहित चुल्हो उपयोगको अनुपमात नगण्य मात्रामा रहेको छ । नगरपालिकामा नीजि घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको लागि कम्पोष्ट विन, पिट, प्रशोधन केन्द्र, घरभित्र फोहोरमैला व्यवस्थापनको आवश्यकता देखिएको छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् । राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना बृद्धि हुँदै गएको छ ।

***समस्या तथा चुनौती***

नगरपालिकाको शहरी, बजार र ग्रामीण वस्ती रहेका क्षेत्रमा समेत प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल जस्ता फोहोरमैला र घर, व्यावसायिक स्थल तथा कार्यालयहरुबाट विसर्जन हुने फोहोर पानीको फलस्वरुप वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ । फोहोर वर्गीकरण, पुन:प्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको छ । प्लाष्टिक, सिसा तथा बोतल  निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित ठोस रणनीति अबलम्बन गर्नु पर्ने देखिन्छ ।

कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ । फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ । वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोला र नालीमा बगाउने प्रचलन बढ्दै जाँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहेको छ ।

विश्वव्यापी रुपमा बढेको तापमान र जलवायु परिवर्तनको असरबाट यस नगर क्षेत्रको जैविक, भौतिक र आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक असरहरु समेत देखिन थालेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असरको रुपमा अति वृष्टि, अनावृष्टी, सुख्खा खडेरी आदी देखिएका छन भने नदीनाला र जमीनमूनीको पानीको तह समेत घट्दै गएको महशुस गरिएको छ । बर्षायाममा ढुवान र नदी कटानको समस्या बढ्दै गएको देखिन्छ । ठोस तथा तरल फोहोरमैलाको पुनःप्रयोग संकलन, प्रसोधन र विसर्जन व्यवहारिक तथा नविन प्रयोग, स्वच्छ व्यवहारको अवलम्बर, जलवायु परिवर्तन असरसँग अनुकुलनका अभ्यासहरुको प्रयोग र वातावरणीय स्वच्छता कायम गर्नु आदि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतिहरु हुन् ।

### ७.१.४ कोभिड १९ तथा विपद व्यवस्थापन

यस नगरपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये हुरीवतास, आगलागी, बाढी, सडक दुर्घटना, भुकम्प र सर्पदंशको असर प्रमुख रुपमा देखिएका छन् । उपरोक्त विपद जोखिमहरुमा हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को असर मुख्य हुन गएको छ । विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि नगरपालिकामा नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ । नगरपालिकाको संवेदनशिल क्षेत्रमा डुवान र चट्याङ्गको लागि पुर्व सूचना यन्त्र जडान गरिएको छ । नगरपालिका केन्द्र र वडास्तरमा खोज उद्दार तालिम प्रदान गरिएको छ भने स्थानीय प्रतिकार्य दल निर्माण र खोज उद्दारका लागि सामग्रीको भण्डारण शुरुवात गरिएको छ ।

विपद प्रतिकार्यको लागि नेपाल रेडक्रस सहजीकरणमा नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण भएको छ । प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकको रुपमा परिचालन गरिएको छ । कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि नगरपालिका र रेडक्रसको समन्वयमा क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ । जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ । यसै गरी नगर क्षेत्रमा मलेरिया र डेंगु रोकथामा लागि झुल वितरण गरिएको छ ।

नगरपालिकामा कोभिड १९ को रोकथाम, नियन्त्रण, परीक्षण र उपचारका लागि  प्रदेश सरकार र नेपाल सरकार सम्बन्धीत निकायहरुसँग समन्वय गरी क्यारेण्टाइन, व्यवस्थापन, नियन्त्रणको लागि नागरिक सचेतना, सर्तकता र परिचालन, परीक्षण, संक्रमितको व्यवस्थापन र उपचारका लागि राष्ट्रिय र प्रदेश स्तरका र नीजि क्षेत्रका अस्पतालको लागि सहयोग परिचालन गरिएको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा बृद्धी हुँदै गएको छ । यस नगरपालिकामा ८ वटा खोलानाला तालतलैया रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ । नगरपालिकाको ग्रामीण क्षेत्रमा ताल पोखरी निर्माण संभावना र आवश्यकता रहेको छ । यसैगरी सुपरिचित राष्ट्रिय गौरवको सिक्टा सिंचाई आयोजना संचालन हुन सके यसबाट सिंचाई सुविधा उपलब्ध हुनुको साथै कृषि पर्यटनको समेत विकास हुने र सुख्खा खडेरी जस्ता विपदको असरलाई समेत कम गर्न सहयोग पुग्ने संभावना रहेको छ । यसका साथै यसबाट लागि नियन्णमा समेत सहयोग पुग्नेछ ।

#### *समस्या तथा चुनौती*

यस नगरवालिमा आगलागी (वन डडेलो समेत), हावाहुरी, भूकम्प, बाढी कटान तथा ढुवान तथा चट्याङ प्रकोपको रुपमा रहेका छन् । यीमध्ये आगलागी, बाढी, भुकम्प दोहोरिरहने प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च नै रहेको छ । एकातिर विश्वव्यापी कोभिड १९ लगायतका महामारी, आगलागी, बाढी विपद्जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता (intensity) बढ्दै गएको छ भने अर्कोतिर विपद्सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा संरचना निर्माण र विकास प्रक्रिया विपद् उत्थानशील

हुन सकेको छैन । व्यवस्थित तथा वैज्ञानिक रुपमा भूमिको उपयोगको लागि भूउपयोग योजना निर्माण गरी कार्यान्वयन नहुँदा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ ।

नगरपालिकाको १५ वडा मध्ये १० वडाहरु बाढीको कटान र ढुवानको जोखिम रहेका छन् । नगर क्षेत्रका नाङगो तथा खाली क्षेत्र, अति चरीचरण हुने वन तथा चउर र कृषि क्षेत्र विभिन्न स्थानमा हुँदा भूक्षयको जोखिम रहेको छ । वनजंगलको संरक्षणसँगै जंगली जनावर विशेष गरी बाँदर, दुम्सी, बँदेल, बाघ र मृगल बालीनाली र पशुपंक्षीको क्षती पुऱ्याउने क्रम पनि बढ्दो क्रममा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभमा स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । बजार क्षेत्र तथा प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवतर्न अनुकुल कृषि बाली तथाा प्रणालीको विकास र विस्तार हुन सकेको छैन । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ बाट नागरिकलाई संक्रमणबाट बचाउने, संक्रमित नागरिकको उपचार र कोभिड १९ तथा बन्दाबन्दीले व्यापार र व्यावसायमा परेको असरबाट पुनर्लाभ ठूलो चुनौतिको रुपमा अगाडि आएको छ ।

कार्यशालाबाट प्राप्त वन, वातावरण र विपद् व्यवस्थापनसँग सम्बन्धीत क्षेत्र तथा सो अन्तर्गतका उप क्षेत्रहरुको स्थिति विश्लेषण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ ।

## ७.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाका वन तथा जैविक विविधता, भूसंरक्षण र जलाधार व्यवस्थापन, वातावरण र फोहोरमैला व्यवस्थापन तथा कोभिड १८ र विपद व्यवस्थापन लगायत स्थानीय तहको लागि उपलब्ध वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ७.२.१ सोच

नगरपालिकाको वातावरण र विपद व्यवस्थापन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ प्राकृतिक स्रोतले सुसम्पन्न र वातावरणीय रुपले सन्तुलित, हरियाली, स्वच्छ वातावरणले युक्त रमणीय नगरको स्थापना

### ७.२.२ लक्ष्य

नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ हरियाली, जैविक विविधता, जमीन र जलश्रोतको समोचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद उत्थानशिलता सुनिश्चित गर्ने

### ७.२.३ उद्देश्य

नगरपालिकाका वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोग वृद्दी गर्नु
- जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु
- पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु
- विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता बृद्धि गर्नु

### ७.२.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति गर्ने तथा कार्यनीति अबलम्बन गरी वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका ७.१ : विषयगत क्षेत्र⁄उपक्षेत्रअनुसार रणनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोग वृद्दी गर्नु** | |
| १. वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने | १. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीय स्तरमा सचेतना अभिबृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>२. नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संयन्त्र र समुदायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. नीतिगत तथा कानूनी व्यवस्था अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन र अध्ययनको सिफारिशलाई कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । |
| २. वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने | १. ८० हेक्टर भन्दा बढी क्षेत्रफल भएका समुदायद्धारा व्यवस्थित वन क्षेत्रमा नमूनाको रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।<br>२. वैज्ञानिक तथा अन्य वन व्यवस्थापन प्रणालीद्धारा वन व्यवस्थापन गरी स्थानीय स्तरमा काठ, दाउरा, घाँस र सोतरको आवश्यकता परिपूर्ती तथा वनको संरक्षणमा अभिबृद्धि गरिनेछ ।<br>३. कार्बन व्यापारबाट वन संरक्षण तथा व्यवस्थापन गर्ने स्थानीय समुदायलाई पूँजीगत लाभ उपलब्ध गराउन प्रदेश तथा नेपाल सरकारसँग समन्वय र पैरवी गरिनेछ । |
| ३. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | १. सामुदायिक, मध्यवर्ती वन तथा नीजि जग्गामा, वेत, बाँस, अम्रिसो, कुरिलो, मेन्था, बोझ्रो तथा जडीबुटीजन्य प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ ।<br>२. वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>३. सार्वजनिक खाली, नाङगा पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैर काष्ठ प्रजातीका आयमूलक बोटविरुवाको रोपण विस्तार गरिनेछ ।<br>४. डिभिजन तथा सवडिभिजन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा नगर क्षेत्र वहुउद्देशिय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ । |
| **उद्देश्य २: जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु** | |
| १. लघु जलाधार व्यवस्थापन योजनाको अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधार संरक्षण गर्ने | १. खेतबारी र वस्ती संरक्षण तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण र मर्मत संभार गरिनेछ।<br>२. खोला खोल्सीको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायो इञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपना कायम गरिनेछ ।<br>३. स्थानीय स्तरमा विरुवा उत्पादान तथा वृक्षारोपण विस्तार गरी खाली र खेर गएको जमीनमा हरियाली वृद्धि तथा क्षतीग्रस्त भूमिको पुनरुत्थान गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन काय संचालन गर्ने | १. राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>२. भूउपयोग क्षेत्रहरु बीचमा ग्रीनवेल्टको विकास गरी नगर क्षेत्रमा हरियाली र सुन्दरताको विकास र विस्तार गरिनेछ ।<br>३. भूसंरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ ।<br>४. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ । |
| **उद्देश्य ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु** | |
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने | १. नगर क्षेत्र भित्र प्लाष्टिकका गिलास, प्लेट वोटल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>२. कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलको व्यवस्थापन गरिनेछ ।<br>३. सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, चाँप र लाकुरी, आप, लिचि, अशोक, निम जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वस्छता कायम गरिनेछ ।<br>४. विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ । |
| २. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | १. खानेपानी आयोजनासँग एकीकृत गरी सामुदायिक सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।<br>२. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>३. टोलस्तरीय सचेतनामूलक र प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ ।<br>४. टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाईका काम नियमित रुपमा सञ्चालन गरिनेछ । |
| ३. विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था नियमपालनामा अभिबृद्धि गर्ने | १. विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग सम्बन्धी कार्यमा प्रचलित नीति तथा नियमअनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पालना तथा अध्ययनबाट सिफारिश संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>२. वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ ।<br>३. प्रदूषण (माटो, वायु, जल आदी) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । |
| **उद्देश्य ४: विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता बृद्धि गर्नु** | |
| १. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १.१ वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | २. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ । <br> ३. प्रमुख टोलहरुमा उद्दार सामग्रीहरूको भण्डारण र नियमित रुपमा पुन:भरणको व्यवस्था गरिनेछ । <br> ४. बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी खोलाखोल्सी, गल्छी, खहरे तथा नदी नियन्त्रणलाई दिगो बनाइनेछ । <br> ५. विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अवधारणालाई सम्बोधन गरिनेछ । <br> ६. आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल कोभिड लगायतका महामारीको लागि क्यारेण्टाइनको व्यवस्था गरिनेछ । <br> ७. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ। <br> ८. नगरपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ । |
| २. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने | १. नगरपालिका, गैसस र नागरिक समाज संस्था र नीजि क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोषको बृद्धि र परिचालन गरिनेछ । <br> २. टोल टोलमा समुदाय समस्या परेका र पर्न सक्ने सदस्यलाई मनोसामाजिक परामर्श अभियानका रुपमा संचालन गरिनेछ । <br> ३. रेडक्रसको उपशाखाको संस्थागत क्षमता अभिबृद्धीमा सहयोग गरिनेछ । <br> ४. गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी जोखिम रोकथाम, विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | १. नगरपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन शाखा स्थापना र संचालनको व्यवस्था गरिनेछ । <br> २. जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ । <br> ३. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । <br> ४. नगरपालिकाको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ । |

### ७.२.५ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा

आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७.२: वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यान्वयन योजना**

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (०८१/८२) | | |
| **उद्देश्य १: वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोग वृद्दी भएको हुनेछ ।** | | | | | |
| १.१ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम (ब्लक व्यवस्थापन र वन पैदावार ससत उत्पादन) | हेक्टर | ० | १००० | १०००० | ८० हेक्टर भन्दा बढी क्षेत्रफल भएको ५ वटा वन समूहमा लागू गर्ने |
| १.२ जडीबुटी व्यवसायिक खेती प्रवर्द्धन र प्रशोधन (वेत, बाँस, अम्रिसो, जडिबुडी अन्य प्रजाती, कुरिलो, मेन्था, बोझ्रो, रुदिलो, सितलचिनी आदि) | हेक्टर | ० | १०० | १०००० | सामुदायिक तथा मद्यवर्ती वन, खाली तथा नीजि जमीनमा केन्द्रित गर्ने |
| १.३ हरियाली प्रवर्धन तथा वृक्षरोपण कार्यक्रम | हेक्टर | ० | १०० | २०००० | खाली स्थानमा समुदायको सहभागितामा गर्ने |
| १.४ नीजि, कृषि वन र विरुवा उत्पादन कार्यक्रम | हेक्टर | ० | २० | ६००० | वन, रानिकाको सहयोगमा नर्सरी स्थापना गरी विरुवा उत्पादन गर्ने |
| १.५ वन डढेलो नियन्त्रण कार्यक्रम | हेक्टर | ० | ३००० | ५००० | अग्नी रेखा निर्माण, सरसफाई र समुदाय सचेतना तथा तालिम संचालन गर्ने |
| १.६ वनबाटिका/इकोपार्क स्थापना गर्ने | स्थान | ० | १ | ७५०० | संभाव्यता अध्ययन गरी ..... स्थानमा स्थापना गर्ने |
| १.७ आर्थिक र साँस्कृतिक रुपले महत्वपूर्ण किट, जीवजन्त र बोट विरुवा रोपण तथा संरक्षण कार्यक्रम | पटक | ० | ५ | २५०० | किटपतङः पुल्ला र सेरेना मौरी, पुतली आदी जिवजन्तु: सर्प, सालस, वाघ, भमरा आदी बोटविरुवाः श्रीखण्ड, अर्जुन, निम, जामुन, खयर, चिउरी, रुदिलो, सितलचिनी, असो। काफल आदी |
| १.८ मौरीपालन श्रोत संरक्षण र प्रवधन कार्यक्रम | हेक्टर | ० | १० | ६००० | सामुदायिक वन, खाली जमीन र खेर गएको नीजि जमीनमा रुदिलो, चिउरी, सितल चीनी, बोतलब्रस पाम, निम, असारे काफल लगायतका विरुवाहरु उत्पादन रोपण तथा संरक्षण गर्ने |
| १.९ धार्मिक वन संरक्षण कार्यक्रम | स्थान | ० | ५ | ३००० | धार्मिक स्थलहरु: धार्मिक र साँस्कृतिक महत्वका प्रजाती रोपण र संरक्षण गर्ने |
| १.१० वनजन्तु संरक्षण कार्यक्रम | पटक | ० | ५ | २५०० | वन समूह र इकोक्लब मार्फत वन्यजन्तुको संरक्षण गर्ने |
| १.११ पर्यापर्यटन मार्गको संभाव्यता अध्ययन र कार्यक्रम संचालन | पटक | ० | ५ | ५००० | मध्यवर्ती तथा सामुदायिक र अन्य वन क्षेत्र |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (०८१/८२) | | |
| १.१२ वन, जैविक विविधता, वातावरण संरक्षण र विपद सम्बन्धी संरक्षण शिक्षा कार्यक्रम | पटक | ० | ५ | ३००० | वन, समूह, इको क्लब, सामुदायिक संस्था र टोल विकास संस्था मार्फत संचालन गर्ने |
| **वन तथा जैविक विविधता जम्मा** | | | | ८०५०० | |
| **उद्देश्य २: जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु** | | | | | |
| २.१ खोलानाला खोल्सी नियन्त्रण र तटबन्धन र लघु जलाधार तथा भूसंरक्षण कार्यक्रम | किमी | ० | ३ | ४५००० | - डुडुवाखोला, रोहिणी खोला, किरणनाला, सानो डुडुवा, सुतैया नाला, सिंह भवानी कलो आदी<br>- वृक्षरोपण, क्षतिग्रस्त भूमि पुनरोत्थान, गल्छी नियन्त्रण र खेतवारी संरक्षण कार्यक्रम |
| २.२ घरवगैचा, फलफूल र आयमूलक कार्यक्रम | घरधुरी | ० | १०० | ३००० | - घरघरमा मिनि वगैचा<br>- जडिबुटी र उच्च मूल्यका विरुवा रोपण<br>- तलसी, निम लगायत धार्मिक, साँस्कृतिक र आर्थिक रुपमा महत्वपूर्ण वोट विरुवा रोपण |
| २.३ पानीका मुहान संरक्षण कार्यक्रम | स्थान | ० | १०० | २००० | - थारुबास क्षेत्र<br>- धानी खहरे क्षेत्र<br>- अन्य क्षेत्र (...............) |
| २.४ संरक्षण ताल⁄पोखरी निर्माण तथा संरक्षण | स्थान | ० | १५ | ७५००० | एक वडा एक संरक्षण पोखरी तथा ताल निर्माण गर्ने |
| २.५ विकासका पूर्वाधार संरक्षण | कि.मि. | ० | ७ | ५००० | सडक, सिंचाई, खानेपानी भवन जस्ता पूर्वाधारमा जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण गरी संरक्षण गर्ने |
| २.६ भू-उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन | पटक | ० | १ | १००० | भू-बनौट, क्षमता, उपयुक्तता, वर्तमान उपयोग र आवश्यकता को आधारमा क्षेत्र निर्धारण गर्ने |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन जम्मा** | | | | १२६५०० | |
| **उद्देश्य ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु** | | | | | |
| ३.१ पूर्ण सरसफाईको मापदण्ड र सूचकको पालना अभियान कार्यक्रम | वडा | ० | ७ | ७०० | खानेपानी तथा सरसफाई उपभोक्ता समिति र टोल विकास संस्था, युवा क्लब आदि परिचालन गर्ने |
| ३.२ वडा र टोल प्रतिस्पर्धामूलक सरसफाई कार्यक्रम | टोल | ० | ७२ | २८०० | वडा समितिको नेतृत्वमा टोल विकास संस्था, युवा क्लब, खानेपानी र सरसफाई उपभोक्तासँग साझेदारीमा गर्ने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (०८१/८२) | | |
| ३.३ ल्याण्डफिल साइट निर्माण, फोहोर संकलन र प्रशोधन कार्यक्रम | स्थान | ० | १ | १००००० | सार्वजनिक नीजि साझेदारी अवधारणाबाट संचालन गर्ने |
| ३.४ फोहोरमैला व्यवस्थापन कार्यक्रम (प्रमुख सार्वजनिक स्थल, चोक, कार्यालय र मुख्य पदमार्ग र घरघरमा डष्ट विन, कम्पोष्ट विन, फोहोर खाडल निर्माण र सो सम्बन्धी तालिम) | परिवार | ० | १८००० | १८०० | घरधुरी र संस्थागत स्तरमा व्यवस्थापन गर्ने |
| ३.५ ज्येष्ठ नागरिक, चिल्ड्रेन र पर्यटकीय पार्क तथा बाटिका निर्माण र संचालन | स्थान | ० | २ | २०००० | - वडा नं. १, मन्नापुर<br>- वडा नं. ८ को ज्योति सामुदायिक वन पूर्व र डुडुवाखोला पूर्वको खाली जमीन स्थापना गर्ने |
| ३.६ संस्थागत गार्डेन स्थापना र व्यवस्थापन कार्यक्रम | संख्या | ० | ६२ | ६२०० | - सबै कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, संघ/संस्था परिसरमा संचालन गर्ने |
| **वातावरण र फोहोमैला व्यवस्थापन जम्मा** | | | | **१३१५००** | |
| **उद्देश्य ४: विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता बृद्धि गर्नु** | | | | | |
| ४.१ नगर विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | पटक | ० | २ | ३००० | प्रतिकार्य योजनालाई यसमा समायोजन गर्ने |
| ४.२ सर्पदंश सेवा केन्द्र स्थापना र संचालन | स्थान | ० | ३ | १२००० | स्वास्थ्य संस्थासँग एकीकृत गरी संचालन गर्ने |
| ४.३ वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम संचालन (रोकथाम, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन) | संख्या | ० | १४२ | २८४० | टोल विकास संस्था, युवा क्लब तथा सामुदायिक संस्था परिचालन गर्ने |
| ४.४ आगलागी, बाढी, महामारी, भूकम्प जोखिम क्षेत्र, पहिचान, नक्शाङ्कन र पूर्व तयारी | पटक | ० | १ | १००० | गुगल तथा जिआइएस नक्शाकंन विधिबाट गर्ने |
| ४.५ न्यूनतम पूर्वाधारसहितको आपत्कालीन आश्रयस्थल ट्रस हल तथा क्वारेण्टाइन निर्माण | स्थान | ० | १५ | ३०००० | हरेक वडाको केन्द्र वा पायक पर्ने ठाउँमा जग्गाको व्यवस्था सहित संरचना र सामग्री व्यवस्था गर्ने |
| ४.६ वन्यजन्तु (बाँदर, दुम्सी, बाघ, बँदेल आदि) बाट सुरक्षा कार्यक्रम | पटक | ० | ५००० | ५०० | साइरन, खाडल, तारबार आदीको प्रयोग निमन्त्रणको व्यवस्था गर्ने |
| ४.७ विपद व्यस्थास्थापन कोष बृद्धि र संचालन | पटक | ० | ५ | १५००० | नगरपलिकाको रकम बृद्धी गर्ने र अन्य सरोकारवाला निकायबाट कोषमा योगदानको लागी पैरवी गर्ने |
| ४.८ गोदाम घर निर्माण, विपद उद्धार तथा राहत सामग्री व्यवस्थापन कार्यक्रम | पटक | ० | ५ | १०००० | सरकारी, गैसस, नीजि क्षेत्र र समुदायको प्रयासमा संचालन गर्ने |
| **विपद् व्यवस्थापन जम्मा** | | | | **६६२००** | |
| **वन, वातावरण र विपद् कुल जम्मा** | | | | **४०४७००** | |

# परिच्छेद ८

# संस्थागत विकास तथा सुशासन योजना

## ८.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्यसम्पादन तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि चुलिएका छन् ।

चुलिदै गएका जनआकांक्षाको सम्बोधन परम्परागत र पुरानै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह सिर्जनशिलत र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ । अबका दिनमा स्थानीय सरकारहरुले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गरी यस नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

### *विद्यमान स्थिति तथा संभावना*

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत नगर सभाबाट वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, सहकारी ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित बनेको ऐन र आर्थिक तथा विनियोजन ऐन समेत ५ वटा विषयमा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी नगर कार्यपालिकाबाट स्थानीय तहको अधिकार सूची अनुसार कार्यविभाजन तथा कार्यसम्पादन नियमावली लगायत ४ विषयमा नियमावली र ११ विषयमा कार्यविधि निर्माण भई र सो को अभ्यासमा रहेका छन् । संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिल हुन प्रयासरत रहेका छन् । साथै सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत गैसस र समुदायसमेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास समेत गरिएको छ ।

हाल नगरपालिकाको केन्द्र कोहलपुरमा ..... कोठा सहितको सभाहल र स्थानीय आपतकालिन कार्य संचालन केन्द समेत ..... वटा भवनमा नगर कार्यपालिका कार्यालय संचालनमा रहेको छ । यसैगरी वडा नम्बर २, ५, १०, ११ र १४ वडा कार्यालयहरु आफ्नै भवनमा र अन्य कार्यालय भाडामा संचालन गरी स्थानीय सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । नगरपालिका तथा वडा कार्यालयको नाममा ...... रोपनी जग्गा दर्ता रहेको छ । एकीकृत सेवा सहितको नगर कार्यपालिका, १५ वटै वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यालयमा ४ पाङ्ग्रे २ जिप, १ वटा एस्काभेटर १,

दलकल, ...... ट्याक्टर, १७ थान मोटरसाईकल र कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रगत समेत १३० जना कर्मचारी कार्यरत रहेका छन् ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार पहिलो पटक नगरपालिकाको विषयगत वस्तुस्थिति विवरण तथा समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएको छ । साथै जनसंख्या र सेवा सुविधाको माग अनुसार भौतिक तथा शहरी विकास प्रक्रियालाई व्यवस्थित रुपमा संचालन गर्न शहरी विकास मन्त्रालयको सहयोगमा एकीकृत शहरी विकास योजनाको मस्यौदा समेत तयार भई स्वीकृतिको अवस्थामा रहेको छ ।

नगरपालिकको आवश्यकताको प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न यातायात गुरुयोजना र विपद प्रतिकार्य तर्जुमा भई अद्यावधिक गर्न लागिएको भूउपयोग, पर्यटन र वस्ती विकास गुरुयोजना तर्जुमा गर्ने योजना प्रस्ताव गरिएको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं तथा वस्तीबाटै शुरु गरी सहभागितामूलक प्रक्रिया अभ्यास हुँद आएको छ । नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्थास्थ्य, शिक्षा, कृषि र यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा संचालन गर्न ऐन, नियम, कार्यविधि तथा सडकको मापदण्ड निर्धारण गरिएको छ । नगरपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहालविटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणितका शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार गत आ.व. मा करिब ६ करोड ४५ लाख आन्तरिक आय संकलन गरिएको छ । नगरपालिकाको कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र ८ प्रतिशत रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न राजस्व प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ । साथै नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैर सरकारी संस्थाबाट नगरपालिका विकास कार्यमा बार्षिक अनुमानित १२ करोड ६२ लाख बराबरको लगानी हुने गरेको देखिन्छ ।

### *समस्या तथा चूनौति*

नेपालको संविधान अनुसार राज्यको पुनसंरचना प्रक्रियामा साविकका कोहलपुर नगरपालिका, रझेना र शम्शेसगञ्ज गाउँ विकास समितिहरु समायोजना भई कोहलपुर नगरपालिका स्थापना भएको हो । संविधानले संवैधानिक व्यवस्था र कानून अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट बनाउने, श्रोत परिचालन गर्ने र विकास कार्य संचालन र सेवा प्रवाह गर्ने व्यवस्था गरेको छ । देशको रणनीतिक स्थानमा अवस्थिति र विकासको अथाह संभावना भएर पनि नगरपालिकाको विकास र सेवा प्रवाह अपेक्षित रुपमा कमजोर रहेको छ । योजनाबद्ध तथा नतिजामूलक विकास उपलब्धी, संस्थागत विकास र सुशासन कायम गर्न फितलो शासन प्रणाली लगायतका समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् :

नेपालको संविधान व्यवस्था अनुसार नगरपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, शहरी पूर्वाधार विकास, पर्यटन तथा खेलकुद विकास, कला तथा सँस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तिकरण लगायतका ३० भन्दा बढी विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र

सो को पालनामा रहेको छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित गरी रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ। आ.व. २०७५/७६ मा सम्म वेरुजु रकम उलेख्य रहेको देखिन्छ ।

नगरपालिकामा एकातिर संस्थागत सामर्थ्य प्रदर्शन हुने स्तरको पदाधिकारीको योग्यता र क्षमता अप्रर्याप्त रहेको छ भने निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा न्यून निष्ठा, कमजोर मनोबल र जवाफदेहिता रहेको छ । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा पारदर्शिताको कमी देखिन्छ । योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड पुरा गर्न आवश्यक स्रोत र दक्षतामा कमी रहेको छ। संस्थागत संरचना, मानवश्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ। नगरपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार तथा वृत्ती विकासको योजनाको व्यवस्था उपलब्ध भएको देखिदैन। प्रमुख प्रशासकीय अधिकृतको छोटो समयमा हुने फेरबदल र संघीय निजामती र स्थानीय सेवा प्रतिको जवाफदेहितामा दोहोरोपनाले पनि योजना तथा बजेट तर्जुमा, श्रोत परिचालन, कार्यसम्पादन र नीति, योजना तथा कार्यक्रमको कार्यान्वयमा ढिलाई तथा कठिनाई हुने गरेको छ ।

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ । कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु संचालनको लागि भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ। नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, वस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा तयार नभएकोले ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी तथा ऐन, कार्यविधि र कार्यप्रणाली नहुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कराधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण नगरपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदानमा मुख्य रुपमा भर पर्नु पर्ने अवस्था रहेको छ। आन्तरिक राजस्व तथा स्रोत परिचालनको क्षमता न्यून रहेको छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। उपयुक्त भौतिक र लगानीको वातावरण तयार गरी नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा नीजि, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर संभावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

***अवसर***

संघीय संरचना अनुसार प्रदेश नं. ५ को पश्चिम क्षेत्रको रणनीतिक स्थानमा अवस्थित यस नगरपालिकामा बसोबास, औद्योगिक तथा पर्यटन विकास, शैक्षिक र स्वास्थ्य उपचारको केन्द्र, कृषि तथा जैविक विविधता जस्ता अवसरहरु उपलब्ध रहेका छन्। संविधानिक अधिकर सहित संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकार नागरिकहरुमा शासन प्रक्रियामा नागरिकको पहुँच बृद्धि भएको । नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापद प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ। नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा बृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र नगरपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र रुची पनि क्रमशः बढ्दै गएको छ। साथै यस नगरपालिका विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा नीजि क्षेत्रको लगानीको आकर्षण केन्द्रको रुपमा समेत स्थापित हुन सक्ने अवस्था रहेको छ।

कार्यशालाबाट प्राप्त संस्थागत विकास र सुशासनसँग सम्बन्धीत क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ।

## ८.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय तहको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

### ८.२.१ सोच

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ सक्षम, जनमुखी, पारदर्शी र जवाफदेही नगर सरकारको स्थापना

### ८.२.१ लक्ष्य

यस नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ नगरपालिकाको सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु

### ८.२.३ उद्देश्य

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. शहरी शासन तथा विकास नीति, कार्य संचालन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,
२. संगठन क्षमता, मानव संशाधन, सेवा व्यवस्थापन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,
३. आन्तरिक र वाह्य श्रोत परिचालनमा बृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
४. शहरी योजना तथा विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु।

### ८.२.४ विषयगत रणनीति तथा कार्यनीति

योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

**तालिका ८.१ : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: शहरी शासन तथा विकास नीति, कार्य संचालन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,** | |
| १. शहरी शासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियमपालनामा अभिबृद्धि गरिनेछ ।<br>१.२ नगर सरकारको जवाफदेहिता अभिबृद्धी सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>१.३ गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक वडापत्रसहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिबृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धीमा जवाफदेहिता बृद्धि गरिनेछ ।<br>१.५ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई जनउत्तरदायी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण मार्फत कार्य प्रणालीलाई पारदर्शी बनाइनेछ । |
| २. नगरपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय तथा आम नागरिकको अपनत्व बृद्धि गर्ने | २.१ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राही सँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>२.२ वडा तथा नगरतरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and norms) को विकास गरी कार्यान्वयन गरिनेछ ।<br>२.३ नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>२.४ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आाधारित संस्था मार्फत नागरिक शिक्षा संचालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधा बारे प्रवोधीकरण गरिनेछ । |
| **उद्देश्य २: संगठन क्षमता, मानव संशाधन, सेवा व्यवस्थापन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने | २.१ नगर तथा वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण गरी नगरपालिका भौतिक क्षमता अभिबृद्धी गरिनेछ।<br>२.२ एकीकृत सेवा संचालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दको विकास र सुदृढ गरिनेछ ।<br>२.३ सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः बृद्धि गरिनेछ ।<br>२.४ सेवा प्रवाहको सहजता र सुविधाको लागी सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिने छ ।<br>२.५ विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ ।<br>२.६ विकास निर्माण, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा संचालन गरिनेछ ।<br>२.७ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ । |
| २. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने । | २.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधारमा संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । सो अनुसार प्रदेश लोक सेवा आयोगमा कर्मचारी पदपुर्तिका लागि नियमित रुपमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा संचालन गरिनेछ ।<br>२.२ कार्यालयमा एकीकृत सेवा लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिछालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>२.३ संगठन तथा क्षमता विकास रणनीति सहित नगरपालिकाको विस्तृत क्षमता विकास योजना र कार्यहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.४ नगरपालिका कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>२.५ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः बृद्धि गरिनेछ । |
| ३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने | ३.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>३.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत कार्यविधि बारेमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिमुखीकरण गरिनेछ ।<br>३.३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा संजाल निर्माण, क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ ।<br>३.४ नगरपालिका कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३: आन्तरिक र वाह्य श्रोत परिचालनमा बृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | |
| १. आन्तरिक राजस्व बृद्धिमा जोड गर्ने | १.१ आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>१.३ नियमित वैठक, तालिम तथा क्षमता राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ बृद्धि गरिनेछ ।<br>१.४ आन्तरिक तथा वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक र छलफल गरिनेछ ।<br>१.५ कोभिड १९ लगायतका महामारीले व्यापार व्यवसायमा परेको असरलाई ध्यानमा राखी सो अवधीमा बुझाउने पर्ने कर तथा शुल्कको रकममा एक तिहाई रकम छुटको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने | २.१ राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>२.२ वैज्ञानिक आधार र प्रमाणमा आधारित भई स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण प्रक्षेपणको व्यवस्था गरिनेछ ।<br>२.३ व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी जानकारी र प्रचार प्रसार गरी व्यवसाय दर्ता र बार्षिक कर संकलनलाई सहज बनाइनेछ ।<br>२.४ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ ।<br>२.५ बार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.६ नगरबासीलाई सम्बन्धीत वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ |
| ३. सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | ३.१ स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ ।<br>३.२ कार्यविधि तर्जुमा गरी नगरपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३.३ प्राकृतिक स्रोत साधन, धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शाकंन र अभिलेखीकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ४. स्रोत परिचालनका लागि गैसस, नीजि क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरु सँग साझेदारी विकास गर्ने | ४.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गरिनेछ ।<br>४.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र संचार गरिनेछ ।<br>४.३ नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरिनेछ । |
| **उद्देश्य ४: शहरी योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु** | |
| १. योजना व्यवस्थापन प्रक्रिया लाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने | १.१ आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधरमा नगरपालिकाको आयोजना वैंक तयार गरिनेछ।<br>१.२ कार्यविधि तयार गरी डिपिआर तयार तथा संभाव्यता अध्ययन भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.३ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ पुर्वाधार विकास गर्दा अपाङ्ग तथा वालमैत्री अवधारणा लागु गरिनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने | २.१ योजना तर्जुमा तथा संचालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>२.२ आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ<br>२.३ आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ इकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी बार्षिक एकीकृत कार्यान्वयन योजना तयार गरी सो अनुसार बार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>२.५ २५ लाख भन्दा माथिको लागतका आयोजनाहरुको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>२.६ नीति, योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण गर्ने र सो अनुसार योजना तयार गरी नियमित, बार्षिक, मद्यावधी र आवधिक प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र बार्षिक समीक्षा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ । |
| ३. गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने | ३.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित बैठक तथा अन्तरक्रिया संचालन गरिनेछ ।<br>३.२ गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय बैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ।<br>३.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ ।<br>३.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरुको अनुभव, ज्ञान, सीप र दक्षतालाई नगर विकासको प्रक्रियामा परिचालन गरिनेछ । |

### ८.२.५ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना योजना)

आवधिक योजनाको संस्थागत विकास र सुशासन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| **उद्देश्य १: शहरी शासन तथा विकास नीति, कार्य संचालन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,** | | | | | |
| २.१ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण तथा प्रकाशन | विषय | ३० | ६० | ४५०० | - संविधानको अनुसूची ८ र ९ मा उल्लिखित विषय क्षेत्र मध्ये बाँकी रहेका विषयमा केन्द्रित हुने र आवश्यकता अनुसारका ऐन, नियम र कार्यबिधि तर्जुमा गर्ने |
| २.२ सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | ० | १० | २००० | - सामाजिक जवाफदेहिता प्रवर्धन एकीकृत संयन्त्र सम्बन्धी मार्गनिर्देशिका तयारी, नियमित अनुसरण गर्ने र अभ्यास गर्ने |
| २.३ नागरिक पृष्ठपोषण र वहश कार्यक्रम | पटक | ० | ५ | २५०० | - बार्षिक कार्यक्रमको समीक्षासँग आवद्ध गरी संचालन गर्ने |
| २.४ सूचना प्रविधिमैत्री शासन प्रवर्धन | पटक | ० | ५ | ५००० | - घटना दर्ता, योजना, खरिद, SUTRA, राजस्व जिन्सी, सम्पत्तीको अभिलेख, प्रशासन र प्रतिवेदन सूचना व्यवस्थापन प्रणालीमा सूचना प्रविधिको प्रयोग गर्ने |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| २.५ विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १ | ५ | ३००० | - न्यायिक समितिको संयोजनमा मेलमिलाप कर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने<br>- वडा समिति र टोल सुधार समिति तथा गैससको सहयोगमा कानूनी साक्षरता कक्षा संचालन गर्ने |
| २.६ शहरी विकास नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन तथा सर्वेक्षण कार्यक्रम | पटक | ० | ५ | ५००० | - विश्वविद्यालय, क्याम्पस तथा अध्ययन केन्द्रहरुसँग सहकार्य गरी अध्ययन तथा प्रकाशन गर्ने |
| २.७ सदाचार नीति तर्जुमा | पटक | ० | १ | १५०० | - सभाबाट गठन भएको सुशासन समितिबाट निगरानीको व्यवस्था गर्ने |
| **नीति, नियम र सुशासन जम्मा** | | | | २२००० | |
| **उद्देश्य २: संगठन क्षमता, मानव संशाधन, सेवा व्यवस्थापन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,** | | | | | |
| २.१ कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | संख्या | ५ | १० | १००००० | - वडा नं. १, ३, ४, ६, ७, ८, ९, १२ र १३ को विषयगत सेवा सहितको भवन निर्माण गर्ने<br>- कार्यपालिका कार्यालयको नयाँ भवन निर्माण गरी सभाहल, बैठक कक्ष, विषयगत कार्यकक्ष, तालिम हल सहित एकीकृत सेवा प्रवाहको व्यवस्था गर्ने<br>- वडा कार्यालय, सेवा केन्द्र र इकाईमा बैठक तथा तालिम कक्ष समेत एकीकृत सेवा प्रवाहको व्यवस्था गर्ने |
| २.२ स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) कार्यक्रम | पटक | ० | ५ | २५०० | - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन (लिसा) कार्यविधिको आधारमा संचालन गर्ने |
| २.३ जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि कार्यक्रम | पटक | २ | १० | १०००० | - ऐन, नियम, कार्यविधि तर्जुमा प्रक्रिया सोको विषयवस्तु<br>- योजना बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्क, गुणस्तर नियन्त्रण तथा नतिजा मापन<br>- उपभोक्ता समितिको क्षमता विकास र योजना व्यवस्थापन (प्राविधिक र व्यवस्थापकीय पक्ष)<br>- सूचना प्रविधिमा आधारित शिक्षण विधि तथा विषयगत तालिम<br>- प्राविधिक कर्मचारीका लागि विद्युतीय खरिद प्रक्रिया, नयाँ निर्माण सामाग्री, गुणस्तर नियमन्त्रण र आयोजना व्यवस्थापन<br>- जनप्रतिनिधि र कर्मचारीका लागि सफ्टवयर, इविडिङ्ग र सूचना प्रविधिको प्रयोग |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | | | | | - विषयगत तालिम (कृषि तथा पशु विकास, पर्यटन प्रवर्धन, उद्यम विकास, शैक्षिक व्यवस्थापन, स्वास्थ्य, खानेपानी, सरसफाई र वातावरण व्यवस्थापन आदि)<br>- कोभिड १९ लगायत महामारी र विपद् पूर्व तयारी र व्यवस्थापन<br>- सेवाग्राहीलाई उपलब्ध सेवासुविधा र सोको प्रक्रिया बारे अभिमुखकीरण |
| २.४ अन्तर स्थानीय तह अध्ययन, परामर्श र टिम बिल्डिङ कार्यक्रम | पटक | ० | ५ | ५००० | - पदाधिकारी र कर्मचारीलाई उत्कृष्ट कार्यसम्पादन गरीरहेका स्थानीय सरकारसँग परामर्श गर्ने र पदाधिकारी र कर्मचारी टिम बिल्डिङ्ग सेसन संचालन गर्ने |
| २.५ कर्मचारी प्रोत्साहन कार्यक्रम | जना | ० | १० | २५०० | - कार्य सम्पादनमा आधारित करार पद्धति र प्रोत्साहन प्रणाली लागू गर्ने<br>- पुरस्कार र सुविधासहित कर्मचारी प्रोत्साहन कार्यविधि तयार गर्ने<br>- कार्यविधि बमोजिम बार्षिक २ जनाको दरले १० जनालाई पुरस्कृत वा थप कार्य वापत मासिक सुविधा प्रदान गर्ने |
| २.६ संगठन विकास तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | २००० | - कार्यविभाजन र कार्यसम्पादन नियमावली र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना दरबन्दी र तह मिलान गर्ने<br>- समिति, शाखा, इकाई, वडा कार्यालय तथा कर्मचारीको कार्य विवरण अनुसार कार्यसम्पादनको अनुगमन गरी लेखाजोखा गर्ने<br>- संगठन तथा क्षमता विकास रणनीति सहित विस्तृत क्षमता विकास योजना तयार गर्ने |
| २.७ सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुवधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम (नगर कार्यापालिका, कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरु समेत) | इकाई | ३५ | ६५ | ५००० | - एकीकृत सेवा प्रवाहका लागि लेआउट सहितको सोधपुछ कक्ष, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहितको विषयगत कार्यकक्षको व्यवस्था गर्ने<br>- कार्यापालिका र वडा कार्यालय, विषयगत इकाई र सेवा केन्दहरुमा पावर व्याकअप समेत कम्प्युटर, प्रिण्टर, इन्टरनेट सुविधा र औजार र उपकरणको व्यवस्था गर्ने |
| २.८ न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक सम्पादन कार्यक्रम | पटक | १ | ५ | २५०० | - कार्यपालिका र वडा कार्यालयमा मेलमिलाप कक्षको व्यवस्था गर्ने<br>- प्रत्येक वडालाई समेट्ने गरी मेलमिलापकर्ताका लागि विवाद निरुपण तथा मध्यस्थता सम्बन्धी |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | | | | | तालिम/पुनतार्जगी संचालन गरी मेलमिलापकर्ता तयार गर्ने ।<br>- स्थानीय तहको न्याय सम्पादन कक्षको व्यवस्था गर्ने |
| २.९ टोल विकास संस्था गठन तथा परिचालन | संख्या | ० | १४२ | १५०० | - कार्यविधि स्वीकृत गरी प्रमुख टोलहरुमा टोल संस्था (१४२ वटा) गठन/पुनःगर्ठन गरी कार्यालयमा दर्ता र नविकरणको व्यवस्था गर्ने |
| २.१० लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | पटक | ० | ३५ | ३५०० | - एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न, भूमिहिन, विस्थापितहरुको संयन्त्र तथा संजाल निर्माण र क्षमता विकास गर्ने<br>- यस सम्बन्धी कार्यविधि तर्जुमा गरी संस्था र संजाल निर्माण गर्ने |
| २.११ गै.स.स. समन्वय डेस्क स्थापना तथा संचालन | पटक | ० | ५ | १००० | - गैसस समन्वय डेस्क सञ्चालनको कार्यविधि तर्जुमा गर्ने<br>- गैसस समन्वय डेक्स कक्ष तथा संचालनको व्यवस्था गर्ने<br>- बर्षमा कम्तीमा २ पटक गैसससँग अन्तरक्रिया र समन्वय वैठक आयोजना गर्ने |
| **संस्थागत विकास जम्मा** | | | | **१३५५००** | |
| **उद्देश्य ३: आन्तरिक र वाह्य श्रोत परिचालनमा बृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | | | | | |
| ३.१ आन्तरिक आयको संभावना अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा र परिमार्जन) | पटक | ० | १ | १५०० | - राजश्व सुधार कार्ययोजनाको समीक्षा गरी अद्यावधिक गर्ने<br>- करदाता शिक्षा र राजस्व संकलन अभियान संचालन गर्ने<br>- व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, सो सम्बन्धी जानकारी र प्रचार प्रसार गर्ने |
| ३.२ करदाता शिक्षा कार्यक्रम | पटक | ० | १५० | ५००० | - कर, शुल्क, दस्तुरको दर, संकलन प्रक्रिया, छुट तथा दण्डको व्यवस्था बारे वडा तथा समुदायस्तरमा टोल विकास संस्था मार्फत करदाता शिक्षा कक्षा संचालन गर्ने (प्रत्येक वडामा वार्षिक २ पटक) |
| ३.३ करदाता प्रोत्साहन कार्यक्रम | जना | ० | ५ | २५०० | - कार्यविधि तथा आधार बनाएर वार्षिक ५ जना करदातालाई प्रोत्साहन गर्ने |
| ३.४ राजस्व शाखा सुदृढीकरण कार्यक्रम | पटक | ० | ५ | २५०० | - कर्मचारी क्षमता विकास, सफ्टवेयर सञ्चालन, कर्मचारी तथा भौतिक सामग्री सहित कार्यकक्ष व्यवस्थापन, राजश्व र पंजिकरण अनलाईन प्रबिधिबाट संचालन गर्ने |
| ३.५ आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण | पटक | ० | ५ | १००० | - आन्तरिक लेखा परीक्षण कार्यविधि कर्मचारी, कार्यकक्षको व्यवस्था गर्ने |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| | | | | | - खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गर्ने/गराउने |
| ३.६ अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्बाद कार्यक्रम | पटक | ० | ५ | २५०० | - संभावित छिमेकी स्थानीय तह, संघीय तथा प्रदेशसरकारका कार्यालय तथा निकायसँग नियमित वैठक तथा छलफल गर्ने<br>- निजि क्षेत्र र विकास साझेदार संग समन्वय वैठक गर्ने ।<br>- गैसस डेक्स स्थापना तथा संचालन |
| ३.७ राजस्व प्रशासन तथा वित्तिय व्यवस्थापन सुधार कार्यक्रम | पटक | ० | ५ | १५०० | - आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापमा सुधार गर्ने |
| **स्रोत परिचालन जम्मा** | | | | १६५०० | |
| **उद्देश्य ४: शहरी योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु** | | | | | |
| ४.१ पूर्व संभाव्यता अध्ययन तथा डिपिआर र आयोजना वैक तयारी | पटक | ० | ६ | २०००० | - कार्यविधि तयार गरी आयोजना वैंक तयार गर्ने,<br>- प्राथमिकता प्राप्त आयोजनाको संभाव्यता अध्ययन र डिपिआर तयार गर्ने |
| ४.२ योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली संचालन | पटक | ० | ५ | २५०० | - नतिजामूलक र सूचना प्रविधिमा आधारित भई योजना तर्जुमा, अनुगमन र सिकाई सम्बन्धी कार्यविधि र प्रणाली विकास गर्ने<br>- पदाधिकारी र कर्मचारीलाई प्रभावकारी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका र सिकाई सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गर्ने<br>- चौमासिक र बार्षिक समीक्षा गर्ने |
| ४.३ विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | विषय | १ | ६ | १०००० | - पर्यटन, यातायात, भूउपयोग र कृषि, शिक्षा, विपद व्यवस्थापन सम्बनधी रणनीतिक/गुरुयोजना तर्जुमा, मद्यावधी तथा अन्तिम समीक्षा र अद्यावधिक गर्ने |
| ४.४ मध्यमकालिन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | पटक | ० | ५ | ५००० | - आवधिक योजनाको मद्यावधि र अन्तिम मूल्याङ्कन गर्ने तथा मध्यकालिन खर्च संरचना तयार गरी वार्षिक रुपमा अद्यावधिक गर्ने |
| ४.५ तेश्रो पक्षवाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्याङ्कन | आयोजना | ० | १५ | ७५०० | - १५ लाख भन्दा माथीका लागतका आयोजनाको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गर्ने (वार्षिक ३ वटा) |
| ४.६ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | ० | ७५ | ३००० | - आयोजनाको व्यवस्थापकीय र प्राविधिक पक्ष बारे उपभोक्ता समितिका पदाधिकारीलाई तालिम प्रदान गर्ने (हरेक वडामा वर्षमा १ पटक) |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७६/०७७) | कूल लक्ष्य (२०८१/८२) | | |
| ४.७ वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक कार्यक्रम | पटक | ० | २ | ४५०० | - घरधुरी सर्वेक्षण, संस्थागत सूचना तथा श्रोत नक्शा डिजिटल प्रोफाईल अद्यावधिक गर्ने |
| ४.८ नतिजामा आधारित बार्षिक योजना तर्जुमा | पटक | ० | ५ | १५०० | - आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक योजना तर्जुमाको व्यवस्था गर्ने |
| **विकास व्यवस्थापन जम्मा** | | | | ५४००० | |
| **संस्थागत विकास कूल जम्मा** | | | | २२८००० | |

# परिच्छेद ९
# कार्यान्वयन व्यवस्था

## ९.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

आवधिक नगर विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संविधानबाट स्थापित यस नगरपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिम नगरपालिकाको कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरेको देखिन्छ । यसैगरी सङ्घीय ऐन बमोजिम कर्मचारी समायोजन भए पश्चात वडा कार्यालय समेत कार्यपालिका कार्यालयबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई सहज, प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार तथा सातौ नगर सभाबाट स्वीकृत भईसकेको छ ।

संगठन व्यवस्थापन सर्वेक्षण अनुसार यस नगरपालिकामा ८ वटा शाखा, १ वटा शाखा सरहको इकाई, २४ वटा उपशाखा, १५ वटा वडा कार्यालय, १६ वटा सेवा केन्द्रहरु समेत ६५ वटा इकाईहरु प्रस्ताव गरिएका छन् । प्रस्तावित संगठन संरचना अनुसार कूल २२२ रहने गरी कर्मचारी दरबन्दी प्रस्ताव गरिएको छ । उक्त दरबन्दी मध्ये कार्यालय सहयोगी, फायरमेन र हल्का सवारी चालको दरबन्दी संख्या ३८ रहेको छ । संगठन व्यवस्थापन सर्वेक्षणबाट प्रस्ताव भई नगरसभाबाट स्वीकृत संगठन संरचना देहायअनुसार प्रस्तुत गरिएको छ :




नगरपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य, उद्देश्य एवम् विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न, प्रस्तावित रणनीति, कार्यनीति र कार्यक्रम संचालन गर्न देहायअनुसार मानव संशाधन प्रस्ताव गरिएको छ । उक्त मानव संशासन स्थानीय सेवा संचालनको नियमित प्रक्रिया, सेवा करार र सेवा खरिद गरी व्यवस्थापन सकिनेछ । मानव संशाधनको प्रस्ताव तयार गर्दा संगठन व्यवस्थापन सर्वेक्षणमा प्रस्तावित कर्मचारी दरबन्दीलाई आधार लिईएको छ ।

| सेवा/शाखा वा पद | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अधिकृत नबौं/दशौं | अधिकृत आठौं | अधिकृत सातौं | अधिकृत छैटौ | सहायक पाँचौ | सहायक चौथो | श्रेणी विहिन वा अन्य | जम्मा |
| प्रशासन तथा स्थानीय कानून | ० | १ | १ | ४ | २१ | १५ | ३५ | ७७ |
| शिक्षा, युवा तथा खेलकुद विकास | १ | ० | १ | २ | २ | ० | ० | ६ |
| कृषि, पशु विकास, उद्योग तथा पर्यटन | ० | ० | २ | ६ | ५ | ० | ० | १३ |
| जनस्वास्थ्य, पोषण र सरसफाई | १ | १ | १ | ६ | १८ | ३६ | ४ | ६७ |
| योजना, पूर्वाधार विकास तथा अनुगमन | ० | १ | १ | ४ | ६ | १६ | ० | २८ |
| वातावरण तथा विपद व्यवस्थापन | ० | ० | १ | १ | ३ | ० | ० | ५ |
| महिला बालबालिका र समाज कल्याण | ० | ० | ० | १ | २ | ० | ० | ३ |
| सामाजिक सुरक्षा तथा पञ्जिकरण | ० | ० | ० | ० | १ | ३ | ० | ४ |
| आर्थिक प्रशासन तथा राजस्व | ० | ० | १ | २ | १ | ४ | ० | ८ |
| सूचना तथा प्रविधि | ० | ० | ० | १ | ३ | ३ | ० | ७ |
| **जम्मा** | २ | ३ | ८ | २७ | ६२ | ७७ | ३९ | २१८ |

नोटः यस प्रस्तावमा संघीय निजामति सेवाबाट पदस्थापना हुने प्रमुख प्रशासकीय अधिकृत र विद्यालयमा अध्यापन गर्ने शिक्षकहरु समावेश गरिएको छैन ः

## ९.२ स्रोत अनुमान तथा प्रक्षेपण

यस प्रथम आवधिक विकास योजना नगरपालिका लगायत स्थानीय स्तरका सबै सरोकारवालाहरुको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ । योजनाको नतिजा तालिकामा उल्लेखित नतिजा हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन/लगानी योजनामा नगरपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाबाठ लगानी हुन सक्ने स्रोतहरुको प्रक्षेपण गरी योजनामा उपलब्ध हुन सक्ने कूल स्रोतको प्रक्षेपण गरिएको छ। योजनाको ५ वर्ष अवधिका लागि आन्तरिक, वाह्य श्रोत, जनसहभागिता र अन्य स्रोतबाट जम्मा ११ अरब १८ करोड ९६ लाख ३१ हजार स्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ। स्रोत अनुसारको संभाव्य आय प्रक्षेपण विस्तृतमा देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ६: प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट

| क्र.सं. | बजेटका स्रोतहरु | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को संशोधित अनुमान | प्रक्षेपण | | | | ५ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| १ | आन्तरिक आय रकम | ३००७२ | ६४५०० | ७७४०० | ९२८८० | १११४५६ | १३३७४७ | ४७९९८३ |
| २ | राजस्व बाँडफाँड | १३८१६१ | ९४०५० | १०४५९० | ११६३५४ | १२९४९१ | १४४१६६ | ५८८६५१ |
| | - *नेपाल सरकार* | ७१५३४ | ७१३५० | ७८४८५ | ८६३३४ | ९४९६७ | १०४४६४ | ४३५५९९ |
| | - *प्रदेश सरकार* | ६६६२७ | २२७०० | २६१०५ | ३००२१ | ३४५२४ | ३९७०२ | २१९६७९ |
| ३ | वित्तीय समानीकरण अनुदान | १९६६४२ | १९२९८९ | २१२५९२ | २३४२०२ | २५८०२५ | २८४२९० | १३७८७४० |
| | - *नेपाल सरकार* | १९१५०० | १८६९०० | २०५५९० | २२६१४९ | २४८७६४ | २७३६४० | ११४१०४३ |
| | - *प्रदेश सरकार* | ५१४२ | ६०८९ | ७००२ | ८०५३ | ९२६१ | १०६५० | ४१०५४ |
| ४ | सशर्त अनुदान | ३४१४२५ | ३४५१५० | ३९६९२३ | ४५६४६१ | ५२४९३० | ६०३६७० | २३२७१३३ |
| | - *नेपाल सरकार* | २६०४२५ | २९७३०० | ३४१८९५ | ३९३१७९ | ४५२१५६ | ५१९९८० | २००४५१० |
| | - *प्रदेश सरकार* | ८१००० | ४७८५० | ५५०२८ | ६३२८२ | ७२७७४ | ८३६९० | ३२२६२३ |
| ५ | समपुरक अनुदान | १५३६७ | ४१००० | ४९२०० | ५९०४० | ७०८४८ | ८५०१७.६ | ३०५१०६ |
| | - *नेपाल सरकार* | १५३६७ | २६००० | ३१२०० | ३७४४० | ४४९२८ | ५३९१४ | १९३४८२ |
| | - *प्रदेश सरकार* | ० | १५००० | १८००० | २१६०० | २५९२० | ३११०४ | १११६२४ |
| ६ | विशेष अनुदान | १३३०० | ४७५०० | ५७००० | ६८४०० | ८२०८० | ९८४९६ | ३५३४७६ |
| | - *नेपाल सरकार* | १३३०० | ३७५०० | ४५००० | ५४००० | ६४८०० | ७७७६० | २७९०६० |
| | - *प्रदेश सरकार* | ० | १०००० | १२००० | १४४०० | १७२८० | २०७३६ | ७४४१६ |

| क्र.सं. | बजेटका स्रोतहरु | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को संशोधित अनुमान | प्रक्षेपण | | | | ५ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| ७ | प्राकृतिक श्रोत रोयल्टी | ११६२ | १३९४ | १६७३ | २००८ | २४१० | २८९१ | १०३७७ |
| ८ | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम | १२६२०० | १३८८२० | १५२७०२ | १६७९७२ | १८४७६९ | २०३२४६ | ८४७५१० |
| ९ | समुदायको लगानी तथा योगदान रकम | ११७९९ | १२९७८ | १४२७६ | १५७०४ | १७२७४ | १९००२ | ७९२३४ |
| १० | निजी क्षेत्रको लगानी रकम | ४०४६४ | ४२५२२ | ४६७७४ | ५१४५२ | ५६५९७ | ६२२५६ | २५९६०१ |
| | **कूल बार्षिक बजेट** | १६१९४८७ | १७०१५९३ | १९३३४३५ | २१९८९२९ | २५०३२५२ | २८५२४२१ | १११८९६३१ |

नोटः

- *नोटः यस तालिकामा आव २०७६/७७ को संशोधित आयलाई आधार वर्षको आय र आ.व. २०७६/७७ को लागि प्रस्तावित आयलाई नै सो वर्षको अनुमानित आयको रुपमा गणना गरिएको छ ।*
- *कुल आयमा आव २०७५/७६ को यथार्थ आयलाई समावेश गरिएको छैन । २०७६/७७ देखि २०८१/८२ (५ वर्षको) आयलाई मात्र कुल अनुमानित आयमा समावेश गरिएको छ ।*
- *सामजिक सुरक्षातर्फको आय एवं अन्य स्थानीय तह, जिल्ला समन्वय समितिबाट प्राप्त हुनसक्ने आयलाई यस प्रक्षेपणमा समावेश गरिएको छैन।*

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

कार्यशाला गोष्ठीको छलफल, प्राविधिक संभाव्यता तथा प्रति इकाई लागतका आधारमा आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम संचालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ । सो अनुसार आवधिक विकास योजना अवधिका लागि कूल ६ अरब, ३७ करोड, १० लाख स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ । यस आवधिक विकास योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमको **अनुसूची ८** मा प्रस्तुत प्रति इकाई लागत अनुमानको आधारमा गरिएको छ । यसका लागि हाल बार्षिक ११ अरब, १८ करोड, ९६ लाख ३१ हजार परिचालनको अनुमान रहेकोमा योजनाको पाँचौ बर्षमा बार्षिक २ अरब ८५ करोड २४लाख २१ हजार लगानी हुने देखिन्छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ८: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| सि. नं. | विषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| **उद्देश्य १** | **आर्थिक विकास** | **१२०२०००** | **१८.८७** |
| प्रतिफल १.१ | कृषि विकास | १४७३०० | २.३१ |
| प्रतिफल १.२ | सिंचाई विस्तार | ४५००० | ०.७१ |
| प्रतिफल १.३ | पशु विकास | ३४४००० | ५.४० |
| प्रतिफल १.४ | पर्यटन प्रवर्धन | २५०००० | ३.९२ |
| प्रतिफल १.५ | उद्योग र व्यापार | २४४००० | ३.८३ |
| प्रतिफल १.६ | श्रम र रोजगार | १२३२०० | १.९३ |
| प्रतिफल १.७ | वित्तीय सेवा | ४८५०० | ०.७६ |
| **उद्देश्य २** | **सामाजिक विकास** | **१०४८८००** | **१६.४६** |
| प्रतिफल २.१ | शैक्षिक विकास | २९७००० | ४.६६ |
| प्रतिफल २.२ | स्वास्थ्य तथा पोषण | १५५५०० | २.४४ |
| प्रतिफल २.३ | खानेपानी तथा सरसफाई | ३५८९०० | ५.६३ |
| प्रतिफल २.४ | महिला, बालबालिका र समावेशीकरण | ९९२०० | १.५६ |
| प्रतिफल २.५ | युवा तथा खेलकुद | ९९००० | १.५५ |
| प्रतिफल २.६ | कला तथा सँस्कृती | ३९२०० | ०.६२ |

| सि. नं. | विषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| **उद्देश्य ३** | **पूर्वाधार विकास** | ३४८७५०० | ५४.७४ |
| प्रतिफल ३.१ | आवास, वस्ती तथा शहरी विकास | १२००००० | १८.८४ |
| प्रतिफल ३.२ | सडक तथा यातायात | २२०२००० | ३४.५६ |
| प्रतिफल ३.३ | विद्युत तथा वैकल्पिक उर्जा | २४००० | ०.३८ |
| प्रतिफल ३.४ | सूचना तथा संचार | ६१५०० | ०.९७ |
| **उद्देश्य ४** | **वन तथा वातावरण** | ४०४७०० | ६.३५ |
| प्रतिफल ४.१ | वन तथा जैविक विविधता | ८०५०० | १.२६ |
| प्रतिफल ४.२ | भू तथा जलाधार व्यवस्थापन | १२६५०० | १.९९ |
| प्रतिफल ४.३ | वातावरण व्यवस्थापन | १३१५०० | २.०६ |
| प्रतिफल ४.४ | विपद व्यवस्थापन र जलवायु | ६६२०० | १.०४ |
| **उद्देश्य ५** | **संस्थागत विकास र सुशासन** | २२८००० | ३.५८ |
| प्रतिफल ५.१ | नीति तथा कानून | २२००० | ०.३५ |
| प्रतिफल ५.२ | संगठन तथा क्षमता विकास | १३५५०० | २.१३ |
| प्रतिफल ५.३ | श्रोत परिचालन | १६५०० | ०.२६ |
| प्रतिफल ५.४ | विकास व्यवस्थापन | ५४००० | ०.८५ |
| **कुल जम्मा** | | **३२३५१६०** | **१००.००** |

आवधिक विकास योजनामा प्रस्तावित विषय क्षेत्र स्रोत अनुमानलाई देहायअनुसार चार्टमा प्रस्तुत गरिएको छः



## ९.४ श्रोत परिचालन रणनीति

आवधिक विकास योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम संचालन गरी अपेक्षित नतिजा हासिल गर्न कूल ६ अरब, ३७ करोड १० लाख रुपैया आवश्यक पर्ने अनुमान गरिएको छ। आवधिक विकास योजनाको अवधि ५ बर्षमा विभिन्न स्रोतहरुबाट रु ११ अरब १८ करोड ९६ लाख ३१ हजार श्रोत प्रक्षेपण गरिएकोमा .... अरब ...... करोड ..... लाख .... हजार रुपैया अर्थात .. प्रतिशत रकम अपुग हुने देखिन्छ। यस सम्बन्धी विवरण देहायअनुसार तालिमामा प्रस्तुत गरिएकोछ।

रकम रु. हजारमा

| आवश्यक श्रोत अनुमान तथा उपलब्ध हुन सक्ने बजेट अनुमान | रकम | प्रतिशत |
|---|---|---|
| आवधिक योजनाको आवश्यक श्रोत अनुमान | ६३७,१००० | १००.० |
| आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोतको प्रक्षेपण | १११८,९६३१ | |
| **सर्प्लस श्रोत** | **४८१८६३१** | **१.१** |

आवधिक योजना कार्यान्वयनका लागि आवश्यक तथा नपुग श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ।

- आन्तरिक श्रोत (सम्पत्ती कर तथा भूमी कर, व्यवसाय कर, वहाल कर तथा वहाल विटौरी शुल्क, दस्तुर, अन्य विक्री, सेवा शुल्क) दायरा र दर बढाउने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- समपुरक तथा विशेष अनुदानको लागि परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने
- गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने
- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धी गर्ने
- उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने
- ताल, पोखरी, सिंचाई र कृषि बजार लगायत आयमुलक आयोजनामा लगानी गरी आयआर्जनको व्यवस्था गर्ने
- छिमेकी स्थानीय सरकारसँग संयुक्त लगानीका आयोजना छनौट गरी श्रोत परिचालन गर्ने
- समुदाय तथा नीजि क्षेत्रसँग लागत साझेदारी (६०: ४०) मा कार्यक्रम तथा आयोजना संचालन गर्ने
- संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट थप स्रोत परिचालन गर्न पैरवी गर्ने

## ९.५ आवधिक विकास योजना कार्यान्वयन

आवधिक योजनामा आधारित भई बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ। यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ। आवधिक विकास योजनामा आधारित भई तीन बर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालिन खर्च संरचना तयार गरिनेछ र सो बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा बार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिने छ।

यसैगरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा मध्यमकालिन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, क्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईने छ। योजनाको स्वीकृती पछि नगर कार्यपालिकाबाट सवै विषयगत समिति एवं शाखा, सवै वडा कार्यालय तथा सम्बन्धीत सरोकारवालालाई बार्षिक बजेत तथा कार्यक्रम मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ। यस प्रकार आवधिक विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति, नतिजा तालिका तथा भौतिक लक्ष्य र कार्यक्रमका आधारमा सहभागितात्मक प्रक्रिया बमोजिम वार्षिक बजेत तथा कार्यक्रको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ। प्रचलित कानून अनुसार नगरपालिकाले तर्जुमा गर्नु पर्ने आवधिक, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना र बार्षिक बजेट तथा कार्यक्रम (योजना) बीचको अन्तरसम्बन्ध देहायअनुसार रहनेछ र आवधिक योजनाको आधारमा आयोजना बैक, मध्यमकालिन खर्च योजना (त्री-बर्षिय चक्रिय योजना) र सो बमोजिम बार्षिक योजना तर्जुमा गरी आवधिक योजना कार्यान्वयन गरिनेछ।



# अनुसूचीहरू

## अनुसूची १: राष्ट्रिय जनगणना २०६८ र पारिवारिक सवेक्षण २०७३ घरधुरी र आगामी ५ बर्षको प्रक्षेपित घरपरिवार

| वडा नम्बर | राष्ट्रिय जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०७३ अनुसारको जनसंख्या र ५ बर्षको प्रक्षेपण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०६८ | २०७३ | वृद्धिदर | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
| १ | ६२२ | ७७० | ४.८९ | ८०८ | ८४७ | ८८९ | ९३२ | ९७८ | १०२५ | १०७६ | ११२८ |
| २ | २००६ | २४०५ | ४.६९ | २५१८ | २६४१ | २७६५ | २८९४ | ३०३० | ३१७२ | ३३२१ | ३४७७ |
| ३ | ८०६ | ११०० | ८.३९ | ११९२ | १२५१ | १३५६ | १४६९ | १५९३ | १७२६ | १८७१ | २०२८ |
| ४ | ४५६ | ५१८ | ३.६७ | ५३७ | ५६३ | ५८४ | ६०५ | ६२८ | ६५१ | ६७५ | ६९९ |
| ५ | ११४५ | १२६४ | १.९५ | १२८९ | १३५२ | १३७८ | १४०५ | १४३२ | १४६० | १४८९ | १५१८ |
| ६ | ६२७ | ६४३ | १.०० | ६४९ | ६८१ | ६८८ | ६९५ | ७०२ | ७०९ | ७१६ | ७२३ |
| ७ | ४२५ | ४४३ | १.३७ | ४४९ | ४७१ | ४७७ | ४८४ | ४९१ | ४९७ | ५०४ | ५११ |
| ८ | ६६७ | ९१७ | ४.९९ | ९६३ | १०१० | १०६० | १११३ | ११६९ | १२२७ | १२८८ | १३५३ |
| ९ | ५२९ | ८१८ | ४.११ | ८५२ | ८९३ | ९३० | ९६८ | १००८ | १०४९ | १०९३ | ११३७ |
| १० | १३९१ | १४४० | ३.०६ | १४८४ | १५५७ | १६०४ | १६५३ | १७०४ | १७५६ | १८१० | १८६५ |
| ११ | २८०८ | २९१२ | २.७५ | २९९२ | ३१३८ | ३२२५ | ३३१३ | ३४०४ | ३४९८ | ३५९४ | ३६९३ |
| १२ | १५३० | १५७५ | १.५ | १५९९ | १६७७ | १७०२ | १७२७ | १७५३ | १७८० | १८०६ | १८३३ |
| १३ | ८२३ | १०२० | ८.०८ | ११०२ | ११५६ | १२५० | १३५१ | १४६० | १५७८ | १७०५ | १८४३ |
| १४ | ८११ | ९१९ | ०.१९ | ९२१ | ९६६ | ९६८ | ९६९ | ९७१ | ९७३ | ९७५ | ९७७ |
| १५ | ८३७ | ९४५ | ०.९६ | ९५४ | १००१ | १०१० | १०२० | १०३० | १०४० | १०५० | १०६० |
| **जम्मा** | **१५४८३** | **१७६८९** | **३.५३** | **१८३१३** | **१९२०९** | **१९८८७** | **२०५८९** | **२१३१६** | **२२०६८** | **२२८४७** | **२३६५४** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८ र पारिवारिक सर्वेक्षण २०७३*

## अनुसूची २: आर्थिक विकास क्षेत्रको स्थिति विश्लेषण विवरण

### क. कृषि र खाद्य सुरक्षा

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - कूल ४१८९ हेक्टर जग्गा खेतियोग्य रहेको<br>- खेती गरीएको जमिन ४००० हेक्टर रहेको<br>- कूल क्षेत्रफलको ६५ प्रतिशत वनजंगल ढाकेको<br>- करिब ७० प्रतिशत घरपरिवार कृषि कार्यमा संलग्न रहेको<br>- कृषि तथा पशुपंक्षि उपज संकलन केन्द्र वटा ५, २ वटा कोल्ड स्टोर र १ दूध विकास आयोजना, २० डेरी उद्योग र ४ वटा व्यवसायीक कृषि फार्म संचालनमा रहेको<br>- मुख्य खाद्यान्न वालीमा धान, गहुँ, मकैमा आत्म निर्भर रहेको<br>- करिब २५०० हेक्टरमा अन्न खेती भैरहेका<br>- अरहर, चना केराउ, मसुरो, मास, बोढी, भटमास, जस्ता दलहन बालीको बार्षिक उत्पादन ..... मे.टन रहेको<br>- तोरी, सर्स्यु, आलस, तिल, सुर्यमुखी जस्ता तेलहन बालिको बार्षिक उत्पादन ... मे.ट. रहेको<br>- काउली, बन्दा, फसी, चिचिन्डा, घिरौला, काक्रो, करेला, बरेला, सीबी, बोडी, लौका, खोर्सानी, साग, प्याज,छ्यापी, केराउे, मुला, धनिया, भण्टा, सिप्लिगान, सलगम, गाजर, वकुल्ला, टाटे, रुख कटहरको बार्षिक उत्पादन ... मे.ट. रहेको र तरकारी आत्मानिर्भर<br>- मुला, काउली, बन्दा, साग रहरे तरकारी, टमाटर जस्ता बेमौसमी तरकारीको व्यावसायिक उत्पादन शुरु भएको<br>- वेसार, लसुन, प्याज, मेथी जत्ता मसला बालीको बार्षिक उत्पादन .... मे.टन:<br>- आँप, पेवा, लिच्चि, कागती, अम्वा, केरा रुख कटहर, खर्बुजा जस्ता फलफुल खेतीको बार्षिक उत्पादन .... मे.ट. रहेको<br>- करीव ....... रोपनी क्षेत्रफलमा तरकारी खेति भैरहेको<br>- व्यवसायीक कृषक ५० जना भन्दा वढी रहेको<br>- हाट वजार हप्तामा ५ पटक २ स्थानमा हाट बजार संचालन हुने गरेको<br>- २ वटा व्याावसायिक कृषि नर्सरी संचालनमा रहेको | - भुउपयोग नीति तयार नहुँदा कृषि भूमिको अन्य कार्यमा परिवर्तन तिब्र रुपमा हुनु<br>- कृषि सम्बन्धी तथ्याङ्क र गुरुयोजना तयार नहुनु<br>- जैविक र रासायिक मल, उन्नत र गुणस्तरीय विउ, बजिन तथा सिंचाईमा कमी हुनु<br>- कृषि शिक्षा तालिम, सूचना र प्रविधिको उपलब्धमा कमी हुनु<br>- धेरै जग्गा सुख्खा क्षेत्रको रुपमा रहनु<br>- बजार केन्द्रको व्यवस्थापन हुन नसक्नु<br>- बजारीकरण, मूल्यश्रंखला विश्लेषण र प्राविधिक जनशक्तिको कमी प्रबिधिको कमी हुनु<br>- निर्वाहमूखी खेती प्रणाली कायम रहनु<br>- उत्पादन लागत बढी हुनु<br>- खुल्ला सिमानाको कारण कृषि उपज प्रतिस्पर्धा गर्न कठिन हुनु<br>- खेति हुन सक्ने जग्गा मध्ये २०० हेक्टर बाँझो रहनु<br>- खेतीयोग्ग जमिनको खण्डिकरण (प्लटिङ्ग) बढ्नु<br>- कर्षिमा लगानी कम हुनु<br>- हाट वजार, नर्सरी, शित भण्डार, ढुवानी साधन, कृषि प्रयोगशाला कमी हुनु | - भुउपयोग निति तयार गरी लागु गर्ने<br>- कृषि गणना र नक्शाकंन समेत कृषि तथ्याङ्क गुरुयोजना तर्जुमा गर्ने<br>- एक वडा एक कृषि प्राविधिक र एक टोल एक अगुवा कृषक कार्यक्रम संचालन गर्ने<br>- विउ उत्पादन तथा भण्डारणको व्यवस्था गर्ने<br>- भूमिगत र लिपट सिंचाइको व्यवस्था गर्ने<br>- आवश्यक स्थानहरुमा कृषि उपज संकलन केन्द्रको निर्माण र सञ्चालन गर्ने<br>- कृषि शिक्षा, सुचना र संचार स्थापना गर्ने<br>- कृषिको आधुनिकिरणका लागि यान्त्रिकरण र व्यवसायीकरण गर्ने<br>- उत्पादन पकेट क्षेत्रको निर्धारण गर्ने<br>- वडाहरुमा सेवा केन्द्रको स्थापना र संचालन गर्ने<br>- भारतबाट आयात हुने खाद्यन्य, तरकारी, फलफुल आदीको गुणस्तर परीक्षण, नियमन र नियन्त्रण लागि पैरवी गर्ने<br>- खाद्यान्न बालीतर्फ उन्नत जातको वीउ, मल तथा प्रविधि विसतार गर्ने<br>- कृषि उत्पादनको व्यवसायीकरण, बजारीकरण र |

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - करिब ५०० जना अगुवा कृषक रहेको, ४ जना कृषि प्राविधिकबाट सेवा उपलब्ध भैरहेको<br>- आफनै उत्पादनले वर्षभरी खानपुग्ने परिवार १९ प्रतिशत रहेको<br>- कोहलपुर, चपरगौडी, हवलदारपुर, कौशीलानगर, मनकामना चौक, विकास नगर चौक, रंगिला चौक गरी ७ वटा मुख्य बजार केन्द्रको विकास हुँदै गएको | - बीउवीजन, फलफूल तथा तरकारीको भण्डारण सुविधा नुहुन<br>- विक्री वितरण प्रणाली व्यवस्थित नहुनु<br>- वजार मुल्य निधारण नहुनु<br>- सबै वडाहरुमा हाटवजार संचालन हुन नसक्नु | विविधिकरण सहजीकरण गर्ने<br>- बाँकी १२ वडामा हाटबवजार संचालनको व्यवस्था गर्न<br>- सित भण्डार र कृषि एम्बुलेन्सको संचालन गर्ने |

**ख. सिंचाई**

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - हाल ७५६ हेक्टरमा सिंचाई सुविधा उपलब्ध भैरहेको<br>- सिक्टा सिंचाइ आयोजना, डुडुवा सिचाइ आयोजना संचालनको अवस्थामा रहेको<br>- व्यक्तिगत तथा सार्वजनिक गरी भूमिगत तथा लिफ्ट सिंचाई आयोजना संचालन भैरहको | - ८ वडामा सिंचाई सुविधा उपलब्ध नभएको<br>- नगरको उत्तरतर्फका भुभाग उच्चो भएको कारण सिंचाई कमी रहेको र सुख्या रहेको | - सिचाइको दायरा बढाउने<br>- बबई डाइभसन आयोजनालाई बिस्तार गर्न पैरवी गर्ने<br>- सिंचाई पोखरी तथा साना सिंचाई कार्यक्रम संञ्चालन गर्ने<br>- विद्यमान सिंचाई आयोजनाको मर्मत संभार गरी नियमित गर्ने |

**ग. पशु विकास**

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - माछापालनका लागि १५ पोखरी समेत करीव ८ वटा फर्म संचालनमा रहेको र कमन कार्प, रहु, मंगुर, आली माछा उत्पादन भैरहेको<br>- माछाको वार्षिक उत्पादन करीव ..... मे.ट. रहेको<br>- परम्परागत रुपमा ८० प्रतिशत परिवारले पशुपालन कार्य गरिरहेको<br>- गाई, भैसी, बाखा पकेट क्षेत्र निर्धारण भएको<br>- बाखा, बंगुर, कुखुरा, लोकल, बोइलर, हास, टर्की, बटही, कडकनाथको व्यवसायिक पालन भइरहेको र बार्षि मासु उत्पादन .... मे.टन रहेको<br>- दुग्धजन्य उपको उत्पादन दिन ७००० लिटर रहेको र नगरपालिका दुधमा आत्मानिर्भर रहेको<br>- उन्नत गाई तथा भैंसीपालनको शुरुवात भएको<br>- पशुपालन गर्ने कूल परिवार मध्ये ८० प्रतिशत परिवारले गाईभैंसी पालन गर्ने गरेको<br>- करिव ८० वटा गाईभैंसीपालन फर्म संचालनमा रहेको | - पशुपन्छी स्रोत र प्रजनन केन्द्र उपलब्ध नहुनु<br>- पशु आहार तथा चरण क्षेत्रको कमी हुनु<br>- पशु हाट वजार संचालन नहुनु<br>- पशु स्वास्थ्य शिक्षा सहज उपलब्ध नहुनु<br>- पशुपंक्षी उपजको बजार व्यवस्थित हुन नसक्नु<br>- उन्नत जातको गाईभैसी, बाखाको व्यवसायिक पालन हुन नसक्नु<br>- आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु<br>- व्यवसायिक ज्ञान र चेतनाको कमी हुनु | - विषय विज्ञ सहितका प्राबिधिक जनसक्तिको व्यवस्थापन गर्ने<br>- नश्ल सुधार कार्यकम संचालन गर्ने<br>- पशु स्वास्थ्य सेवा, उयचार, रोग नियन्त्रण, खोप कायक्रम विस्तार गर्ने<br>- पशु विमा कार्यकम र उत्पादनमा आधारित अनुदान, आधुनिक किसिमको गोठ, खोरको व्यवस्था गर्ने<br>- कुखुराको चल्ला उत्पादन गर्ने ह्याचरी स्थापना गर्ने<br>- पशु आहारा उत्पादन र वितरणको व्यवस्थापन गर्ने<br>- पशुपंक्षी रोग पहिचान परीक्षण ल्याव, औषधी र उपचार केन्द्रको व्यवस्था गर्ने<br>- पशुपंक्षीपालन र उपज प्रशोधनको तालिमको व्यवस्था गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - उन्नत जातको घाँस खेतिको २ स्रोत केन्द्रको स्थापना भएको<br>- कम्तिमा पनि २०० वटा व्यवसायिक कुखुरापालन फर्म संचालनमा रहेको<br>- सरदर दैनिक ६००० लिटर दूध बिक्री हुने गरेको<br>- दुध संकलन केन्द्र करिव ३० वटा रहेको<br>- नगरपालिका स्तरमा ५ जना पशु सेवा प्राविधिक रहेको<br>- नश्ल सुधारको कार्यक्रम शुरु भएको र सहजता रहेको<br>- कुखुराको मासुको वार्षिक उत्पादन ... मे.टन, खसीबोकाको ... मे.टन र बंगुरको उत्पादन बार्षिक .... मे.टन रहेको<br>- बार्षिक पशुजन्य उत्पादनको मूल्य करीव .... रहेको<br>- पशु उपचारको कभरेज ९० प्रतिशत रहेको<br>- सरल कर्जा व्यवस्था उपलब्ध रहेको<br>- पशु विमा ७० प्रतिशले गरेको र पशु सेवाको पहुँच ७५ प्रतिशत रहेको | - दुग्ध संकलन तथा चिस्यान केन्द्रको कमी हुनु<br>- पशु उपचार औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु<br>- पशुपालन र स्वास्थ्य सम्बन्धी प्राविधिकको कमी हुनु<br>- पशुआहार र चरण क्षेत्र व्यवस्थित हुन नसक्नु<br>- पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु<br>- पशुरोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु<br>- पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था कमी हुनु | - दुग्ध चिस्यान केन्द्र प्रशोधन केन्द्रको प्रबर्द्धन र स्थापना गर्ने<br>- आधनिक पशुबधस्थल संञ्चालन गर्ने<br>- मासु तथा दुग्धजन्य पदार्थको संकलन प्रशोधन, विविधिकरण र बजारीकरण गर्ने<br>- बोयर जातको बाखाको स्रोतको केन्द्रको स्थापना गर्ने<br>- एक वडा एक पशु सेवा प्राविधिक र एक टोल एक व्यवसायिक अगुवा कृषक कार्यक्रम संचालन गर्ने<br>- पशु विमा कार्यक्रम संचालन गर्ने<br>- स्थानीय जातका पशुपंछिको संरक्षण र विकास विस्तार गर्ने<br>- पशुपालनका लागि आवश्यक सरल कर्जा एवं बिमाको व्यवस्था गर्ने |

### घ. पर्यटन

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| **पर्यटकीय स्थल तथा उपज**<br>- संभाव्य धार्मिक, सांस्कृतिक र पर्यटन क्षेत्रहरु रहेको जस्तै शिव मन्दिर, बौद्ध गूम्बा, पार्वतीपुर मन्दिर इश्वरीय ब्रम्हकुमारी राजयोग विश्वविद्यालय शिदेश्वर, सुजना भिउ टावर, जैविक पार्क, हात्तिसार, शिद्धि विनायक पार्क, नमना सामुदायिक होम स्टे आदी<br>- थारु संग्रालय, दलित संग्रालय, मस्तानसाह बाबा मजार आदी स्थापनाको क्रममा रहेको<br>- पर्यटन वित्त चित्र तयार भएको<br>- ५ नं. प्रदेश सरकारको पर्यटन कार्यालय संचालनमा रहेको<br>- नेपाल टेलिभिजनको प्रादेशिक प्रसारण संचालनमा रहेको<br>- ताजिया मेला आयोजना हुने गरेको<br>- थारु, कर्णाली, राप्ती र भेरीको भाषा सस्कृति र चालचलन उत्कृष्टता रहेको<br>- ग्रामीण तथा कृषि पर्यटन, पर्यापर्यटन र मेला महोत्सव गरी विभिन्न किसिमका पर्यटन प्रवर्द्धनका क्रियाकलापहरु संचालन भएको | - पर्यटकीय स्थल र क्रियाकलापहरुको सम्भावना अध्ययन नभएको<br>- उपलब्ध प्राकृतिक र सास्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षण र प्रबर्द्धनको कमी रहेको<br>- प्राकृतिक सम्पदा, साँस्कृतिक सम्पदा र धार्मिक स्थलको पहिचान र प्रचार र प्रसारको कमी रहेको<br>- पर्यटन पूर्वाधार, सेवा र सुविधाको कमी हुनु | - धार्मिक तथा कृषि सम्बन्धी पयटन नीति निमाण गरी कार्यन्वयन गर्ने<br>- पर्यटन गरु योजना निर्माण गर्ने<br>- बाँके राष्टिय निकुन्ञसँग पर्यटन प्रबर्द्धनमा सहकार्य गर्ने<br>- स्थानीय भाषा, कला संस्कृति एवं रितीरिवाजको पहिचान संरक्षण प्रवर्द्धन र प्रचार प्रसार गर्ने<br>- धार्मिक स्थान तथा स्थलहरुको संरक्षण तथा प्रबद्धन गर्ने<br>- कृषि तथा ग्रामणि पर्यटन कार्यक्रम संचालन क्षमता विकास गर्ने<br>- हरीयाली क्षेत्र, पार्क र पुष्पबाटिका भ्यूटावर र पार्कहरुको निर्माण गर्ने<br>- पर्यटन विकासमा निजी क्षेत्रको लगानी बृद्धिका लागि समन्वय र सहकार्य गर्ने |

**ङ. उद्योग, व्यापार तथा व्यवसाय**

| संभावना तथा अवसर | क्समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - २५ ठूला, ५० मझौला, २ दाना उद्योग समेत २९५ उद्योगहरु संचालन रहेका<br>- ..... जनालाई उद्यमशिलता तथा सीप विकास सम्बन्धी तालीम प्रदान गरिएको<br>- एक स्थानमा कोशेली घर संचालनमा रहेको<br>- हस्तकला साम्रगी निर्माण सिप हस्तान्तरण गरिएको<br>- औधोगिक प्रर्दशन आयोजना भैरहेको<br>- गैर कृषि उद्योग सम्बधी कच्चा पदार्थ जस्तै काठ, बास, बालुवा, गिटी, निगालो, बासवेत उपलब्ध रहेको<br>- घर व्यवसाय संचालन शुरु भएको<br>- होटल, अस्पताल, पसलहरु, एग्रोभेट, डेरी, खाजा नास्ता पसल , निमाण साम्रगीका पसल, व्युटीयार्लर, सिलाई पसल, कुटानी पिसानी मिल<br>- अटो मोवाईल पसलहरु संचालनमा रहेको | - प्राबिधिक तथा सुचना केन्द्र नभएको<br>- औधोगिक प्रदर्शन कमी<br>- घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु<br>- उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु<br>- दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु<br>- निगालो सामग्री निर्माण गर्ने सीपको कमी | - औद्योगिक करिडोरको स्थापना गर्ने<br>- कच्चा पदार्थको पहिचान, प्रबर्द्धन र उत्पादन बृद्धि गर्ने<br>- औधौगीक ग्राम स्थापना गर्ने<br>- नमुना उद्योग स्थापना र घरेलु उद्योगको प्रबद्धन गर्ने<br>- उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने<br>- स्वरोजगारमूलक उद्योग व्यवसाय संचालन<br>- काठ सहज आपुर्तिको लागी सामुदायीक वन र सम्बन्धीत कार्यालयसँग समन्वय गर्ने<br>- लघु, घरेलु, साना तथा मझौला उद्योगहरु स्थापना गर्न प्रोत्साहन गर्ने<br>- औद्योगिक तथा व्यवसाय प्रवर्धन नीति, सुचना र सुरक्षाका कार्यक्रम संचालन गर्ने |

**छ. श्रम तथा रोजगार**

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - व्यापार, सेवा क्षेत्र, कृषि तथा पशुपंक्षी पालन, निर्माण क्षेत्र, पर्यटन, उद्योग र कलकारखाना समेत ४००० भन्दा बढी उपलब्ध रहेको<br>- विकास निर्माण र उद्योग व्यवसाय संचालनमा वृद्धि भैरहेको | - दक्ष प्राविधिकको जनसक्ति अभाव<br>- श्रम समस्या (विमा, पेन्सन, जिविकोपार्जन, स्वास्थ्य,)<br>- सामाविक सुरक्षा कार्यक्रम लागु नहुनु<br>- श्रम सक्ति पलान हुनु | - स्थानीय रोजगार योजना तर्जुमा र लागू गर्ने<br>- दक्ष प्राविधिकको जनसक्ति उत्पादन गर्ने<br>- श्रम समस्याको (विमा, पेन्सन, जिविकोपार्जन, स्वास्थ्य,) लागी नियमन गर्ने<br>- योगदान सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने<br>- स्वदेशमै रोजगारीका अजसरहरु र्सजना गर्ने |

**च. बैंक, वित्तीय सेवा एवं सहकारी**

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - बैंक, वित्तीय संस्था र सहकारी गरी ३४ वटा वित्तीय सेवा प्रदायक संस्थाहरु रहेको<br>- करीव ५० प्रतिशत घर परिवारको बैकमा खाता रहेको<br>- करिब प्रतिशत ७५ घरधुरीले विभिन्न प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाबाट | - व्यवसायिक गतिविधि संचालन गर्न उद्यमशिलताको कमी हुनु<br>- गाम्रीण कृषक तथा अन्य बासिन्दालाई व्यवसाय संचालनको लागि व्यवसाय परामर्श, सीप, प्रविधि र | - लक्षित वर्गको व्यवसाय विकास परामर्श सेवा तथा वित्तीय सेवाको एकीकृत प्याकेजमा उपलब्ध गराउने<br>- व्यवसायिक गतिविधि प्रवर्द्धनका लागि प्रोत्साहित गर्ने<br>- बैंकिङ लगानी कृषि, पशुपालन, घरेलु तथा साना, तथा कुटीर उद्योग क्षेत्रमा बृद्धि गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - बचत १३, कृषि ५३, बहुउद्धश्देसीय २२, जडिबुटी २, दुग्ध १, पशुपालन १, फलफुल १, उपभोक्ता १ गरी ९४ वटा सहकारी संस्थाबाट सेवा उपलब्ध रहेको | पूजिको सहज उपलब्ध नहुनु<br>- कम आय हुने, सीमान्तकृत एवं पिछडिएको परिवारको वित्तीय संस्थासंगको पहुँच कम रहेको | - वित्तीय साक्षरताका कार्यक्रम संचालन गर्ने<br>- आर्थिक कारोवारका लागि बैंक तथा वित्तीय संस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गर्ने |

## अनुसूची ३: सामजिक विकास क्षेत्रको स्थिति विश्लेषण विवरण

### २.१ शैक्षिक विकास

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - सामुदायिक माध्यमिक विद्यालय ११ वटा र आधारभूत १९ वटा रहेका<br>- सार्वजनिक विद्यालयहरु २ वटा रहेका<br>- संस्थागत विद्यालयहरु ५७ वटा रहेका<br>- बालविकास केन्द्रहरु ८१ वटा रहेका<br>- २ विद्यालयमा कक्षा ९।१२ मा प्राविधिक धार सञ्चालन भएको<br>- २ वटा विद्यालयहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनमा रहेको<br>- अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा प्रदान गर्ने एक माध्यमिक विद्यालयमा स्रोत कक्षा सञ्चालनमा रहेको<br>- अपाङ्गता भएका बालबालिकाहरुका लागि एक दिवा स्याहार केन्द्र रहेको<br>- एक नर्सिङ कलेज रहेको<br>- एक मेडिकलेज कलेज रहेको<br>- स्नातक तहसम्म अध्ययन अध्यापन हुने ३ वटा क्याम्पस र स्नातकोत्तर अध्ययन अध्यापन हुने एक आङ्गिक क्याम्पस रहेको<br>- एक सामुदायिक पुस्तकालय रहेको<br>- सामुदायिक विद्यालयमा मावि तर्फ ५४, निमावि ४८, प्रावि १७६ र बालविकास शिक्षक ८१ जना गरी जम्मा ३६९ जना शिक्षकहरु विद्यालयमा कार्यरत रहेका<br>- सबै विद्यालयहरुमा शौचालय सुविधा भएको<br>- सबै माध्यमिक विद्यालयहरुमा कम्प्युटर, पुस्तकालय तथा विज्ञान प्रयोगशाला सुविधा उपलब्ध भएको | - सामुदायिक विद्यालयहरु पर्याप्त सङ्ख्यामा नहुनु<br>- वडाहरुमा सामुदायिक विद्यालयको वितरण समानुपातिक र सन्तुलित नहुनु<br>- स्थानीय जनसङ्ख्याका आधारमा अनियन्त्रित रुपमा संस्थागत विद्यालयहरु खुल्दै जानु<br>- बालविकास केन्द्रहरुमा न्युन सङ्ख्यामा बालबालिकाहरु भर्ना हुनु र भर्ना भएका बालबालिकाहरु बालविकास केन्द्रमा नटिक्नु<br>- संस्थागत विद्यालयहरु बजारक्षेत्रमा मात्र बढी केन्द्रित हुनु<br>- कक्षा ९।१२ मा प्राविधिक धारका विद्यालयहरु अपर्याप्त सङ्ख्यामा हुनु<br>- स्रोतकक्षा विद्यालयमा सुदृढ भौतिक तथा शैक्षिक वातावरणको कमी हुनु<br>- अपाङ्गता भएका बालबालिकाहरुका लागि सञ्चालित दीवा स्याहार केन्द्रलाई आधिकारिक रुपमा अपनत्व प्राप्त नहुनु<br>- सामुदायिक क्याम्पसमा विद्यार्थी सङ्ख्या कम हुँदै जानु<br>- सामुदायिक क्याम्पसमा विद्यार्थीको आकर्षण र टिकाउदर कम हुँदै जानु<br>- नगरपालिकाको आफ्नो आधिकारिक पुस्तकालय तथा अभिलेखालय स्थापना नहुनु<br>- सबै वडाहरुमा पुस्तकालय स्थापना हुन नसक्नु<br>- नगरपालिका स्तरको शैक्षिक सङ्ग्रहालयको स्थापना नहुनु<br>- विद्यालयमा रहेका शैचालयहरु व्यवस्थित तथा दुर्गन्ध रहित बन्न नसक्नु<br>- कुनै पनि आधारभुत विद्यालयमा कम्प्युटर, पुस्तकालय तथा विज्ञान प्रयोगशाला सुविधा उपलब्ध हुन नसक्नु<br>- विद्यालय र विद्यार्थी सङ्ख्याको अनुपातमा नियमानुसार शिक्षक दरबन्दी र शिक्षक सङ्ख्या उपलब्ध नहुनु<br>- विद्यालय छाडेर जाने प्रवृत्ति कायमै रहनु<br>- अपाङ्गता मैत्री विद्यालय संरचना र शौचालयको कमी हुनु | - सामुदायिक मात्र्यमिक विद्यालयहरुमा विभिन्न धारका आधुनिक विषय र सङ्कायमा प्राविधिक धारको कक्षाहरु सञ्चालन गर्ने<br>- सबै बाल विकास केन्द्र तथा सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक क्षमता अभिवृद्धि गरी निशुल्क रुपमा गुणस्तरीय शिक्षाको सुविधा प्रदान गर्ने<br>- प्राविधिक धार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन हुने विद्यालयहरुको क्षमता बढाउने<br>- अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा प्रदान गर्ने विद्यालयलाई एकीकृत विशेष शिक्षा विद्यालयका रुपमा रुपान्तरण गर्ने।<br>- नर्सिङ र मेडिकलेज कलेजबाट स्थानीय तहबाट कोटामा छात्रवृति प्रदान गरी गरिब असहाय र जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा दिने<br>- सबै विद्यालयमा पानी, चेन्ज रुम, स्यानीटरी प्याड भेन्डिङ मेसिन डिस्पोज मेसिन आदिको व्यवस्था सहितको दुर्गन्ध रहित शौचालयहरु व्यवस्था गर्ने<br>- सबै आधारभुत विद्यालयमा कम्प्युटर, पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना गराउने ।<br>- सबै विद्यालयहरुमा अपाङ्गता मैत्री भौतिक संरचना र सिकाइ वातावरण निर्माण गर्ने<br>- शैचालय, पुस्तकालय तथा प्रयोगशालाहरुमा अपाङ्गता मैत्री सिकाइ सुविधाहरु उपलब्ध गराउने<br>- बालविकास केन्द्रहरुमा बालमैत्रीखेल र सिकाइका लागि पार्कहरु स्थापना गर्ने<br>- स्थानीय पाठ्यक्रम र स्रोत सामग्रीहरु निर्माण एवं छपाइ गर्ने र विद्यालयमा पठनपाठन गराउने<br>- सबै वडाहरुमा एक एक वटा सिकाइ केन्द्रहरुको स्थापना गर्ने<br>- नगरपालिका स्तरको शैक्षिक सङ्ग्रहालयको स्थापना गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - शिक्षा शाखा अन्तरगत विद्थार्थी अपाङ्गता लेखाजोखा केन्द्रको स्थापना भएको<br>- विद्यालयहरुमा शिक्षक सिकाइ केन्द्रहरुको व्यवस्था गरिएको<br>- नगरपालिकामा एक सामुदायिक सिकाइ केन्द्र रहेको<br>- कर्णाली प्रदेश तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको प्रवेशद्वार तथा पठनपाठनका लागि कोहलपुर हबका रुपमा स्थापित हुने क्रममा रहेको<br>- सामुदायिक स्तरमा एउटा पुनर्स्थापना केन्द्र ९नील सागर असहाय केन्द्र० को स्थापना र सञ्चालन रहेको | - स्थानीय ज्ञान निर्माण र संरक्षणका लागि अध्ययन अनुसन्धान केन्द्रको स्थापना नभएको<br>- बालविकास केन्द्रहरुमा बालमैत्री सिकाइ र खेलको लागि पार्क नहुनु<br>- स्थानीय पाठ्यक्रमको निर्माण र पठनपाठनका स्रोतसामग्रीहरु निर्माण हुनु<br>- सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रको स्थापना नहुनु<br>- शैक्षिक हबको रुपमा कोहलपुरलाई विकास गर्न गुरुयोजनाको कमी<br>- विद्यालय जाने उमेरका बालबालिकाहरु अवसर लागत र अभिभावकका सचेतनामा कमीका कारण विद्यालयबाहिरै रहने गरेको | - स्थानीय ज्ञान निर्माण र संरक्षणका लागि अध्ययन अनुसन्धान केन्द्रको स्थापना गर्ने<br>- शैक्षिक हब विकासका लागि गुरुयोजना निर्माण गर्ने<br>- विद्यालय जाने उमेरका बालबालिकाहरुका लागि पुनर्स्थापना तथा परामर्श केन्द्रहरुको स्थापना गर्ने<br>- स्थापना भएकापुनर्स्थापना केन्द्रलाई सबलीकरण गर्ने<br>- अवसर लागत बढी भई विद्यालय जान नसकेका बालबालिकाहरुका लागि अभिभावकलाई अवसर लागत न्यून गर्ने राहत कार्यक्रम सञ्चालन गर्ने<br>- अभिभावकका सचेतनामा कमीका कारण बालबालिकाहरुलाई विद्यालय नपठाउने अभिभावकहरुका लागि प्रोत्साहनमूलक र बाध्यकारी कार्यक्रमहरु ल्याउने |

**२.२ जनस्वास्थ्य तथा पोषण**

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| **१. स्वास्थ्य संस्था**<br>- स्वाथ्य चौकी ३ वटा, आधारभुत स्वास्थ्य केन्द्र ७, शहरी स्वास्थ्य केन्द्र १, आर्युवेद स्वास्थ्य केन्द १, रीाष्ट्रयस्तरको मेडिकल कलेज शिक्षण अस्पताल १, र नीजि अस्तपाल २ र ४ पोलिक्लिनिक समेत १९ वटा स्वास्थ्य संस्थाहरुबाट शिक्षा, सूचना र रोकथाम, उपचरात्मक सेवा उपलब्ध रहेको<br>**२. जनशक्ति**<br>- सरकारी स्वास्थ्य संस्थाहरुमा जनस्वास्थ्य अधिकृत १ सातौ, जनस्वास्थय निरिक्षक ३ जना, सिअहेव अधिकृत २ जना, सि अ.न.नि. अधिकृत १ जना, क.न.नि अधिकृत ३ जना, सि.अनमी २ जना, अनमि ९ जना, अहेव ८ जना र हेल्थ असिस्टेनट ११ जना, ल्याव असिस्टेन्ट १ जना कर्मचारी कार्यरत रहेको<br>**३. आर्युवेद र वैकल्पिक चिकित्सा**<br>- नगरपालिकामा रहेको १ आयुर्वेद केन्द्रमा ३ जना कबिराज निरिक्षक, १ जना महिला वैध, १ जना बैद्य निरिक्षक गरी ५ जना स्वास्थ्यकर्मी कार्यरत रहेको<br>- डेढतल्ले १ भवनबाट सेवा प्रवाह भैरहेको | - सरकारी स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला र परीक्षणको सुविधा उपलब्ध नभएको<br>- स्वास्थ्य संस्थाहरुमा फोहरमैला व्यवस्थापन गर्न इन्सिनेरेटर नभएको<br>- स्वास्थ्य संस्थाहरुमा खानेपानी र शौचालयको राम्रो प्रवन्ध नभएको ।<br>- आधारभुत स्वास्थ्य केन्द्रहरुको आफनै भवन नभएको ।<br>- नगर स्वास्थ्य शाखामा आवश्यक पूर्वाधार नभएको ।<br>- स्वास्थ्य शाखा तथा संस्थाहरुम जनशक्ति कमी भएको<br>- स्वास्थ्य संस्थाहरुमा न्यूनतम सामाग्रीको व्यवस्था नभएको<br>- स्वास्थ्य संस्थाहरुमा पावर व्याकअप र इन्टरनेटको पहुँच नभएको<br>- कोल्ड चेनको कमी हुँदा खोप व्यवस्थापन गर्न कठिनाई भएको | - स्वास्थ्य केन्द्र नभएका वडाहरुमा स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्ने<br>- जनशक्ति सहित ल्यावसंग सम्वन्धित सवै सामाग्रीहरुको व्यवस्था गर्ने ।<br>- सवै स्वास्थ्य संस्थाहरुमा इन्सिनेरेटर खरिद गर्ने ।<br>- खोपकोलागि कोल्ड चेन मेन्टेन गर्ने रेफ्रिजेरेटर खरिद गर्ने ।<br>- सवै आधारभुत स्वास्थ्य केन्द्रहरुको आफनै भवन निर्माण गर्ने ।<br>- नगर स्वास्थय शाखाको भौतिक संरचना तयार गर्ने ।<br>- सवै संस्थाहरुमा इन्टरनेट, खानेपानी र व्यवस्थित शौचालयको व्यवस्था गर्ने<br>- सिकलसेल एनिमियाको Chain break गर्न आवश्यक कार्यहरु जस्तै Screening, जनचेतना, उपचार आदि) संचालन गर्ने सर्पदंशको उपचार व्यवस्था गर्नु पर्ने ।<br>- ARV को व्यवस्था गर्ने |

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - वडा नं. १३ को आधारभूत स्वास्थ्य केन्द्र भवन खडकवारमा आर्युवेद गाउँघर क्लिनिक संचालन भैरहेको<br>**४. अन्य स्वास्थ्य संस्था र सुविधा**<br>- मेरिस्टोप्स १, प्राकृतिक चिकित्सालय १ (निर्माण अवस्थामा), पिसिआर परिक्षण ल्याव १ संचालनमा रहेको<br>५. एम्बुलेन्स १० वटा संचालनमा रहेको<br>६. २ वटा वास्थ्य चौकीमा बर्थिङ सेन्टर संचालन भएको<br>७. किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था ३ वटा रहेको<br>८. खोप केन्द्र ५ वटा संचालन भैरहेको<br>९. सिकलसेल एनिमिया/थालसेमिया रोगथाम तथा नियन्त्रण कार्यक्रममा रहेको | - सबै स्वास्थ्य संस्थामा क्षय/कुष्ठ रोगको कार्यक्रम संचालन हुन नसकेको<br>- सर्पदंशको उपचार व्यवस्था नभएको<br>- स्वास्थ्य संस्थाहरुमा ARV को व्यवस्था नभएको<br>- आर्युवेद तथा वैकल्पिक चिकित्सा केन्द्रमा पर्याप्त औषधि, योग भवन, आवश्यक कर्मचारी, स्थान तथा कक्ष नभएको<br>- आर्युवेद चिकित्साको प्रचार प्रसार कमी भएको<br>- रुरल फार्मेशी व्यवस्था नभएको | - आर्युवेद र बैकल्पिक चिकित्सा सेवालाई व्यवस्था गर्न देहायका कार्यहरु गर्ने<br>- रुरल फार्मेशीको स्थापना गर्ने ।<br>- योगाभ्यासको लागि योग भवन निर्माण गर्ने ।<br>- योग अभ्याससंगै औषधिको प्रयोग गरी स्वस्थय रहन जनचेतना जगाउने ।<br>- नसर्ने रोग व्यवस्थापन कार्यक्रम लाई प्रभावकारी वनाउन प्रत्येक वडामा कार्यक्रम संचालन गर्ने ।<br>- Covid 19 को रोकथामको लागि रोग प्रतिरोधात्मक आर्युवेद औषधिहरु वितरण गर्ने।<br>- पन्चकर्म कार्यक्रमको सुदृढिकरण गर्ने जस्ता आवश्यक औषधि एवं सामाग्रीहरु खरिद आदि |

## २.३ खानेपानी तथा सरसफाई

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - कोहलपुर साना शहरी खानेपानी उपभोक्त सरसफाई संस्थाले ५ वडा वडाहरुमा सेवा दिइरहेको<br>- डिप बोरिङ प्रविधिमा आधारित भई वडा नं. ६, ८ र ९ र १० मा विराट खानेपानी संस्था, वडा १४ र १५ मा शम्शेरगंज खानेपानी संस्था वडा नं. ३ र ४ रझेना खानेपानी योजना र वडा १२ र १३ केरावारी खानेपानी आयोजना निर्माणाधिन रहेको<br>- खुला दिसापिसाव मुक्त क्षेत्र पालना कार्यान्वियनमा रहेको<br>- निजी सार्वजनिक साझेदारी अन्तर्गत निजि क्षेत्रलाई ल्याण्डफिल साईट व्यवस्थापन जिम्मेवारी प्रदान गरिएको<br>- WASH Plan बन्ने प्रक्रियामा रहेको | - केन्द्रबाट आउने बजेट नआएर खानेपानी आयोजना सम्पन्न हुन नसकेको<br>- पानी शुद्धिकरण गर्ने समस्या रहेको<br>- शुद्ध खानेपानी पिउनुपर्ने बारे जनचतनामा कमी रहेको<br>- दिसाजन्य लेदो फोहोर फाल्ने स्थान नभएको<br>- सार्वजनिक शौचालयको अभाव<br>- बजार क्षेत्रमा घुम्ती शौचालयको व्यवस्था नभएको<br>- सार्वजनिक ठाउँको फोहोर व्यवस्थापन समस्या रहेको | - बन्ने प्रकृयामा WASH Plan तयारी आधारमा बार्षिक योजनामा समावेश गनेृ<br>- दिसाजन्य लेदो फोहोर फाल्ने स्थान र ट्रिटमेन्ट प्लान्ट स्थापन गर्ने ।<br>- सबै वडाहरुमा खानेपानीको पहुँच विस्तार गर्ने ।<br>- सार्वजनिक शौचालय विस्तार र बजार क्षेत्रमा घुम्ती शौचालय संचालन गर्ने<br>- सार्वजनिक ठाउँको फोहोर निजि क्षेत्रको साझेदारीमा व्यवस्थापन गर्ने<br>- सरसफाई एवं स्वच्छ खानेपानी उपयोग र शुद्धीकरण बारे १५ वटै वडामा सचेतना संचालन गर्ने । |

## २.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

| संभावना तथा अवसर | समस्या र चुनौति | संभावना उपयोगको रणनीति |
|---|---|---|
| - महिला विकासको क्षेत्रमा काम गर्ने राष्टिय र स्थानीय संघ/संस्था गैसस) संख्या १८ वटा रहेको | - महिलासँग सम्वन्धित समूह/समिति/सन्जाल क्रियाशिल र व्यवस्थित नहुनु<br>- स्रोत र साधनको न्यून हुनु | - लक्षित वर्गहरुको सञ्जाल निर्माण गरी परिचालन गर्नुपर्ने । |

| | | |
|---|---|---|
